


# बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार

# बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि
# २०७५

(नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (मा. मन्त्रीस्तर) को

मिति २०७५ फाल्गुन १३ गतेको निर्णयबाट स्वीकृत)

**नेपाल सरकार**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**सिंहदरबार**

**नेपाल सरकार**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार

**फोन नं :** ०१४२००३८३
**वेभसाईट :** www.moest.gov.np
**इमेल :** info@moe.gov.np

©: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार

**प्रकाशक:**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार

निर्दिष्ट उद्धरण :

बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार ।

## बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिका सम्बन्धमा

विद्यालय क्षेत्र विकास योजना, सन् २०१६-२०२३ र बृहत् विद्यालय सुरक्षा गुरुयोजना, सन् २०१७ ले परिकल्पना गरेको बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयनका लागि सहजता प्रदान गर्न यो कार्यविधि नेपाल सरकारद्वारा लागू गरिएको छ। विद्यालयको न्यूनतम् सुरक्षा उपायका लागि गर्नुपर्ने क्रियाकलापहरु समेटिएको कार्याविधिले बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि मार्गनिर्देश गर्छ ।

यसको लक्ष्य निम्नलिखित विषयमा उत्थानशीलता अभिवृद्धि गर्ने रहेको छ :

(क) शिक्षक र विद्यार्थीलाई मृत्यु र घाइते हुनबाट बचाउने,

(ख) विपद्पछि विद्यालयलाई निरन्तरता दिनसक्ने वातावरण तयार गर्ने,

(ग) शिक्षामा गरिने लगानीको सुरक्षा सुनिश्चित गर्ने वातावरण बनाउने,

(घ) शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता सशक्तीकरण गर्ने ।

यस कार्यविधिको कार्यान्वयनलाई थप सहज बनाउन सरकारी निकाय र साझेदारहरूका लागि बृहत् विद्यालय सुरक्षाका लागि सञ्चार तथा सम्प्रेषण रणनीतिसमेत तयार गरिएको छ ।

## बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिको उद्देश्य

बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजले गरेको व्यवस्थाअनुरूप देशका सबै भौगोलिक क्षेत्रका सबै तहका निजी र सार्वजनिक विद्यालयको न्यूनतम् सुरक्षा सुनिश्चित गर्न सबै सरोकारवालाको भूमिका र जिम्मेवारी स्पष्ट पार्नु र कार्यान्वयन गर्न सहयोग गर्नु बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिको मूल उद्देश्य रहेको छ। यस कार्यविधिका विशिष्ट उद्देश्य देहाय बमोजिम छन् :

- सम्भावित प्रकोपलाई सम्बोधन गर्नेगरी भौतिक संरचनाको निर्माण, पुनर्निर्माण र प्रबलीकरणलाई सुनिश्चित गर्दै विद्यालयको सुरक्षामा सुधार गर्नु,
- विद्यालय शिक्षाको क्षेत्रमा सङ्घ, प्रदेश, स्थानीय र विद्यालय तहसम्म विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी संस्थागत व्यवस्था सुनिश्चित गर्न सहजीकरण गर्नु,
- बृहत् विद्यालय सुरक्षासम्बन्धी विषयवस्तु पाठ्यक्रममा समावेश गरी पठनपाठन गर्नु र सोको शिक्षण सिकाइ अभ्यासलाई परिष्कृत गरी विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घसम्म सम्प्रेषण गर्न सहजीकरण गर्नु,
- बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजको कार्यान्वयन गर्न विद्यालय र स्थानीय सरकारको क्षमता विकास गरी शिक्षा क्षेत्रका उल्लिखित उद्देश्य पूरा गर्न संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

## बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिका प्रयोगकर्ता

यो कार्यविधि विशेषगरी विद्यालय र स्थानीय सरकारका निमित्त मार्गदर्शन हो । प्रस्तुत कार्यविधि शिक्षा क्षेत्रमा कार्यरत निकाय वा संस्थाहरू, विद्यालय तहमा विपद् जोखिम न्यूनीकरणको विषय समेटर कार्य गरिरहेका विकास साझेदारहरू, शिक्षा क्षेत्रका नीति र योजना निर्माणकर्ताहरू, बृहत् विद्यालय सुरक्षा कार्यक्रमका सहजकर्ताका साथै प्रादेशिक र सङ्घीय सरकारलगायत अन्य सरोकारवालाले समेत उपयोग गर्न सक्नेछन् ।

बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिको पहिलो भागमा परिचय र पृष्ठभूमि समावेश गरिएको छ। दोस्रो भागमा विद्यालय र स्थानीय सरकारका साथै प्रदेश एवम् सङ्घीय सरकारको भूमिका तथा जिम्मेवारी समावेश गरिएको छ। यसमा प्रयोगात्मक र प्राविधिक औजार (Tools) सहित ३० ओटाभन्दा बढी अनसूची समेटिएको छ। यस भागमा बृहत् विद्यालय सुरक्षाका लागि कार्यान्वयन गर्न आवश्यक प्रत्येक क्रियाकलापलाई विस्तृत र चरणबद्ध रूपमा व्याख्या गरिएको छ ।

## १. यस कार्यविधिका पहिलो प्रयोगकर्ता विद्यालय र स्थानीय सरकार हुन्:

- **विद्यालय**

  विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्य, शिक्षक, अभिभावक सङ्घका पदाधिकारी तथा सदस्य, प्रधानाध्यापक, बृहत् विद्यालय सुरक्षा र लैङ्गिक तथा सामाजिक समावेशी सम्पर्क शिक्षक यस कार्यविधिका प्रमुख प्रयोगकर्ता हुन् । यसका साथै अभिभावक र विद्यार्थी सम्बद्ध बालक्लबका सदस्यहरू पनि प्रस्तुत प्योकज तथा कार्यविधि कार्यान्वयन गर्ने पहिलो प्रयोगकर्ता हुन् ।

- **स्थानीय सरकार**

  यस कार्यविधिले निर्वाचित स्थानीय जनप्रतिनिधि र शिक्षा अधिकृत (इन्जिनियर, जिल्ला शिक्षा विकास समन्वय इकाई, स्थानीय सरकारका शिक्षा र विपद् जोखिम न्यूनीकरण समितिसहित) लाई विद्यालय सुरक्षासम्बन्धी विषयलाई प्रभावकारी बनाउन स्रोत विनियोजन, अनुगमन तथा स्थानीय शिक्षा नियम तर्जुमाका लागि मार्गदर्शन गर्नेछ ।

**२. दोस्रो तहका प्रयोगकर्ता (प्रादेशिक र सङ्घीय सरकार)**

- **शिक्षा विकास तथा समन्वय इकाई**

  जिल्लाभित्रका स्थानीय तह, विद्यालय तथा अन्य सामाजिक सङ्घसंस्थाहरूको समन्वयमा सूचना सङ्कलन एवम् सम्प्रेषण, अनुगमन, प्रतिवेदन लगायतका कार्य गर्न दोस्रो प्रयोगकर्ताका रूपमा यो कार्यविधिको उपयोग हुनेछ ।

- **प्रदेश सरकार**

  प्रदेश तहको सामाजिक विकास मन्त्रालय, शैक्षिक तालिम केन्द्र, शिक्षा विकास निर्देशनालय र शिक्षासँग सम्बन्धित सरोकारवालाहरू यस कार्यविधिका दोस्रो तहका प्रयोगकर्ता हुन् । प्रस्तुत कार्यविधिले उनीहरूलाई उपयुक्त नीतिगत वातावरण तयार गर्न, मानक तथा मापदण्डहरूलाई एकीकृत गर्न, निर्णय प्रक्रियालाई सहज बनाउन, स्रोत विनियोजन गर्न, गुणस्तर र जवाफदेहिता सुनिश्चित गर्न तथा शिक्षा व्यवस्थापन सूचना प्रणाली (Education Management Information System-EIMS) का लागि तथ्याङ्कहरूको व्यवस्थापन प्रक्रिया स्थापित गर्न उत्प्रेरक भूमिका निर्वाह गर्नेछ ।

- **सङ्घीय सरकार**

  शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र मन्त्रालयको केन्द्रीय परियोजना कार्यान्वयन इकाई र शिक्षा क्षेत्रसँग सम्बन्धित सङ्घीय सरोकारवालाहरू यस कार्यविधिको दोस्रो तहका उपयोगकर्ता मानिएका छन् । यस समूहले उपयुक्त नीतिगत वातावरण तयार गर्न, मानक तथा मापदण्डहरूलाई एकीकृत गर्न, निर्णय प्रक्रियालाई सहज बनाउन, स्रोत विनियोजन गर्न, गुणस्तर र जवाफदेहिता सुनिश्चित गर्न, शिक्षा व्यवस्थापन सूचना प्रणाली (EIMS) को विकासका लागि तथ्याङ्कहरूको व्यवस्थापन प्रक्रिया स्थापित गर्न आवश्यक सहयोग गर्नेछ ।

माथि उल्लेख भएका पहिलो र दोस्रो तहका प्रयोगकर्ताका अतिरिक्त शिक्षा क्षेत्रसँग सम्बन्ध राख्ने वा शिक्षा क्षेत्रमा कार्य गर्ने विकास साझेदार संस्थाहरू, संयुक्त राष्ट्रसङ्घीय निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था र समुदायमा आधारित संस्थाहरूले बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिको उपयोग सन्दर्भ सामग्रीका रूपमा गर्नेछन् ।

## बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिको प्रयोगविधि

यो कार्यविधि बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज अन्तर्गत विद्यालय सुरक्षा क्रियाकलाप सञ्चालन गर्नका लागि सन्दर्भ सामग्री हो । यस प्याकेजले बृहत् विद्यालय सुरक्षाका तीनओटा महत्त्वपूर्ण स्तम्भलाई आधार मानेको छ । उक्त स्तम्भलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

१.	सुरक्षित सिकाइ सुविधा (Safe Learning Facilities),

२.	विद्यालय विपद् व्यवस्थापन, (School Disaster Management),

३.	विपद् जोखिम न्यूनीकरण तथा उत्थानशील शिक्षा (Disaster Risk Reduction and Resilience Education) l

कार्यविधिले विद्यालय र स्थानीय सरकारको जिम्मेवारीका आधारमा बृहत् विद्यालय सुरक्षा क्रियाकलापलाई वर्गीकरण गरेको छ । यसले स्थानीय तहको योजना तर्जुमा, बजेट विनियोजन, अनुगमन तथा मूल्याङ्कनलाई आधार मानेर तीनओटै स्तम्भका क्रियाकलापलाई एकीकृत रूपमा कार्यान्वन गर्न प्रेरित गर्छ ।

विगतमा विद्यालय सुरक्षाका अन्य स्तम्भको तुलनामा पहिलो स्तम्भलाई धेरै महत्त्व दिइएको थियो । पहिलो स्तम्भ अत्यधिक प्राविधिक भएका कारण सरकारबाहेकका अरू सरोकारवालालाई यसको सफल कार्यान्वयन चुनौतीपूर्ण थियो । त्यसैकारण यस कार्यविधिको कार्यान्वयनका लागि प्रयोगकर्ता केन्द्रित अवधारणाले यस्तो कठिनाइलाई घटाउँदै लैजाने र उत्थानशील शैक्षिक विकासका लागि कार्यविधिले सबै स्तम्भमा उल्लेख भएका क्रियाकलापलाई एकैसाथ कार्यान्वयन गर्न उत्प्रेरित गरेको छ। यस प्रयासले बृहत् विद्यालय सुरक्षालाई निरन्तरता दिने सुनिश्चितता दिन्छ ।

प्रस्तुत कार्यविधिले विद्यालय सुधार योजनाको अद्यावधिक गर्ने क्रममा बृहत् विद्यालय सुरक्षा क्रियाकलापलाई विद्यालय सुरक्षा योजनाभित्र समावेश गर्न मार्गदर्शन गर्नेछ। यसले बृहत् विद्यालय सुरक्षाका लागि स्थानीय सरकारलाई वार्षिक योजना तर्जुमा, स्रोत परिचालन र बजेट विनियोजन गर्नसमेत सहयोग गर्छ ।

कार्यविधिले विद्यालय, स्थानीय, प्रादेशिक र सङ्घीय सरकारहरूले बृहत् विद्यालय सुरक्षासम्बन्धी लक्ष्य कसरी प्राप्त गर्न सक्छन् भन्ने निर्धारण गरेको छ। उनीहरूले विद्यालय सुरक्षाका निमित्त चरणबद्ध क्रियाकलाप सञ्चालन गर्न सक्नेछन् । यसो गरिरहँदा किशोरीहरू, अपाङ्गता भएका बालबालिका, दलित विद्यार्थी, सामाजिक रूपमा पछाडि पारिएका जातजातिका विद्यार्थी, गर्भवती तथा बच्चालाई स्तनपान गराउने शिक्षक र विद्यालय व्यवस्थापन समितिका सदस्यहरूप्रति विशेष ध्यान पुऱ्याउनुपर्ने कुरामा समेत कार्यविधिले जोड दिएको छ ।

यसका प्रयोगकर्ताहरूले यस कार्यविधि र यसका अनुसूचीमा उल्लेख गरिएका क्रियाकलाप र औजारलाई स्थान विषेश तथा स्थानीय प्रकोपका आधारमा आवश्यकता अनुरूप विषयवस्तु परिमार्जन गरी कार्यान्वयन गर्न सक्नेछन् । बृहत् विद्यालय सुरक्षाका लागि आवश्यक पर्ने प्रशिक्षण सामग्रीको विकास स्थानीय प्रकोप र त्यसको सम्भावित प्रभाव तथा अन्य विषयवस्तुमा आधारित भएर गर्न सकिनेछ ।

प्रस्तुत कार्यविधि जीवन्त दस्तावेज हो । आवश्यकता र विकास प्रक्रियासँगै असल अभ्यासहरूलाई आधार मानेर यसमा नियमित रूपमा पुनरावलोकन र परिमार्जन गर्न सकिनेछ ।

यस कार्यविधिको विकासको क्रममा सहयोग गर्ने सबै विकास साझेदारहरु एवं सहकार्य गर्ने व्यक्ति तथा संस्थाहरुलाई धन्यवाद व्यक्त गर्दछौँ ।

# विषयसूची

**बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिको सम्बन्धमा**
(क) बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि
(ख) बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिको उद्देश्य
(ग) बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिका प्रयोगकर्ता
(घ) बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिको प्रयोग

**Acronyms सङ्क्षिप्त शब्दावली**

१. परिचय १
१.१ पृष्ठभूमि १
१.२ विद्यालय सुरक्षाका उपलब्ध औजार र मुख्य कमजोरी २
१.३ बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिको आवश्यकता ३
१.४ बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिको तयारी कसरी भयो ४
२. बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि ५
२.१ विद्यालयका लागि बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि ५
२.१.१ बृहत् विद्यालय सुरक्षालाई विद्यालयमा संस्थागत गर्ने ७
२.१.२ विद्यालयको क्षमता विकास १०
२.१.३ विद्यालयको संरचनात्मक र गैह्रसंरचनात्मक लेखाजोखा गर्ने ११
गैह्रसंरचनात्मक लेखाजोखा गर्न अपनाउनुपर्ने चरणहरू १२
२.१.४ विद्यालयमा न्यूनतम् संरचनात्मक सुरक्षाको पहिचान १३
२.१.५ बृहत् विद्यालय सुरक्षा क्रियाकलाप योजना १३
२.१.६ गैह्रसंरचनात्मक जोखिम अल्पीकरण र पूर्वतयारी क्रियाकलापका विधि १७
२.१.७ उत्थानशील शिक्षा १९
२.१.८ बृहत् विद्यालय सुरक्षासम्बन्धमा विद्यालय परिवार, अभिभावक र स्थानीय समुदायबिच अन्तरक्रिया २२
२.१.९ स्थानीय अधिकारी र सरोकारवालासँग समन्वय २२
२.२ स्थानीय सरकारका लागि बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २३
२.२.१ बृहत् विद्यालय सुरक्षा सम्बन्धमा स्थानीय सरकारको क्षमता विकास २४
२.२.२ विद्यालयमा बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि सहजीकरण २५
२.२.३ बाल संरक्षण, विद्यालय शान्ति क्षेत्र संहिताको विकास र कार्यान्वयनमा सहजीकरण २७
२.२.४ विद्यालयलाई बृहत् विद्यालय सुरक्षा शिक्षणमा सहयोग २७
२.२.५ विद्यालयमा बृहत् विद्यालय सुरक्षा कार्यान्वयनको पर्यवेक्षण २८
२.२.६ स्थानीय अधिकारी र सरोकारवालासँग समन्वय २९
२.३ प्रदेश सरकारका लागि बृहत् विद्यालय सुरक्षा कार्यविधि कार्यान्वयन २९
२.४ सङ्घीय सरकारका लागि बृहत् विद्यालय सुरक्षा कार्यविधि कार्यान्वयन ३०
२.५ बृहत् विद्यालय सुरक्षा कार्यान्वयनको प्रवर्द्धन ३०

**References** ३१

**अनुसूचीहरू खण्ड क**

विद्यालयका लागि बृहत् विद्यालय सुरक्षा कार्यान्वयन औजार ३३

अनुसूची १ : विद्यालय व्यवस्थापन समितिका बृहत् विद्यालय सुरक्षा सम्पर्क सदस्यको कार्य विवरण ३४

अनुसूची २: बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षकको कार्य विवरण ३६

अनुसूची ३: लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षकको कार्य विवरण ३८

अनुसूची ४: शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका सदस्यहरूका लागि बृहत् विद्यालय सुरक्षा अभिमुखीकरण मार्गदर्शन ४०

अनुसूची ५: विद्यालय परिवार, युवा क्लब, बाल क्लब, गैह्रसरकारी संस्था र सामुदायिक संस्थालाई बृहत् विद्यालय सुरक्षा प्रशिक्षण मार्गदर्शन ४१

अनुसूची ६: प्रकोप, सङ्कटासन्नता र क्षमता लेखाजोखा औजार ४३

अनुसूची ७: विद्यालयको संरचना पहिचानका औजार ४६

अनुसूची ८: विद्यालय क्षेत्रमा रहेका प्रकोपको पहिचान र तिनको सम्मुखता लेखाजोखा ४८

अनुसूची ९: विद्यालय भवनबाहेकका सुरक्षा संवेदनशील संरचनाहरू ५०

अनुसूची १०: विद्यालयको संरचनात्मक सुरक्षा र तिनमा भएको त्रासको लेखाजोखा औजार ५२

तह २ को लेखाजोखा ५६

अनुसूची ११: विद्यालय शान्ति क्षेत्र र बाल संरक्षणका लागि चाहिने विषय ५९

अनुसूची १२: बृहत् विद्यालय सुरक्षाका लागि गैह्रसंरचनात्मक अल्पीकरणका तरिका ६०

अनुसूची १३: संरचनात्मक अल्पीकरणका क्रियाकलाप र जिम्मेवार निकायको सूची ६२

अनुसूची १४: विद्यालय सुरक्षा संरचनात्मक सुरक्षा कार्ययोजना औजार ६५

अनुसूची १५: संरचनात्मक कार्यमा गुणस्तर सुनिश्चितता मार्गदर्शन ६६

अनुसूची १६: बृहत् विद्यालय सुरक्षा कार्ययोजना कार्यन्वयनको वार्षिक प्रतिवेदनको ढाँचा ६८

अनुसूची १७: विद्यालय पात्रोमा बृहत् विद्यालय सुरक्षा समायोजन मार्गदर्शन ६९

अनुसूची १८: विद्यालय आपत्कालीन स्थानान्तरण योजना तयारी मार्गदर्शन ७१

अनुसूची १९: विपद् प्रतिकार्यका लागि आधारभूत कार्यविधिमा समावेश हुने विषयहरू ७२

अनुसूची २०: अपाङ्गता भएका मानिसलाई सुरक्षित स्थानमा लैजान ध्यान दिनुपर्ने विषय ७४

अनुसूची २१: बाल संरक्षण र विद्यालय शान्ति क्षेत्र सम्बन्धी आचारसंहितामा समावेश हुने विषयवस्तु ७५

अनुसूची २२: हिंसा वा दुर्व्यवहारबाट पीडित बालबालिकालाई सहयोग गर्ने विधि तथा प्रक्रिया ७६

अनुसूची २३: अभिभावक वा आमाबाबुसँग विद्यार्थीको पुनर्मिलन प्रक्रिया ७७

अनुसूची २४: बृहत् विद्यालय सुरक्षाका सम्बन्धमा विद्यालय व्यवस्थापन समिति र अभिभावकबिच अन्तरक्रिया सत्र सञ्चालन मार्गदर्शन ७८

अनुसूची २५: विपद् प्रतिकार्यका लागि पूर्वतयारी क्रियाकलापको सारसङ्क्षेप ८०

अनुसूची २६: बृहत् विद्यालय सुरक्षा साझेदार तथा सरोकारवालाका सूचीकरण ढाँचा ८१

अनुसूची २७: विद्यालयको प्रशिक्षण आवश्यकता लेखाजोखा गर्न मार्गदर्शन ८२

**अनुसूचीहरू खण्ड ख**


स्थानीय सरकारका लागि बृहत् वद्यालय सुरक्षा कार्यविधि कार्यान्वयन मागैदर्शन आजार ८४

अनुसूची २८: स्थानीय सरकारका विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिको कार्य विवरण ८५

अनुसूची २९: बृहत् विद्यालय सुरक्षाका सम्बन्धमा स्थानीय सरकारका प्रतिनिधिलाई अभिमुखीकरण मार्गदर्शन ८७

अनुसूची ३०: प्रशिक्षकका लागि प्रशिक्षण कार्यक्रमका केही विषयवस्तुको नमुना ८९

अनुसूची ३१: स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बृहत् विद्यालय सुरक्षा योजना तयारीको समायोजनको विधि ९२

अनुसूची ३२: विपद् प्रतिकार्यका लागि स्थानीय सरकारको कार्यसञ्चाल विधिमा समावेश हुनुपर्ने मुख्य विषयसूची ९३

अनुसूची ३३: स्थानीय सरकारले राख्ने स्थानीय साझेदारको सूचीको ढाँचा ९४

अनुसूची ३४: स्थानीय सरकारले कम्तीमा पनि पूर्वभण्डारण गर्नुपर्ने सामग्रीको सूची : ९५

## Acronyms सङ्क्षिप्त शब्दावली

| | | |
|---|---|---|
| B.S. | Bikram Sambat | विक्रम संवत् |
| CBO | Community-based Organization | समुदायमा आधारित संस्था |
| CCDRR | Child-Centred Disaster Risk Reduction Consortium | बालकेन्द्रित विपद् जोखिम न्यूनीकरण |
| CEHRD | Centre for Education and Human Resource Development | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| CLPIU | Central Level Project Implementation Unit | केन्द्रीय आयोजना कार्यान्वयन इकाई |
| CSEB | Compressed Stabilized Earth Block | खाँदेर बनाइएको माटाको इँटा |
| CSS | Comprehensive School Safety | बृहत् विद्यालय सुरक्षा |
| DoE | Department of Education | शिक्षा विभाग |
| DRR | Disaster Risk Reduction | विपद् जोखिम न्यूनीकरण |
| EDCU | Education Development Coordination Unit | शिक्षा विकास तथा समन्वय इकाई |
| EMIS | Education Management Information System | शैक्षिक व्यवस्थापन सूचना प्रणाली |
| GESI | Gender Equality And Social Inclusion | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| HVCA | Hazard, Vulnerability and Capacity Assessment | प्रकोप, सङ्कटासन्नता र क्षमता लेखाजोखा |
| IEC | Information, Education and Communication | सूचना, शिक्षा तथा सञ्चार |
| INGO | International Non-government Organization | अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था |
| LDCRP | Local Disaster and Climate Resilient Plan | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना |
| MoEST | Ministry of Education, Science and Technology | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| NDRC | National Disaster Risk Reduction Centre | राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र |
| NGO | Non-government Organization | गैह्रसरकारी संस्था |
| PTA | Parent–teacher Association | शिक्षक अभिभावक सङ्घ |
| RBC | Reinforced Brick and Concrete | फलामे डन्डी, इँटा र कङ्क्रिट ढलान |
| RCC | Reinforced Concrete Cement | फलामे डन्डी, कङ्क्रिट ढलान |
| SDGs | Sustainable Development Goals | दिगो विकास लक्ष्य |
| SDMC | School Disaster Management Committee | विद्यालय विपद् व्यवस्थापन समिति |
| SDRMP | School Disaster Risk Management Plan | विद्यालय विपद् जोखिम व्यवस्थापन योजना |
| SIP | School Improvement Plan | विद्यालय सुधार योजना |

| | | |
|---|---|---|
| SMC | School Management Committee | विद्यालय व्यवस्थापन समिति |
| SOP | Standard Operating Procedure | आधारभूत कार्यसञ्चालन विधि |
| SSDP | School Sector Development Plan | विद्यालय क्षेत्र विकास योजना |
| SZOP | Schools as Zones of Peace | विद्यालय शान्ति क्षेत्र |
| TNA | Training Needs Assessment | प्रशिक्षण आवश्यकता लेखाजोखा |
| ToR | Terms of Reference | कार्य विवरण |
| UNICEF | United Nations Children Fund | संयुक्त राष्ट्रसङ्घीय बालकोष |
| UNISDR | United Nations Office for Disaster Risk Reduction | विपद् जोखिम न्यूनीकरणका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय |

## प्रयोग गरिएका केही प्रमुख शब्दावली

| | |
|---|---|
| बाल संरक्षण | बालबालिकालाई हिंसा, शोषण, गालीगलौज, दुर्व्यवहार र अवहेलनाबाट संरक्षण प्रदान गर्नु । |
| बृहत् विद्यालय सुरक्षा | सुरक्षित सिकाइ सुविधालाई सुनिश्चित गर्न लैङ्गिक समानता, बालमैत्री, अपाङ्गता मैत्री र समावेशी मान्यता अनुरूप विद्यालय विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण तथा उत्थानशील शिक्षाका लागि एकीकृत क्रियाकलापको बृहत् अवधारणा । |
| बृहत् विद्यालय सुरक्षा/विपद् जोखिम न्यूनीकरण | विद्यालय, स्थानीय सरकार तथा वडा तहमा सञ्चालन हुने विपद् जोखिम न्यूनीकरणका लागि समाविष्ट बृहत् विद्यालय सुरक्षाका क्रियाकलाप । |
| बृहत् विद्यालय सुरक्षा योजना | निम्नलिखित विषय समावेश गरी विद्यालयले तयार गरेको कार्ययोजना रहने छ :<br>(क) जोखिम न्यूनीकरण क्रियाकलाप<br>(ख) प्रतिकार्यका लागि पूर्वतयारी क्रियाकलाप<br>(ग) बाल संरक्षण क्रियाकलाप<br>(घ) विद्यालय निरन्तरता योजना क्रियाकलाप ।<br>उल्लिखित योजना छुट्टै नभएर विद्यालय सुधार योजनाको एक अभिन्न अङ्ग हुनेछ । |
| बृहत् विद्यालय सुरक्षा सम्पर्क सदस्य | बृहत् विद्यालय सुरक्षा तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी क्रियाकलाप सञ्चालन, समन्वय र रेखदेखका लागि विद्यालय व्यवस्थापन समितिबाट जिम्मेवारी तोकिएको विद्यालय व्यवस्थापन समितिका सदस्य यसका सदस्य हुने छन् । |
| बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्ति | स्थानीय सरकारको वन, वातावरण, फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन शाखा हेर्ने अधिकृत, जसले समुदाय र विद्यालयमा सञ्चालन हुने बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरणसम्बन्धी क्रियाकलाप सञ्चालनका लागि सम्पर्क बिन्दुका रूपमा कार्य गर्छन् । |
| बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षक | विद्यालयमा बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरणसम्बन्धी क्रियाकलाप सञ्चालनमा सहयोग पुऱ्याउने जिम्मेवारी प्राप्त गरेका शिक्षक सम्पर्क शिक्षक हुने छन् । |
| बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज | देशभर रहेका सबै विद्यालयहरूमा न्यूनतम् तहको सुरक्षा सुनिश्चित गर्न तयार गरिएको दस्तावेज, जसमा कम्तीमा पनि १६ ओटा क्रियाकलाप सञ्चालन गर्नुपर्नेगरी तोकिएको छ । |
| भैपरी आउने योजना | सम्भावित आपत्कालीन अवस्थाको विश्लेषण गरी त्यस्तो अवस्थामा प्रभावकारी र दक्षताका साथ प्रतिकार्य गर्नका लागि कार्य विभाजनसहित पहिले नै तयार गरिएको योजना भैपरी आउने योजना हो । यो योजना विद्यालय, संस्था, स्थानीय सरकार, समुदाय जस्ता कुनै पनि तहमा तयार गर्न सकिन्छ । |
| शिक्षा निरन्तरताको योजना | विपद्का कारण विद्यालय बन्द भएमा विपद् भएको एक हप्तापछि विद्यालय नियमित र सामान्य रूपमा सञ्चालन गर्नेगरी तयार गरिएको योजना शिक्षा निरन्तरताको योजना हो । |
| शैक्षिक व्यवस्थापन सूचनाप्रणाली (EMIS) | विद्यालय शिक्षासम्बन्धी जिल्ला, भौगोलिक क्षेत्र र प्रदेशहरूमा उमेर, वर्ग, अपाङ्गता जस्ता विस्तृत विवरण खुल्ने सूचनाको सङ्कलन, व्याख्या, प्रस्तुति र प्रयोग गर्न स्थापना गरिएको सूचना प्रणाली EMIS हो । यो प्रणाली स्थानीय, जिल्ला, प्रदेश र राष्ट्रिय तहमा गरिने तथ्याङ्कमा आधारित शैक्षिक योजना तयारी र अनुगमनका लागि महत्त्वपूर्ण औजार हो । |

| | |
|---|---|
| लैङ्गिक समानता र सामाजिक समावेशी सम्पर्क शिक्षक | विद्यालयमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्ने कार्यको जिम्मेवारी पाएको विद्यालय शिक्षक नै सम्पर्क शिक्षक हो । |
| प्रकोप | डरलाग्दा घटना, वस्तु, मानवीय क्रियाकलाप वा परिस्थितिका कारणले मानिसको जीवन क्षति हुने, घाइते हुने, स्वास्थ्यसम्बन्धी असरहरू पर्ने, सम्पत्तिको क्षति, जीविकोपार्जनका साधन तथा सेवाहरूमा नोक्सानी, सामाजिक तथा आर्थिक गतिरोध वा वातावरणीय ह्रासममेत हुने सम्भावना रहन्छ (विपद्सम्बन्धी शब्दावली, संयुक्त राष्ट्रसङ्घ विपद् न्यूनीकरण सचिवालय, २००९) । |
| विपद् | प्राकृतिक वा गैह्रप्राकृतिक घटनाबाट कुनै पनि स्थानमा आपत्कालीन अवस्था उत्पन्न भई जनधनको क्षतिका साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर परेको (प्राकृतिक वा गैह्रप्राकृतिक कारणले उत्पन्न घटनाबाट जनजीवन अकस्मात् अस्तव्यस्त बन्ने विपत्तिपूर्ण) अवस्था हो । यस्तो अवस्थामा मानिसले धेरै दुःख पाउँछन् । तसर्थ, उनीहरूलाई सुरक्षा, खाना, लुगाफाटो, आवास, औषधिउपचार तथा सामाजिक सेवाजस्ता दैनिक जीवनमा नभई नहुने वस्तु र सेवा बाहिरबाट पूर्ति गर्नु आवश्यक हुन्छ । |
| प्रकोप, सङ्कटासन्नता र क्षमता लेखाजोखा (HVCA) | सहभागितामूल पद्धतिद्वारा प्रकोपको मापन, प्रकोपप्रति मानिसको सम्मुखता र प्रकोपको सामना गर्ने मानिसको क्षमताको लेखाजोखा यस अन्तर्गत पर्छ । |
| स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना | विपद् र जलवायु परिवर्तनको सामना गरी उत्थानशीलता अभिवृद्धिका लागि स्थानीय सरकारले तयार गर्ने मध्यकालीन योजनालाई स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा समेटिन्छ । |
| विद्यालय शान्तिक्षेत्र | द्वन्द्व र द्वन्द्वपछिको अवस्थामा विद्यालयमा बालक र बालिकाको संरक्षण, शिक्षामा पर्ने बाधाको निवारण, सुरक्षित सिकाइ वातावरणको संरक्षण एवम् त्यसका लागि समुदायसहित विद्यालय व्यवस्थापन, बालबालिकामा चेतना अभिवृद्धि, शिक्षा प्रणालीको संरक्षणमा स्थानीय तथा राष्ट्रिय सरकारको सहभागिताका लागि नेपाल सरकारबाट भएको प्रतिबद्धतालाई विद्यालय शान्ति क्षेत्रको अवधारणाभित्र समेटिन्छ । |
| सङ्कटासन्नता | कुनै समुदाय, प्रणाली वा स्रोत संसाधनलाई प्रकोपका घातक प्रभावप्रति विशेष रूपले संवेदनशील बनाउने प्रकोपको गुण, विशेषता एवम् परिवेशलाई सङ्कटासन्नता भित्र समावेश गरिन्छ । |
| विद्यालय सुधार योजना कार्यसमूह | विद्यालय सुधार योजनाको निर्माण र वार्षिक रूपमा पुनरावलोकन गरी अद्यावधिक गर्ने कार्यका लागि जिम्मेवारीसहित गठन भएको समूहलाई विद्यालय सुधार योजना कार्यसमूह भनिन्छ । |
| विद्यालय परिवार | विद्यालय परिवारमा शिक्षक, विद्यार्थी, विद्यालयका अन्य कर्मचारी, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू र अभिभावक, शिक्षक सङ्घ र स्थानीय समुदायका प्रतिनिधिसहित समावेश रहेको समूहलाई समेटिन्छ । |
| विद्यालय व्यवस्थापन समितिका बृहत् विद्यालय सुरक्षा सम्पर्क सदस्य | विद्यालय व्यवस्थापन समितिबाट बृहत् विद्यालय सुरक्षा र विपद् व्यवस्थापन हेर्नेगरी तोकिएको समितिको सदस्य, जो बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि पूर्ण रूपमा जिम्मेवार हुन्छ । |
| सम्मुखता | प्रकोप हुने सम्भावित क्षेत्रमा रहेका मानिस, धनमाल, संयन्त्र वा अन्य तत्त्वहरू जो प्रकोपतर्फ उन्मुख हुन्छन् र सम्भावित क्षति बेहोर्नुपर्ने अवस्थामा हुन्छन् । |

# १. परिचय

## १.१ पृष्ठभूमि

बृहत् विद्यालय सुरक्षा गुरुयोजनाले प्रत्येक बालबालिकाको अधिकार र गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित गर्ने लक्ष्य लिएको छ (MoEST2017) । सरकारले विद्यालय क्षेत्र विकासका लागि रणनीतिक रूपमा विद्यालय क्षेत्र विकास योजना (२०१६/१७-२०२२/२३) लागू गरेको छ । बृहत् विद्यालय सुरक्षामा विपद् उत्थानशीलता अभिवृद्धि गर्नु यस योजनाको महत्त्वपूर्ण कार्य हो । यस कार्यलाई सुनिश्चित गर्न बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज निर्माण गरी प्रत्येक विद्यालयको सुरक्षा सुनिश्चित गर्न स्थानीय तह, प्रादेशिक र सङ्घीय सरकारको भूमिका निर्धारण गरेको छ (CEHRD 2018a)।

नेपालमा निरन्तर दोहोरिने प्रकोपका कारण विद्यालयका संरचनामा हुने क्षति, शिक्षण सिकाइमा हुने अवरोध, विद्यार्थीले विद्यालय छोड्न बाध्य हुने अवस्था र स्थानीय समुदायको उत्थानशीलता अभिवृद्धिमा आउने अवरोध मननीय पक्ष हुन् । परिणामस्वरूप विद्यार्थीले विद्यालयमा सुरक्षित र गुणस्तरीय सिकाइ वातावरण प्राप्त गर्न सकिरहेका छैनन् ।

विद्यालय सुरक्षाका निमित्त विपद् जोखिम न्यूनीकरण र उत्थानशीलताका लागि विश्वव्यापी सञ्जाल र संयुक्त राष्ट्रसङ्घीय विपद् जोखिम न्यूनीकरण सचिवालयले बृहत् विद्यालय सुरक्षा ढाँचा तयार गरेको छ (चित्र १) । यस ढाँचामा सुरक्षित सिकाइ सुविधा, विद्यालय विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण र उत्थानशील शिक्षासहितका तीनओटा आधारस्तम्भ रहेकाछन् । नेपालको शिक्षा क्षेत्रलाई सुरक्षित र गुणस्तरीय सिकाइ वातावरण विकासका निमित्त उल्लिखित तीनओटा आधारस्तम्भले लिएको लक्ष्य प्राप्त गर्न शिक्षा क्षेत्रका नीति, ऐन, नियम र सङ्घीय, प्रादेशिक र स्थानीय तहका योजनाका साथै स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा समायोजन गर्नु आवश्यक रहेको छ । यसका लागि शिक्षा क्षेत्रको प्रकोप लेखाजोखा गर्दा बालबालिकालाई केन्द्रमा राख्नु जरुरी छ ।




चित्र १ : बृहत् विद्यालय सुरक्षा कार्यढाँचा (UNISDR and GADRRRES, 2017)

विश्वव्यापी रूपमा विद्यालय सुरक्षाको विषय सन् १९९७ बाट उठेको भए पनि नेपालमा यसलाई विपद् जोखिम न्यूनीकरणका लागि प्राथमिकता प्राप्त कार्यक्रम सन् २०११ ले स्वीकार गरेर अघि बढाएको थियो । तथापि विद्यालय सुरक्षाको विषय नीतिगत रूपमा मूलप्रवाहीकरण भइनसकेका कारण सुरक्षित विद्यालयको अभियानबाट नेपालले यथेष्ठ लाभ भने पाउन सकेन । परिणामस्वरूप बृहत् विद्यालय सुरक्षा सम्बन्धमा शिक्षा क्षेत्रका सरोकारवालाहरू अर्थात् विद्यालय व्यवस्थापन समिति र स्थानीय सरकार अहिलेसम्म पनि पूर्ण जानकार हुन सकेका छैनन् ।

विपद् जोखिम न्यूनीकरणका कार्यले अझैसम्म पनि प्राथमिकता नपाएका कारण यसलाई अतिरिक्त कार्यका रूपमा लिने गरिएको छ । तथापि विकास साझेदारहरूद्वारा सहयोग प्रदान गरिएका सीमित परियोजनाहरू र नेपाल जोखिम न्यूनीकरण सहयोग समूह (सन् २०११-२०१५) को प्राथमिकता प्राप्त कार्यक्रम १ ले विद्यालयको भौतिक संरचनाको प्रबलीकरणका कार्यमा जोड दियो । तर पनि यस कार्यक्रमले बृहत् विद्यालय सुरक्षाका अन्य पक्षलाई सम्बोधन गर्न सकेन । गोरखा भूकम्प २०७२ पछि वर्तमान समयमा भइरहेको शिक्षा क्षेत्रको पुनःस्थापनको कार्यक्रममा समेत विद्यालय सुरक्षाको पहिलो आधारस्तम्भ सुविधायुक्त सुरक्षित विद्यालयले मात्र प्राथमिकता पाएको छ ।

नेपाल सरकारले सन् २००८ देखि नै विपद् जोखिम न्यूनीकरण र विद्यालय सुरक्षासम्बन्धी नीतिगत व्यवस्थाका लागि पहल गर्दै आएको छ । विद्यालय क्षेत्र सुधार योजनाको समयावधि सन् २०११[१] मा शिक्षा विभागमा विपद् व्यवस्थापन शाखाको स्थापना भएको थियो । विद्यालय क्षेत्र विकास योजनाबाट पहिचान भएका विभिन्न पाँच ओटा क्षेत्रमध्ये विद्यालय सुरक्षा र उत्थानशील शिक्षाको प्रवर्द्धनलाई विद्यालय शिक्षाको महत्त्वपूर्ण क्षेत्रका रूपमा स्वीकार गरियो ।

शिक्षा मन्त्रालयले सन् २०१७ मा विपद् जोखिम न्यूनीकरण र उत्थानशीलताका निमित्त संयुक्त राष्ट्रसङ्घीय विपद् जोखिम न्यूनीकरण सचिवालयद्वारा गरिएको पहलअनुरूप सुरक्षित विद्यालयका तीन आधारस्तम्भ र बृहत् विद्यालय सुरक्षा ढाँचा अन्तर्गत बृहत् विद्यालय सुरक्षा गुरुयोजना तर्जुमा गऱ्यो । गुरुयोजनामा बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज, बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि र बृहत् विद्यालय सुरक्षा सूचना तथा सञ्चार रणनीति जस्ता तीनओटा दस्तावेजले बृहत् विद्यालय सुरक्षाको न्यूनतम् प्याकेजको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक औजार र विधिसहित सहजीकरण गर्नेछ ।

## १.२ विद्यालय सुरक्षाका उपलब्ध औजार र मुख्य कमजोरी

विद्यालय सुरक्षाका सम्बन्धमा सरकारले धेरै प्रकारका दस्तावेजहरूको निर्माण गरेको छ । यसैगरी संयुक्त राष्ट्रसङ्घीय निकायहरू, अन्तर्राष्ट्रिय र राष्ट्रिय गैह्रसरकारी संस्थाहरू, समुदायमा आधारित संस्थाहरूले सरकारसँगको समन्वय एवम् सहमतिमा विद्यालय सुरक्षासम्बन्धी थुप्रै प्रकारका औजार र विधिहरूको विकास तथा विस्तार गर्दै आएका छन् । सरकारका केही महत्त्वपूर्ण दस्तावेजहरू निम्नअनुसार रहेका छन् :

- गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय कार्यढाँचा (शिक्षा विभाग २०१०),
- विद्यालय सुधार योजनाको वार्षिक पुनरावलोकनका लागि समपूरक प्रशिक्षण पुस्तिकाका लागि विपद् पूर्वतयारी सन्दर्भ सामग्री (शिक्षा विभाग २०१६b);
- नेपाल शिक्षा विषयगत क्षेत्रको भैपरी आउने योजना (शिक्षा विभाग २०१७b);
- विद्यालय सुधार योजना विकास कार्यविधि, (शिक्षा विभाग २०१७a);
- नेपाल सुरक्षित विद्यालय नीति, (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०१७, मस्यौदा);
- बृहत् विद्यालय सुरक्षा गुरुयोजना (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०१७);
- बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज, (शिक्षा तथा मानव स्रोत विकास केन्द्र २०१८a) ।

१ Note that the DoE is now called the Centre for Education and Human Resource Development (CEHRD).

त्यसैगरी विभिन्न विकास साझेदारहरूले नेपाल सरकारको समन्वय तथा सहमतिमा विद्यालय सुरक्षासँग सम्बन्धित विभिन्न सामग्री तयार गरी प्रयोग गर्दै आएका छन् । उक्त सामग्री निम्नअनुसार रहेका छन् :

**बक्स १: विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरणका लागि सन्दर्भसामग्री, मापदण्ड र कार्यविधिहरू:**

- विद्यालय सुरक्षाका लागि साझेदारी, सेभ द चिल्ड्रेन (२०१७/१८);
- विद्यालय सुरक्षा र शिक्षकको व्यवसायिक विकास प्रशिक्षण पुस्तिका र शिक्षक स्रोत पुस्तिका; बालकेन्द्रित विपद् जोखिम न्यूनीकरण सहयोग समूहको सहयोगमा शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा तयार विद्यालय सुरक्षा विकास प्रशिक्षण पुस्तिका (२०१६/१७);
- बालकेन्द्रित विपद् जोखिम न्यूनीकरण सहयोग समूहद्वारा विकास भएको सुरक्षित विद्यालय विकासका लागि प्रधानाध्यापक प्रशिक्षण पुस्तिका (२०१६);
- विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन प्रशिक्षण पुस्तिका, नेपाल सरकार शिक्षा विभाग, युनिसेफ र भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल, २०१५;
- सुरक्षित विद्यालय नीति र अभ्यास: असल अभ्यासका पहल, कमजोरी, कार्यान्वयन र आगामी कार्यदिशा, प्लान इन्टरनेसनल नेपाल (२०१३);
- सुरक्षित विद्यालय सन्दर्भसामग्री, प्लान इन्टरनेसलन नेपाल, २०१३;
- नेपालमा विद्यालय सुरक्षाका लागि विपद् पूर्वतयारी परियोजना र नेपाल रेडक्रस सोसाइटी, २०१२;
- तराईका लागि विद्यालय सुरक्षा मापदण्ड कार्यविधि, नेपाल सरकार शिक्षा विभाग, मर्सीकोर, एक्सनएड इन्टरनेसनल नेपाल, राष्ट्रिय प्रकोप न्यूनीकरण केन्द्र, २०१३;
- विद्यालय सुरक्षा सहजीकरण पुस्तक, एक्सनएड नेपाल, २०१०;
- विद्यालय सुरक्षा अवधारणा, एक्सनएड नेपाल, २००७ ।

यद्यपि उल्लिखित पहलहरू सम्बन्धित क्षेत्रमा पूर्ण रूपले मूलप्रवाहीकरण हुन नसकेको सन्दर्भमा एकीकृत रूपमा नियमित कार्यक्रममा समायोजन गर्दै जानु आवश्यक देखिएको छ । विभिन्न क्षेत्रबाट विकास गरिएका अधिकांश औजारहरू आ-आफ्ना विशेष परियोजनाका सन्दर्भमा विकास भएर सीमित क्षेत्रमा उपयोग पनि भए । यी दस्तावेजहरू परियोजनाको भौगोलिक कार्य क्षेत्र र उद्देश्य प्राप्तिमा लक्षित रहेका कारण विद्यालय सुधार योजनाभित्र समावेश हुन सकेनन् । त्यसकारण उपयुक्त देखिएका दस्तावेजलाई विद्यालय सुधार योजनामा समायोजन गरेर बृहत् विद्यालय सुरक्षा कार्यान्वयनलाई उपलब्धिमूलक बनाउन आवश्यक रहेको छ ।

यस सन्दर्भमा विद्यालयहरूले आफ्ना स्थानीय सरकारसँग सामान्यतया निम्नअनुसारका सहयोगको अपेक्षा गरेका हुन्छन् :

- इन्जिनियरको प्राविधिक सहयोग; स्वास्थ्य; खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन, वातावरण र हिंसा, प्रयोग, अपहेलना र बेवास्ताबाट बालबालिकाको संरक्षणका लागि प्रतिबद्धता,
- सामग्री वा नगदमा आर्थिक सहयोग,
- विद्यालय सुधार योजना अद्यावधिकीकरण, विद्यालय शान्ति क्षेत्र घोषणा, बाल संरक्षण र बृहत् विद्यालय सुरक्षा क्रियाकलाप अनुगमन तथा व्यवस्थापनका लागि सहयोग,
- मानव स्रोतपुस्तक, पाठ्यसामग्री, सूचना, शिक्षा एवम् सूचना तथा सञ्चार सामग्रीको सहयोग ।

## १.३. बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिको आवश्यकता

बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिले देशभरका सबै विद्यालयमा बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजले निर्धारण गरेको न्यूनतम् मापदण्ड सुनिश्चित गरी सुरक्षित सिकाइ वातावरण तयार गर्न सहज वातावरण तयार गर्छ । यसले विद्यालय र स्थानीय सरकारलाई न्यूनतम् प्याकेज कसरी कार्यान्वयन गर्ने भन्ने कुरामा मार्गदर्शन गर्छ । सुरक्षित सिकाइ वातावरणयुक्त शिक्षामा बालबालिकाको अधिकार सुनिश्चित गर्ने

नेपालको संविधानको प्रतिबद्धता र सुरक्षित विद्यालय नीति (मस्यौदा), बालमैत्री विद्यालय राष्ट्रिय कार्यढाँचा (शिक्षा विभाग, २००१)का लागि पैरवी र मस्यौदा सुरक्षित विद्यालय नीति (शिक्षा मन्त्रालय २०१७) यसले सम्बोधन गर्छ । कार्यविधिले विद्यालय सुरक्षा क्रियाकलापको चरणबद्ध तयारी र स्थानीय सरकारको वार्षिक योजनामा प्रवेश गराउन उत्प्रेरित गर्छ ।

कार्यविधिले विद्यालयका सम्भावित प्रकोपको लेखाजोखाका लागि, विपद्को सामनाका लागि स्रोतको उपलब्धता, विद्यालय विपद् व्यवस्थापन योजना तर्जुमा, विद्यालयको विपद् जोखिम व्यवस्थापनका लागि योजनालाई विद्यालय सुधारयोजनामा समावेश गर्न उत्कृष्ट विचार प्रस्तुत गर्छ । यसका साथै यसले स्थानीय तहमा शैक्षिक निरन्तरता र आपत्कालीन समयका लागि शिक्षालाई समेत समेट्छ ।

## १.४ बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिको तयारी कसरी भयो ?

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD) ले युनिसेफ (UNICEF) र राष्ट्रिय प्रकोप व्यवस्थापन केन्द्र (NDRC) को प्राविधिक सहयोगमा निम्नलिखित चार चरण पूरा गरी यो कार्यविधि तयार गरेको छ (चित्र २):




चित्र २: बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि तयारी प्रक्रिया

### (क) दस्तावेजहरूको पुनरावलोकन

प्रारम्भिक चरणमा मौजुदा बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिको मस्यौदाको पुनरावलोकन गरी स्वीकृत बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजसँग कति मेल खान्छ वा के भिन्नता छ र कुन हदसम्म परिमार्जन गर्न सकिन्छ भनेर अध्ययन गरियो । यस सन्दर्भमा वर्तमान समयमा सङ्घ, प्रदेश र स्थानीय तहका रूपमा भएको राजनीतिक र प्रशासनिक परिवर्तन, त्यसका आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र यस अन्तर्गतका सङ्गठन संरचनामा आएको परिवर्तनलाई आधार मानेर निम्नलिखित दस्तावेजको समीक्षात्मक अध्ययन गरियो :

- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा कार्यविधि (मस्यौदा), २०७४ (MoFALD 2018)
- विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका लागि कार्यविधि (मस्यौदा), २०७५ (DoE 2018d)।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (MoFALD 2017)
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति र रणनीतिक कार्ययोजना, २०७५(MoHA 2017b);
- नेपाल विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, काठमाडौँ : गृह मन्त्रालय (MoHA २०१७ a) ।
- नेपालमा विद्यालय भवन डिजाइनका प्रकारसम्बन्धी कार्यविधि, २०७३ (DoE 2016a)

### (ख) अन्तरक्रिया र परामर्शमार्फत् सूचना सङ्कलन

बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिलाई प्रयोगकर्ता मैत्री बनाउने सन्दर्भलाई समेत अगाडि सारेर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाई, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र काठमाडौँ महानगरपालिकाको शिक्षा इकाईसँग छलफल गरियो । कार्यविधिको मस्यौदामाथि जापान सहयोग नियोग, संयुक्त राष्ट्रसङ्घीय बालकोष, नेपाल सुरक्षित विद्यालय परियोजना समूह (अन्तर्राष्ट्रिय सहयोग विभागद्वारा सहयोग प्राप्त), एसियाली विकास बैङ्क, बालकेन्द्रित विपद् जोखिम न्यूनीकरण समूह र विद्यालय व्यवस्थापन समितिको महासङ्घलगायत प्रमुख साझेदारहरूसँग परामर्श गरी पृष्ठपोषण लिइयो ।

### (ग) जानकारीको प्रमाणीकरण

विभिन्न सरोकारवालासँगको परामर्शका आधारमा पृष्ठपोषण सङ्कलन, शङ्करापुर नगरपालिकामा भ्रमण र द्वितीय स्रोतबाट जानकारी टिपोट गरी बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज र मस्यौदा कार्यविधि माथि

अन्तरक्रिया गरियो । पृष्ठपोषण र सुझाव लिनका लागि एक सरकारी विद्यालय, एक निजी विद्यालय र नगरपालिकाको शिक्षा शाखामा भेटघाट र छलफल गरी प्राप्त सुझाव र पृष्ठपोषणलाई कार्यविधिमा समावेश गरियो । यसका साथै विद्यालय व्यवस्थापन समिति (SMC), अभिभावक, शिक्षक सङ्घ (PTA) का सदस्यहरू, विद्यार्थीहरू र अभिभावकहरूसँग छुट्टाछुट्टै लक्षित समूह छलफल गरियो । प्राप्त सुझावलाई कार्यविधिमा सम्बोधन गरियो ।

**(घ) संश्लेषण, विश्लेषण र परिमार्जन**

विभिन्न क्षेत्रबाट सङ्कलन भएका तथ्याङ्क, सूचना र जानकारीको संश्लेषण तथा विश्लेषण गरी स्वीकृत बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज र बृहत् विद्यालय सुरक्षा गुरुयोजनाअनुरूप हुनेगरी परिमार्जन र सम्पादन गर्ने कार्य गरियो । विद्यालय व्यवस्थापन समिति र स्थानीय सरकारका लागि प्रयोगकर्ता मैत्री होस् भन्ने दृष्टिकोण सहित कार्यान्वयन योग्य उपयुक्त औजार र विधिहरूको सूची तयार गरियो । बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिको परिमार्जित स्वरूपलाई शिक्षा क्षेत्रमा कार्यरत राष्ट्रिय तहका सरोकारवालासमक्ष प्रस्तुत गरी निर्णायक पृष्ठपोषण र सुझाव सङ्कलन गरियो । यसरी प्राप्त सुझावलाई समायोजन गरेर कार्यविधि तयार गरियो ।

## २. बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि

यस कार्यविधिले न्यूनतम् प्याकेजको खण्ड ६ मा विस्तृत रूपमा दिएको बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजमा उल्लेख भएका १६ ओटा विद्यालय सुरक्षा क्रियाकलापको कार्यान्वयनका लागि मार्गदर्शन गर्छ । न्यूनतम् प्याकेजले विद्यालय सुरक्षाका लागि महत्त्वपूर्ण मानिएका क्रियाकलापलाई बृहत् विद्यालय सुरक्षा कार्यढाँचाका तीन ओटा स्तम्भ (Pillars) का आधारमा वर्गीकरण गरेको छ । यस कार्यविधिले विद्यालय र स्थानीय सरकारको भूमिकाका आधारमा क्रियाकलापको वर्गीकरण गरेको छ । यसले यसलाई कम प्राविधिक र जटिल नबनाएर प्रयोगकर्तामैत्री बनाउने प्रयास गरेको छ ।

नेपाल सरकारद्वारा प्रतिबद्धता जनाइएको विद्यालय शान्ति क्षेत्रको प्रवर्द्धन र बाल संरक्षण (बालबालिकामाथि हुने हिंसा, शोषण, दुरूपयोग र अवहेलनाबाट बचाउन), साझेदार र समुदायको क्षमता विकासका विधि बृहत् विद्यालय सुरक्षाभित्र समावेश गर्नुपर्छ ।

कार्यविधिको यस खण्डले विद्यालय सुरक्षाका लागि विद्यालय र स्थानीय सरकारले गर्नुपर्ने न्यूनतम् क्रियाकलाप सञ्चालन गर्न मार्गदर्शन गर्छ । सम्बन्धित विवरण र औजारहरू अनुसूचीहरूमा दिइएको छ ।

सम्भव भएसम्म यस कार्यविधिका क्रियाकलापको कार्यान्वयनका लागि निर्धारित क्रियाकलापलाई पाठ्यक्रम र अतिरिक्त क्रियाकलापले समेटेसम्मका क्षेत्रसँग अन्तरसम्बन्धित बनाई अनिवार्य रूपमा विद्यार्थीलाई सहभागी गराउनु पर्छ ।

### २.१ विद्यालयका लागि बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि

विद्यालयले बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि समग्र कार्य चित्र ३ मा प्रस्तुत गरिएको छ । कार्यान्वयनका लागि विस्तृत रूपरेखा तल उपखण्ड २.१.१ देखि २.१.९ मा दिइएको छ ।

विद्यालयले बृहत् विद्यालय सुरक्षा योजनाको तयारी गर्न, वार्षिक रूपमा अद्यावधिक गर्न र कार्यान्वयन गर्नका लागि बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षकलाई विद्यालयले उपयुक्त वातावरण तयार गरी सहयोग गर्नुपर्छ । यसरी तयार गरिएका योजनाहरू विद्यालय सुधार योजनाका अभिन्न अङ्ग हुनेछन् र पहिले तयार भएका योजनालाई यसअनुरूप विकास गरी प्रत्येक वर्ष नयाँ शैक्षिक सत्र सुरु भएको दुई महिना (वैशाख र जेठ) भित्र अद्यावधिक गर्नुपर्नेछ । बृहत् विद्यालय सुरक्षा योजनाका प्रमुख क्रियाकलापलाई विद्यालयको वार्षिक पात्रोमा समावेश गर्नुपर्नेछ । सुझाव गरिएका बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरणसम्बन्धी क्रियाकलाप कार्यान्वयन तरिका टेबुल १ मा दिइएको छ ।




चित्र ३: विृहत् विद्यालय सुरक्षाका लागि विद्यालय तहमा गरिने नौओटा कार्य

**टेबुल १ : बृहत् विद्यालय सुरक्षासम्बन्धी विद्यालय तहका नौ ओटा कार्य**

| क्र.सं. | प्रमुख कार्य | महिना |
|---|---|---|
| १. | विद्यालयमा बृहत् विद्यालय सुरक्षालाई संस्थागत गर्ने | चैत-वैशाख (मार्च/अप्रिल-अप्रिल/मे) |
| २. | बृहत् विद्यालय सुरक्षाका लागि विद्यालयको क्षमता विकास गर्ने | कात्तिक-फागुन (अक्टोबर/नोभेम्बर-फेब्रुअरी/मार्च) |
| ३. | विद्यालयको संरचनात्मक तथा गैह्रसंरचनात्मक लेखाजोखा गर्ने | वैशाख-जेठ (अप्रिल/मे - मे/जुन) |
| ४. | विद्यालयको न्यूनतम् संरचनात्मक सुरक्षा पहिचान गर्ने | जेठ (मे/जुन) |
| ५. | बृहत् विद्यालय सुरक्षा क्रियाकलाप योजना तर्जुमा | जेठ (मे/जुन) |
| ६. | संरचनात्मक, गैह्रसंरचनात्मक, अल्पीकरण र पूर्वतयारी क्रियाकलाप सञ्चालन | असोज-चैत (सेप्टेम्बर/अक्टुबर-मार्च/अप्रिल) |
| ७. | विद्यार्थी, शिक्षक र विद्यालयमा उत्थानशीलता अभिवृद्धि | असोज-फागुन (सेप्टेम्बर/अक्टुबर-फेब्रुअरी/मार्च) |
| ८. | विद्यालय परिवार[२], अभिभावक र समुदायबिच बृहत् विद्यालय सुरक्षाबारे अन्तरक्रिया सञ्चालन | प्रत्येक ३ महिना, मौसमी प्रकोप पात्रोका आधारमा |
| ९. | स्थानीय सरोकारवाला र सम्बन्धित अधिकारीहरूसँग समन्वय | वर्षभर |

२ Note: School families include teachers, students, other staff and members of SMCs and PTAs as representatives of the local community.

### २.१.१ बृहत् विद्यालय सुरक्षालाई विद्यालयमा संस्थागत गर्ने

बृहत् विद्यालय सुरक्षालाई सहज बनाउन विद्यालयले निम्नअनुसारको संस्थागत संरचना तयार गरी बृहत् विद्यालय सुरक्षाको प्रवर्द्धन गर्नुपर्छ (चित्र ४):

**(क) बृहत् विद्यालय सुरक्षासँग सम्बन्धित समिति र कार्यदल**

- **विद्यालय व्यवस्थापन समिति**
  प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति हुन्छ । विद्यालयको समग्र सञ्चालन व्यवस्थापन र रेखदेख गर्नु यस समितिको प्रमुख जिम्मेवारी हो । प्रधानाध्यापक यस समितिको सदस्य सचिव हुने व्यवस्था छ भने शिक्षक र अभिभावकका प्रतिनिधि समितिमा सदस्यका रूपमा समेटिएका छन् ।

- **विद्यालय सुधार योजना कार्यसमूह**
  विद्यालय सुधार योजनाको निर्माण र बर्सेनि अद्यावधिक गर्ने जिम्मेवारी यस समूहमा रहनेछ । यो समूह प्रधानाध्यापकको नेतृत्वमा पाँचजनाको रहनेछ (DoE 2017a)।

- **विद्यालय विपद् व्यवस्थापन समिति**
  बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समितिअन्तर्गत विद्यालय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्नेछ (DoE 2016b, DoE 2017a) । यस समितिको अध्यक्ष र सदस्य व्यवस्थापन समितिबाट मनोनित हुने छन् । साथै उक्त समितिले तोकेबमोजिमका व्यक्ति बृहत् विद्यालय सुरक्षा सम्पर्क सदस्य हुने छन् । विपद् व्यवस्थापन समितिको सदस्य सचिवका रूपमा समेत प्रधानाध्यापकले काम गर्नेछन् । सदस्यमा बृहत् विद्यालय सम्पर्क शिक्षक, लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षक, बालक्लब र अभिभावकका प्रतिनिधि रहनेछन् । समितिको मूख्य कार्य बक्स २ मा दिइएको छ ।

- **कार्यदलहरू**
  विद्यालय विपद् व्यवस्थापन समितिले तीनदेखि पाँच सदस्य रहेको तीन प्रकारका कार्यदल गठन गर्नुपर्छ । आपत्कालीन समयमा निम्नअनुसारका कार्यदललाई सक्रिय बनाउनुपर्छ:

  - प्राथमिक उपचार कार्यदलले आपत्कालीन अवस्थामा जीवन रक्षाका लागि घाइतेको उपचार घटनास्थलमै गर्नुपर्छ । यसभित्र मनोसामाजिक प्राथमिक सहयोग पनि समावेश हुनेछ ।
  - खोज तथा उद्धार कार्यदल विपद्का कारण अप्ठेरोमा परेका वा च्यापिएका व्यक्तिको उद्धार गर्ने, हराएकाको खोजी गर्ने तथा प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने काम गर्नुपर्छ ।
  - सूचना तथा सञ्चार, जनचेतना र पूर्वसूचना प्रणाली कार्यदलले जोखिममा रहेका समुदायमा विपद्का समयमा क्षति कम हुने उपायबारे जानकारी दिने र त्यसका लागि तयारी रहनेबारे जानकारी दिनेछ । तथापि विद्यालय व्यवस्थापन समितिले कार्यदलको नाम फरक राख्न पनि सक्छ र पहिले नै विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन भएका विद्यालयमा रहेका मौजुदा कार्यदललाई यो जिम्मेवारी दिन सकिनेछ ।

**(ख) बृहत् विद्यालय सुरक्षासँग सम्बन्धित व्यक्तिहरू**


बृहत् विद्यालय सुरक्षाका लागि प्रत्येक विद्यालयले प्रधानाध्यापको नेतृत्वमा निम्न लिखित व्यक्तिहरूको नियुक्ति गरी जिम्मेवारी दिनुपर्ने छ । (विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन भएका केही विद्यालयमा यस्ता सम्पर्क व्यक्तिहरू यथावत् रहेको कुरामा भने ध्यान दिनुपर्ने छ ।) :

- **विद्यालय व्यवस्थापन समिति बृहत् विद्यालय सुरक्षा सम्पर्क सदस्य** (प्रत्येक विद्यालयमा १ जना):
  विद्यालय विपद् व्यवस्थापन समितिले आफ्ना सदस्यमध्येबाट विपद् जोखिम व्यवस्थापन र विद्यालय सुरक्षाका सम्बन्धमा ज्ञान भएका एकजना बृहत् विद्यालय सुरक्षा सम्पर्क सदस्य तोक्नेछ । विद्यालयको

सङ्कटासन्नता लेखाजोखा, योजना तर्जुमा, कार्यन्वयन, अनुगमन गर्दै कार्यक्रमलाई निरन्तरता दिने कार्य गर्नेछ । सम्पर्क सदस्यको भूमिका र जिम्मेवारी अनुसूची १ मा दिइएको छ ।

- **बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षक**
  प्रत्येक विद्यालयमा बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षक तोकिएको हुने छ । तथापि विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन भएका विद्यालयहरूमा विपद् जोखिम न्यूनीकरण सम्पर्क शिक्षक रहन सक्नेछन् । बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षकको मूल भूमिका सुरक्षित सिकाइ वातावरण र विद्यालयमा सुरक्षित संस्कृतिको स्थापना गर्न बृहत् विद्यालय सुरक्षाको प्रवर्द्धन गर्नु रहेको छ । सम्पर्क शिक्षकको भूमिका र जिम्मेवारी बक्स ३ र अनुसूची २ मा दिइएको छ ।

- **लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षक**
  प्रत्येक विद्यालयमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षक तोकिएको हुनेछ । यस सम्पर्क शिक्षकको जिम्मेवारी विद्यालय सुरक्षाको प्रवर्द्धन, विद्यार्थीको संरक्षण र विद्यालयका सबै शैक्षिक क्रियाकलापमा सङ्कटासन्न र सीमान्तकृत बालबालिकाको सहभागिता सहज गराउनु हुनेछ । सम्पर्क शिक्षकको भूमिकामा विशेषगरी विपद्बाट अत्यधिक प्रभावमा परेका बालिका, सीमान्त बालबालिका, अपाङ्गता भएका बालबालिका र गर्भवती तथा स्तनपान गराउने शिक्षकको सुरक्षा तथा सहयोग गर्नु जस्ता कार्य पर्छन् । सम्पर्क शिक्षकको भूमिका तथा जिम्मेवारी अनुसूची ३ मा दिइएको छ ।




**चित्र ४:** बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजको कार्यान्वयन गर्न विद्यालयका जिम्मेवार समूह तथा व्यक्ति

**बक्स २: विद्यालय विपद् व्यवस्थापन समितिको भूमिका र जिम्मेवारी (based on DoE 2017a)**

- आपत्कालीन समयका लागि अभिभावकको विस्तृत सम्पर्क विवरण अद्यावधिक गर्ने,
- कक्षाकोठा वा कार्यालयमा रहेका गह्रौं फर्निचर र भित्तामा अड्याइएका र झुन्ड्याइका सामग्रीलाई बलियोगरी सुरक्षित रूपमा बाँध्ने वा व्यवस्थित गर्ने,
- विद्यालय भवन, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका संरचना, फर्निचर र अस्थायी सिकाइ केन्द्रको नियमित रूपमा मर्मतसम्भार गर्ने,
- आपत्कालीन समयका लागि आवश्यक पर्ने औजार, प्राथमिक उपचार बक्स, झटपट झोला, शिक्षण र सिकाइ समाग्रीको उचित व्यवस्थापन गर्ने,
- सुरक्षित र असुरक्षित स्थानको पहिचान गर्ने र आपत्कालीन अवस्थामा भेला हुने स्थान सुनिश्चित गर्ने,
- आपत्कालीन प्रतिकार्य र शीघ्र पुनर्लाभका लागि आपत्कालीन कोषको स्थापना गर्ने,
- नियमित रूपमा विपद्का कृतिम घटना अभ्यास गर्ने,
- भूकम्प प्रतिरोधी भवनको निर्माण र प्रबलीकरणका लागि दीर्घकालीन योजना तयार गर्ने ।

**बक्स ३: बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षकको भूमिका र जिम्मेवारी (based on DoE 2016b)**

- विद्यालय विपद् व्यवस्थापनसम्बन्धी कार्य सम्पादनमा प्रधानाध्यापकलाई सहयोग गर्ने,
- विद्यालय विपद् जोखिम व्यवस्थापनसम्बन्धी प्रशिक्षण कार्यक्रमहरूमा सहभागी हुने र यस विषयमा अन्य शिक्षक र कर्मचारीलाई प्रशिक्षण दिने,
- बृहत् विद्यालय सुरक्षा कार्ययोजना तयारी र यसको कार्यान्वयनका लागि समुदाय तथा विद्यालय परिवारलाई परिचालन गर्न नेतृत्त्वदायी भूमिका निर्वाह गर्ने,
- बृहत् विद्यालय सुरक्षा क्रियाकलाप र विपद्को सामनाका लागि कृत्रिम घटना अभ्यास सञ्चालन गर्न नेतृत्त्व गर्ने,
- विद्यालय परिवारका लागि आपत्कालीन सूचनाको व्यवस्थापन गर्ने ।

## विद्यालय सुधार योजना निर्माण र प्रत्येक शैक्षिक सत्रमा अद्यावधिक गर्ने क्रममा बृहत् विद्यालय सुरक्षालाई संस्थागत गर्न अपनाउनुपर्ने चरणहरू

१. **विद्यालय विपद् व्यवस्थापन समितिको गठन**

विद्यालयमा मौजुदा विद्यालय विपद् व्यवस्थापन समिति नभएमा विद्यालय व्यवस्थापन समितिको वैठकले विपद् अल्पीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका क्रियाकलाप सञ्चालनमा सहजीकरण गर्न विपद् व्यवस्थापन समिति र यसका तीन ओटा कार्यदल तीन गठन गर्न प्रधानाध्यापकलाई जिम्मेवारी तोक्ने छ । (हेर्नुहोस् बक्स ३: विद्यालय विपद् व्यवस्थापन समितिको भूमिका) ।

२. **नियुक्ति**

विद्यालय व्यवस्थापन समितिले सदस्यहरूमध्येबाट सम्पर्क सदस्य, बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षक र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षकको मनोनयन गर्नुपर्ने छ । यसरी मनोनयन भएका व्यक्तिको कार्य मूल्याङ्कन गरी सोका आधारमा प्रत्येक वर्ष मनोनयन नवीकरण गरिने छ ।

३. **कार्य विवरण तयारी**

विद्यालय व्यवस्थापन समितिले बृहत् विद्यालय सुरक्षासम्पर्क सदस्यसहित सम्पर्क शिक्षक र लैङ्गिक समानता तथा सामाजिक समावेशी शिक्षकको आधिकारिक कार्य विवरण तयार गरी हस्ताक्षर गर्नुपर्छ । दुवै

सम्पर्क शिक्षकको कार्य विवरण तयार गर्दा प्रधानाध्यापकसँग समन्वय गर्नुपर्छ । तयार कार्य विवरण विद्यालय सुधार योजना कार्यविधिअनुरूप हुनुपर्छ (DoE 2017a) (हेर्नुहास् अनुसूची १-३ः कार्य विवरणका नमुना) ।

**४. प्रभावकारिता पुनरावलोकन**

विद्यालय व्यवस्थापन समितिले प्रत्येक वर्ष बृहत् विद्यालय सुरक्षा सम्पर्क सदस्य, सम्पर्क शिक्षक र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षकले कार्य विवरणअनुरूप काम गरे वा नगरेको अनुगमन गरी कार्यको प्रभावकारिता पुनरावलोकन गर्नुपर्छ ।

### २.१.२ विद्यालयको क्षमता विकास

बृहत् विद्यालय सुरक्षासम्बन्धी मुख्य क्रियाकलापले विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा अभिभावक सङ्घमा चेतना र क्षमताको विकास गर्नेछ । प्रारम्भिक ज्ञानको विकासका लागि निम्नअनुसारका दुई क्रियाकलाप सञ्चालन गर्नुपर्छ :

- विद्यालय परिवारका निमित्त बृहत् विद्यालय सुरक्षासम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रमको आयोजना,
- विद्यालयका संरचनात्मक तथा गैह्रसंरचनात्मक लेखाजोखासम्बन्धी विधि सिकाइ र बुझाइका निमित्त दुईदिने क्षमता विकासका प्रशिक्षण ।

यस्तो प्रशिक्षण बृहत् विद्यालय सुरक्षासम्बन्धी प्रशिक्षित शिक्षक, अन्य कर्मचारी वा स्थानीय सरकारबाट नियुक्त गरिएको विज्ञ तथा स्रोतव्यक्तिले सञ्चालन गर्नेछन् । यसको रूपरेखा अनुसूची ३० मा दिइएको छ । प्रशिक्षणका निमित्त शैक्षिक जनशक्ति विकास केन्द्र (NCED 2016/17) द्वारा प्रशिक्षकका लागि विकास गरिएका प्रशिक्षण पुस्तिका र सन्दर्भसामग्री उपयोग गर्न सकिन्छ । सम्बन्धित स्थानीय सरकारले पनि स्थानीय परिस्थिति सुहाउँदा प्रशिक्षण पुस्तक तथा सामग्री तयार गरी प्रयोगमा ल्याउन सक्ने अपेक्षा पनि गर्न सकिन्छ ।

यसका अतिरिक्त अभिमुखीकरण, प्रशिक्षण, विशेष दिवस, समारोह, विभिन्न अभियान र अन्तरक्रियात्मक सत्र, शिक्षण, सिकाइ, सूचना तथा सञ्चार सामग्रीको प्रयोग एवम् अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा बृहत् विद्यालय सुरक्षाका लागि क्षमता अभिवृद्धिलाई नियमितता दिनेगरी गर्नुपर्छ ।

## बृहत् विद्यालय सुरक्षामा ज्ञान, चेतना र क्षमता अभिवृद्धिका चरण

**१. प्रशिक्षण आवश्यकता लेखाजोखा**

विद्यालय व्यवस्थापन समिति, सम्पर्क सदस्य, शिक्षक र स्थानीय सरकारका शिक्षा शाखा प्रमुखको सहयोगमा प्रधानाध्यापकले प्रशिक्षण आवश्यकता लेखाजोखा गर्नेछन् । यसबाट क्षमता विकासको कमजोरी र आवश्यकताको पहिचान हुनेछ । यसरी गरिएको प्रशिक्षण आवश्यकता लेखाजोखाबाट एकदिने अभिमुखीकरण र दुई दिने प्रशिक्षण योजना तयार गर्न सहज हुनेछ । आवश्यकता लेखाजोखाको तरिका र विधिका लागि अनुसूची २७ हेर्नुहोस् ।

**२. प्रशिक्षण पाठ्यक्रम तयारी**

बृहत् विद्यालय सुरक्षाको एकदिने अभिमुखीकरणका लागि आवश्यक पाठ्यक्रमको ढाँचा अनुसूची ४ र दुईदिने प्रशिक्षणको सम्भावित पाठ्यक्रम अनुसूची ५ मा दिइएको छ । यसरी प्रशिक्षण पाठ्यक्रम र प्रशिक्षण ढाँचा तयार गर्दा प्रशिक्षकले शैक्षिक जनशक्ति विकास केन्द्र (NCED 2016/17) ले तयार गरेका प्रशिक्षण पुस्तक र सन्दर्भसामग्रीलाई स्रोतका रूपमा लिनुपर्छ ।

**३. प्रशिक्षण**

विद्यालय सुधार योजनाको कार्यदल, बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्ति, बृहत् विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षक, युवा तथा बालक्लबका सदस्य र स्थानीय गैह्रसरकारी संस्था तथा सामुदायिक संस्थाका प्रतिनिधिका लागि दुईदिने प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

यस प्रशिक्षणबाट सहभागीहरू बृहत् विद्यालय सुरक्षाको अवधारणाबारे स्पष्ट हुनेछन् र विद्यालयको बहुप्रकोप जोखिम लेखाजोखा गरी बृहत् विद्यालय सुरक्षा कार्ययोजना बनाउन सक्षम हुनेछन् । प्रशिक्षकले शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकास भएका विपद् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षासहित विद्यालय सुधार योजना कार्यविधि र विद्यालय सुरक्षा शिक्षक प्रशिक्षण सन्दर्भसामग्री (DoE 2017a; NCED 2016/17) को उपयोग गर्न सक्नेछन् । यो प्रशिक्षण नै विद्यालय विपद् व्यवस्थापन समितिको सशक्तीकरणका लागि मुख्य क्रियाकलाप हो ।

**४. अभिमुखीकरण**

विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र शिक्षकका लागि एकदिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

### २.१.३ विद्यालयको संरचनात्मक र गैह्रसंरचनात्मक लेखाजोखा गर्ने

बहुप्रकोपको जोखिमका दृष्टिले विद्यालयको लेखाजोखा गर्दा संरचनात्मक र गैह्र संरचनात्मक दुईओटा पाटोबाट गरेर यसका क्रियाकलापलाई विद्यालय सुधार योजनामा समायोजन गर्नुपर्छ । लेखाजोखाको कार्य विद्यालय सुधार योजना अद्यावधिक गर्नुपहिले प्रकोप सङ्कटासन्नता तथा क्षमता लेखाजोखा (HVCA) का औजारहरू प्रयोग गरेर गर्नुपर्छ । लेखाजोखा औजार लागि अनुसूची ६ मा दिइएको छ । लेखाजोखा प्रत्येक वर्ष अद्यावधिक गरी अल्पीकरणका क्रियाकलापलाई विद्यालय सुधार योजना अद्यावधिक गर्ने क्रममा समावेश गर्नुपर्छ । लेखाजोखाको मूल उद्देश्य विद्यालयका संरचना र सुविधालाई बहुविपद्बाट पर्ने सम्भावित क्षतिबाट सुरक्षित राख्नु हो ।

**(क) संरचनात्मक लेखाजोखा**

विद्यालयको संरचनात्मक लेखाजोखाले विद्यालयमा बहुप्रकोपका दृष्टिले देखिने सम्मुखता र विभिन्न तहमा उत्पन्न हुने सङ्कटासन्नता तथा जोखिमको पहिचान गर्छ । विद्यालय भवनमा स्थायी रूपमा जडान गरिएका सबै संरचनाका साथै विद्यालय हातालाई समेत संरचनात्मक लेखाजोखाले समेट्छ ।



चित्र ५: विद्यालयको प्रकोप, सङ्कटासन्नता तथा क्षमता र संरचनात्मक लेखाजोखामा संलग्न हुने निकाय वा व्यक्ति

संरचनात्मक लेखाजोखा विद्यालय सुधार योजना कार्यसमूहले गर्नेछ । आवश्यक परेको अवस्थामा विद्यालयले स्थानीय सरकारका दक्ष इन्जिनियर, शिक्षा अधिकृत, प्रशिक्षक, वातावरण अधिकृत, सामाजिक विकास अधिकृत, जनस्वास्थ्य अधिकृतसँग सम्पर्कका साथै स्थानीय सरकारको शिक्षा इकाईसँग समन्वय गरी संरचनात्मक लेखाजोखा गर्नुपर्नेछ । स्थानीय सरकारले आवश्यकता परेमा संरचनात्मक लेखाजोखालाई पूर्णता दिन प्रदेश सरकारसँग समन्वय गर्नेछ । विद्यालयको प्रकोप सङ्कटासन्नता तथा क्षमता लेखाजोखा र संरचनात्मक लेखाजोखा सम्पादन गर्न सहभागी हुने र जिम्मेवार निकाय र व्यक्तिकोबारेमा चित्र ५ मा दिइएको छ ।

विद्यालय भवन र अन्य संरचनाको लेखाजोखाका चरणहरू निम्नअनुसार हुनेछन् :

**१. प्राविधिक सहयोगका लागि अनुरोध**

विद्यालय भवन र आसपासको संरचनात्मक लेखाजोखा गर्ने कार्यमा सहयोगका लागि प्रधानाध्यापकले आफ्नो स्थानीय सरकारसँग विपद् जोखिम न्यूनीकरण बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्ति र इन्जिनियरको व्यवस्था गरिदिन अनुरोध गर्नेछन् ।

**२. लेखाजोखा**
विद्यालय सुधार योजना कार्यदलले निम्नलिखित चरणमा विद्यालयको संरचनात्मक लेखाजोखा गर्ने व्यवस्था गर्नुपर्नेछ :

- विद्यालय र विद्यालय हाताभित्र रहेका भौतिक संरचनाको पहिचान (हेर्नुहोस् : अनुसूची ७) गर्ने,
- विद्यालय र आसपासमा हुन सक्ने बहुप्रकोपको पहिचान र प्रत्येक प्रकारका प्रकोपका दृष्टिकोणबाट उत्पन्न हुने सम्मुखताको लेखाजोखा (हेर्नुहोस् : अनुसूची ८) गर्ने,
- विद्यालय भवनका अतिरिक्त संरचनात्मक सुरक्षा संवेदनशीलताको लेखाजोखा (हेर्नुहोस् : अनुसूची ९) गर्ने,
- संरचनात्मक क्षमता र सङ्कटासन्नताको तहको लेखाजोखा गरी त्यसको निक्र्योल गर्ने (हेर्नुहोस् : अनुसूची १०) ।

**३. पहिलो चरणको लेखाजोखा**
पहिलो तहको लेखाजोखा विद्यालय विपद् व्यवस्थापन समितिको नेतृत्त्वमा गर्नुपर्छ । यसमा भवनको प्रारूप र रेखाचित्र (Design), जमिनको अवस्था, आधारशीला (Foundation), सामग्री र कार्यपद्धति, संरचनात्मक व्याख्या र अन्य सङ्कटासन्नता तथा विगतमा गरिएका कार्यहरूको विवरण हेर्नुपर्नेछ ।

**४. दोस्रो तहको लेखाजोखा**
विद्यालय विपद् व्यवस्थापन समितिले पहिलो चरणको लेखाजोखाबाट उच्च सङ्कटासन्न देखिएका संरचनाका लागि स्थानीय सरकारका इन्जिनियरको सहयोगमा दोस्रो चरणको लेखाजोखा गर्नुपर्नेछ । इन्जिनियरले सहरी विकास तथा भवन निर्माण विभागद्वारा तयार गरिएको भूकम्पीय जोखिम लेखाजोखा निर्देशिका, २०११ (DUBDC 2011) को आधारमा विस्तृत मूल्याङ्कन गर्नुपर्ने छ ।

**५. अन्य विषयवस्तु**
विद्यालय सुधार योजना कार्यसमूहले लेखाजोखाका क्रममा जलवायु परिवर्तनबाट पर्नसक्ने प्रभावको लेखाजोखा पनि सुनिश्चित गर्नुपर्नेछ । यस लेखाजोखाले जलवायु उत्थानशील संरचनाका लागि सुझाव दिने छ । लेखाजोखाका क्रममा किशोरी र महिला, अपाङ्गता भएका व्यक्ति, गर्भवती र स्तनपान गराउने शिक्षक र सामाजिक रूपमा पछाडि परेका सीमान्तकृत वर्गका बालबालिकाका विषय तथा सवालमा उच्चतम ध्यान दिनुपर्छ ।

**(ख) गैह्रसंरचनात्मक लेखाजोखा**
गैह्रसंरचनात्मक लेखाजोखाले भौतिक वातावरण, सामाजिक संरक्षण, सुरक्षाका कारकतत्त्व, मौजुदा संस्थागत व्यवस्था तथा विद्यालयलाई सहयोग गर्ने समूह (सम्पर्क व्यक्ति, विद्यालय विपद् व्यवस्थापन समिति, कार्यदल र बालक्लब) र तिनीहरूको क्षमता तथा कमजोरीजस्ता विषयवस्तुलाई समेट्छ ।

## गैह्रसंरचनात्मक लेखाजोखा गर्न अपनाउनुपर्ने चरणहरू निम्नअनुसार हुने छन् :

**१. लेखाजोखा**
विद्यालय सुधार योजनाको वार्षिक अद्यावधिक गर्नुपहिले विद्यालय विपद् व्यवस्थापन समितिको बैठक बसी अनुसूची ११ को परीक्षण सूची (checklist) का आधारमा गैह्रसंरचनात्मक लेखाजोखा गर्नुपर्छ । लेखाजोखाबाट बाल संरक्षण, लैङ्गिक सामानता तथा सामाजिक समावेशीकरण, विद्यालय शान्ति क्षेत्र र आपत्कालीन समयमा बालबालिकाको संरक्षण जस्ता विषयमा लेखाजोखा गर्नुपर्छ ।

**२. सम्भावित अल्पीकरणका विधि**
विद्यालय विपद् व्यवस्थापन समितिले कक्षाकोठा, विद्यालय भवन र विद्यालय हाताभित्र गर्नुपर्ने गैह्रसंरचनात्मक अल्पीकरणका लागि अनुसूची १२ प्रयोग गर्नुपर्छ ।

### ३. बृहत् विद्यालय सुरक्षा योजना तर्जुमा

बृहत् विद्यालय सुरक्षा कार्ययोजनाको वार्षिक अद्यावधिक गर्न लेखाजोखाबाट प्राप्त जानकारीको उपयोग गर्नुपर्छ ।

### २.१.४ विद्यालयमा न्यूनतम् संरचनात्मक सुरक्षाको पहिचान

विद्यालयको संरचनात्मक सुरक्षाले मृत्यु र घाइते हुनेको सङ्ख्या घटाउँछ र शिक्षामा भएको लगानीको सुरक्षा प्रदान गर्छ । संरचनात्मक लेखाजोखाको आधारमा विद्यालय व्यवस्थापन समितिले भवनहरू र विद्यालय हाताभित्र अन्य संरचनाहरूका लागि संरचनात्मक सुरक्षा क्रियाकलापको पहिचान गर्नुपर्छ । विद्यालयमा रहेको संरचनात्मक "उच्च" जोखिमलाई "मध्यम" वा "न्यून" तहमा ल्याउन निम्नलिखित चरणमा कार्य गर्नुपर्छः

## न्यूनतम् संरचनात्मक सुरक्षा क्रियाकलाप सञ्चालनका चरणहरू :

### १. आवश्यक क्रियाकलापहरू पहिचान

विद्यालय व्यवस्थापन समितिले संरचनात्मक लेखाजोखाको आधारमा न्यूनतम् संरचनात्मक सुरक्षाका क्रियाकलापहरूको पहिचान गरी त्यसको सूची बनाउनुपर्छ ।

### २. क्रियाकलापहरूको प्राथमिकीकरण

नियमित वा उपलब्ध बजेटले काम गर्नसक्नेगरी सूचीकृत क्रियाकलापको प्राथमिकीकरण गर्नुपर्छ ।

### ३. बृहत् विद्यालय सुरक्षा कार्ययोजना तयारी

पहिचान भएका क्रियाकलापलाई बृहत् विद्यालय सुरक्षा कार्ययोजनामा समावेश गर्नुपर्छ ।

### ४. बजेट व्यवस्थापन

कारणवश अतिरिक्त वित्तीय स्रोत आवश्यक देखिएमा स्थानीय सरकारअन्तर्गत गठित स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी बजेटको व्यवस्थाका निमित्त पहल गर्नुपर्छ । यसका लागि स्थानीय तहको योजना तर्जुमाका क्रममा समायोजन गर्नुपर्छ । अनुसूची १३ मा उल्लेख भएअनुसार संरचनात्मक जोखिम अल्पीकरण र अनुसूची ३१ अनुसार बृहत् विद्यालय सुरक्षा तथा स्थानीय विपद् जोखिम न्यूनीकरण योजनालाई आपसमा समायोजन गर्नुपर्छ ।

### ५. सहयोग

ठुलो निर्माण वा पुनर्निर्माण गर्नुपर्ने भएमा विद्यालयले आवश्यक प्राविधिक र वित्तीय सहयोग जुटाउनका लागि स्थानीय सरकारसँग अनुरोध गर्नुपर्छ ।

### २.१.५ बृहत् विद्यालय सुरक्षा क्रियाकलाप योजना

बृहत् विद्यालय सुधार कार्ययोजना बृहत् विद्यालय सुरक्षा प्रवर्द्धनको महत्त्वपूर्ण अङ्ग हो । विद्यालय विपद् जोखिम व्यवस्थापन परियोजना सञ्चालनका क्रममा यस योजनालाई विद्यालय विपद् जोखिम व्यवस्थापन योजना भनिन्थ्यो । यी कार्ययोजना नै विद्यालय सुधार योजनाका महत्त्वपूर्ण भाग थिए । यसलाई विद्यालयले नियमित रूपमा नयाँ शैक्षिक सत्र प्रारम्भ हुनु पहिले आगामी वर्षका बृहत् विद्यालय सुरक्षा क्रियाकलापलाई अद्यावधिक गर्दै आएका थिए (DoE 2016b) । अबको समयमा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले बृहत् विद्यालय सुरक्षा कार्ययोजना स्थानीय सरकारको योजनामा समावेश भए नभएको सुनिश्चित गर्नुपर्छ । बृहत् विद्यालय सुरक्षा कार्ययोजना तत्कालीन विद्यालय विपद् जोखिम व्यवस्थापन योजनाको तुलनामा बृहत् छ । यसमा निम्नअनुसारका चारओटा विषय समेटिएका छन् :

### (क) जोखिम न्यूनीकरण कार्ययोजना

यो योजना प्रत्येक प्रकोपलाई आधार मानेर सङ्कटासन्नता तथा क्षमता लेखाजोखा गरेर तयार गर्नुपर्छ । यसले जोखिमको स्तरलाई उच्च, मध्यम र न्यून स्तरमा वर्गीकरण गर्छ । प्रकोप सङ्कटासन्नता तथा क्षमता लेखाजोखा अभ्यासका लागि परीक्षणसूची अनुसूची ६ मा दिइएको छ ।

**(ख) पूर्वतयारी योजना**

पूर्वतयारी योजनाले विपद्को अवस्थामा त्यसको सामना कसरी गर्ने भनेर बताउँछ । यस योजनाले विपद् र यसबाट विद्यालयमा पर्ने प्रभावको सामना गर्ने विषयमा जनचेतना अभिवृद्धि गर्ने, आपत्कालीन समयका लागि सुरक्षित खाली स्थानको पहिचान गर्ने, सुरक्षित स्थानान्तरणका विकल्प पहिचान गर्ने, कृत्रिम घटना अभ्यास गर्ने र अत्यावश्यक सामग्रीको पूर्वभण्डारण (बक्स ४) र सुरक्षा गर्ने लगायता कार्यलाई समेट्छ । यसका साथै योजनाले कार्य जिम्मेवारी बाँडफाँड सहितको कार्ययोजना, कार्यविधि र विपद्पछि बालबालिका र अभिभावकको मिलन गराउने पक्षलाई पनि सम्बोधन गर्छ । अनुसूची १७ बृहत् विद्यालय सुरक्षा र विद्यालय सुधार योजनालाई एकीकृत रूपमा विद्यालय वार्षिक पात्रोमा राख्न मार्गनिर्देश गर्नेछ । अनुसूची १८ र २० मा स्थानान्तरका विधि उल्लेख गरिएको छ भने अनुसूची १९ कार्यसञ्चालन विधिको नमुना र अनुसूची २३ मा विद्यार्थी अभिभावक पुनिर्मिलन प्रक्रियाका विधि दिइएको छ ।

**बक्स ४ : विपद् प्रतिकार्यका लागि पूर्वतयारी रहनुपर्ने खोज तथा उद्धारका सामग्री**

विद्यालयलाई सामान्य रूपमा सञ्चालन गर्न न्यूनतम् सामग्रीको पूर्व व्यवस्था गर्नु जरुरी हुन्छ । त्यस्ता छुटाउन नहुने सामग्री निम्नअनुसार छन् :

- त्रिपाल
- मसलन्द सामान र पुराना पुस्तक
- पानी शुद्धीकरण औषधी वा फिल्टर
- प्राथमिक उपचार सामग्री
- अग्नि नियन्त्रक (Fire Extinguishers)
- बाल्टी, बालुवा र साबेल

**(ग) बाल संरक्षण र विद्यालय शान्तिक्षेत्र योजना**

यो योजना बाल संरक्षणका सवालका साथै बालबालिकालाई धम्क्याउने, लिङ्ग, जात, वर्ण, वर्ग, भाषा, धर्म आदिका नाममा हुने भेदभावसम्बन्धी अवस्थाको विवरण लेखाजोखाका आधारमा तयार गर्नुपर्छ । यी सवाललाई सम्बोधन गर्दै बालअधिकारको रक्षा, विद्यालय शान्ति क्षेत्र सुनिश्चित गर्ने, द्वन्द्व र विपद्को समयमा र त्यसपछि शिक्षामा बाधा उत्पन्न हुन नदिने, द्वन्द्वका समयमा समेत शिक्षण सिकाइ वातावणको संरक्षण गर्ने विषयमा सरकारले प्रतिबद्धता जनाएको छ । सरकारको प्रतिबद्धतालाई पूरा गर्न समुदाय, बालबालिका, विद्यालय व्यवस्थापन समिति, स्थानीय सरकार र सरोकारवालामा चेतना अभिवृद्धि गर्नु आवश्यक छ । त्यसैगरी शैक्षिक वातावरणलाई सुरक्षित राख्न राष्ट्रिय र स्थानीय तहमा समन्वय तथा सहकार्यको संस्कृतिको प्रवर्द्धन गर्नु जरुरी छ । अनुसूची २१ मा बाल संरक्षणका लागि विद्यालयको आचारसंहिता र विद्यालय शान्ति क्षेत्रका लागि स्थानीय सरकारका प्रतिबद्धताका बुँदा दिइएको छ जबकि अनुसूची २२ मा सिफारिस प्रक्रिया र हिंसा पीडित बालबालिकालाई सहयोग गर्ने विधि उल्लेख गरिएको छ । यस सन्दर्भमा बालबालिकालाई आफ्ना समस्या राख्नका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षकले अवसर दिनुपर्छ ।

यस योजनाले विपद् भएको अवस्था र आपत्कालीन समयमा बालबालिका, किशोरी र अपाङ्गता भएका विद्यार्थीको संरक्षण र सुरक्षाको प्रवर्द्धन गर्नुपर्छ । विद्यालयमा बालबालिका र अपाङ्गता भएका विद्यार्थीका लागि र्‍याम्प बनाउने, रेलिङ राख्ने, आपत्कालीन समयमा बालबालिकाका लागि सुरक्षित स्थानको व्यवस्था गर्ने किशोर किशोरीका लागि खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धनका लागि छुट्टै कोठाको व्यवस्था गर्ने कार्य महत्त्वपूर्ण हुन्छन् ।

**(घ) विद्यालय निरन्तरता योजना**

विपद्पछि शिक्षण सिकाइलाई निरन्तरता दिन विद्यालय पुनः सञ्चालन गर्ने योजना नै विद्यालय निरन्तरता योजना हो (हेर्नुहोस् सिफारिस गरिएका विषयवस्तुका लागि बक्स ५) । शिक्षा सबैको अधिकार हो र विपद्पछि पनि शिक्षा प्राप्त गर्ने वातावरण बन्ने कुरा सुनिश्चित हुनुपर्छ । विपद्बाट बालबालिकामा उत्पन्न हुनसक्ने

संवेदना र शारीरिक समस्याको निदानका दृष्टिले पनि विद्यालय निरन्तर सञ्चालन हुनुपर्छ । त्यस कारण विद्यालय भवन, कक्षाकोठामा क्षति भएमा वा शिक्षक र कर्मचारीको उपस्थिति न्यून भए पनि विद्यालय निरन्तर चलाउनुपर्छ । यसका लागि विकल्पसहितको योजना पहिले नै तयार गरी सोअनुरूप पूर्वतयारी गरिएको हुनुपर्छ ।

**बक्स ५: विद्यालय निरन्तरता योजनाको विषयवस्तुका लागि सुझाव (NCED, 2016/17)**

- **नोक्सान भएको समयको पूर्ति**

  विपद्का कारण सञ्चालन हुन नसकेको शिक्षण सिकाइको अवधि हिसाब गरी त्यसको पूर्तिकालागि बिदाको समय वा अतिरिक्त कक्षा सञ्चालन गरी समय पूर्ति गर्नुपर्छ ।

- **अस्थायी सिकाइ केन्द्रको स्थापना**

  विद्यालय भवनमा धेरै क्षति भएको छ भने अर्को सुरक्षित भवनमा वा अस्थायी सिकाइ केन्द्रको स्थापना गरी शिक्षण सिकाइलाई निरन्तरता दिन विद्यालय स्थानान्तरण गर्नुपर्छ ।

- **वैकल्पिक सिकाइ विधिको प्रयोग**

  जोडाविधिको सिकाइ (Pair education), गृहकार्य र स्वअध्ययनका लागि विद्यार्थीलाई उत्प्रेरित गर्नुपर्छ ।

- **शिक्षक र कर्मचारीको क्षमता विकास**

  यदि शिक्षक र कर्मचारीले आफ्नो नियमित कार्यलाई प्रभावकारी रूपमा सम्पादन गर्न सकेनन् भने प्रभावकारी सिकाइका निमित्त तिनीहरूको क्षमता विकासका लागि प्रयास गर्नुपर्छ ।

- **विद्यालयलाई अस्थायी आवासका रूपमा उपयोग**

  साधारणतया विस्थापित व्यक्तिहरूका लागि विद्यालयलाई अस्थायी वा आपत्कालीन आवासका रूपमा उपयोग गर्नु हुँदैन । तथापि समुदायले विद्यालयलाई त्यसरी उपयोग गर्न चाहन्छन् । यसर्थ यस योजनाले विद्यालय समयमा कक्षा सञ्चालन गरी शिक्षण सिकाइमा अवरोध उत्पन्न हुन नदिने तौरतरिका अपनाउने योजना तयार गर्नुपर्छ ।

- **बाल संरक्षण**

  मानसिक तनावमा रहेका विद्यार्थीका लागि मनोसामाजिक परामर्शसेवा उपलब्ध गराउन प्रयास गर्नुपर्छ ।

## बृहत् विद्यालय सुरक्षा कार्ययोजना तयारीका चरण

**१. तयारी**

विद्यालय विपद् व्यवस्थापन समितिले नेतृत्व लिएर विद्यालय सुधार योजना कार्यसमूहको सहयोगमा बृहत् विद्यालय सुरक्षा कार्ययोजना तयार गर्नुपर्छ ।

**२. कार्ययोजना तयारी**

बृहत् विद्यालय सुरक्षा कार्ययोजना कसले, कहिले र कसरी तयार गर्ने भन्ने विषय टेबल २ मा दिइएको छ ।

**३. क्रियाकलापलाई शैक्षिक पात्रोमा समावेशीकरण**

विद्यालयले बृहत् विद्यालय सुरक्षा क्रियाकलापका प्रमुख क्रियाकलापलाई आफ्नो वार्षिक पात्रोमा समावेश गर्नुपर्छ । अनुसूची १७ मा बृहत् विद्यालय सुरक्षा क्रियाकलापलाई वार्षिक पात्रोमा समावेश गर्न मार्गनिर्देश गरिएको छ ।

**४. अनुगमन**

विद्यालय सुधार योजनाको प्रतिवेदन तयारी र सामुदायिक सहभागितामा सामाजिक लेखापरीक्षणको पद्धति स्थापित गरी बृहत् विद्यालय सुरक्षा कार्यान्वयनको प्रवर्द्धन गर्नु आवश्यक छ । कार्ययोजनाको सही कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गर्नु स्थानीय सरकारका शिक्षा इकाईको जिम्मेवारी रहन्छ ।

**टेबल २ : बृहत् विद्यालय सुरक्षा कार्ययोजना (सङ्क्षेपमा)**

| क्र.सं. | प्रमुख अवधारणा | जिम्मेवारी | समावेश गर्ने विषय | द्रष्टव्य |
|---|---|---|---|---|
| १. | जोखिम न्यूनीकरण सहयोजना | • विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक<br>• स्थानीय सरकारका शिक्षा शाखा प्रमुख | • जोखिम लेखाजोखाबाट पहिचान भएका आधारमा जोखिमका कारक, न्यूनीकरणका क्रियाकलपा, जिम्मेवारी, स्रोत व्यवस्थापन (आन्तरिक र बाह्य) र समयावधि उल्लेख भएको छुट्टाछुट्टै लहरमा स्पष्ट हुने गरी उल्लेख गर्ने । | विद्यार्थी र अभिभावकको अर्थपूर्ण सहभागिता |
| २. | पूर्वतयारी सहयोजना | • विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक<br>• स्थानीय सरकारका शिक्षा शाखा प्रमुख<br>• विद्यार्थी र अभिभावक | • विपद्सम्बन्धी प्रशिक्षण र अभिमुखीकरणका लागि समयसहित वार्षिक पात्रोमा राख्ने (अनुसूची ४ र ५ लाई आधार मान्ने) ।<br>• विपद्सम्बन्धी कृत्रिम घटना अभ्यास सञ्चालन गर्ने समयसहित विद्यालय पात्रोमा समावेश गर्ने ।<br>• विद्यालयको संरचनात्मक तथा गैह्रसंरचनात्मक लेखाजोखाको समयसहित वार्षिक पात्रोमा समावेश गर्ने ।<br>• स्थानान्तरण योजना (अनुसूची १८ र २० को आधारमा) ।<br>• साधारण खोज तथा उद्धार सामग्रीको पूर्वव्यवस्था (मूल अंशको बक्स ४) ।<br>• कार्यसञ्चालन विधि (अनुसूची १९ बमोजिम)<br>• आपत्कालीन सञ्चार प्रणाली र विद्यालयका कर्मचारी र विद्यार्थीको विस्तृत सम्पर्कसूची ।<br>• विद्यार्थी अभिभावक तथा मातापिता मिलन प्रक्रिया (अनुसूची २३) । | विद्यालय हाताभित्र रहेका भवन र अन्य संरचनासहित विद्यालय हाताको नक्सा तयारी गर्ने |
| ३. | बाल संरक्षण र विद्यालय शान्ति क्षेत्र सहयोजना | • विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक<br>• बृहत् विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षक | • बाल संरक्षण र विद्यालय शान्ति क्षेत्र सम्बन्धी आचार संहिता (अनुसूची २१)<br>• बाल संरक्षण र विद्यालय शान्ति क्षेत्रसम्बन्धी आचार संहिता र प्रतिबद्धतालाई बोर्ड बनाएर विद्यालय हाताभित्र सबैले देख्ने स्थानमा राख्ने ।<br>• सिफारिस पद्धति (अनुसूची २२) | स्थानीय सरकार र समुदायमा आधिारित संस्थासँग सहकार्य |
| ४. | विद्यालय निरन्तरता सहयोजना | • विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक<br>• स्थानीय सरकारका शिक्षा शाखा प्रमुख | • विद्यालय निरन्तरताका लागि बक्स ५ मा दिइएका विषयलाई आधार मान्ने । | स्थानीय सहयोगी संस्थाहरूको विस्तृत सूची तयार गर्ने र शिक्षा निरन्तरता योजना अद्यावधिक गर्ने |
| ५. | कार्यान्वयन तथा अनुगमन सहयोजना | • विद्यालय व्यवस्थापन समिति र प्रधनाध्यापक<br>• स्थानीय सरकारका शिक्षा शाखा प्रमुख | • बृहत् विद्यालय सुरक्षा कार्यान्वयनलाई प्रवर्द्धन गर्ने र सामाजिक लेखापरीक्षण तथा विद्यालय सुधार योजनाको नियमित प्रतिवेदन तयारी गर्ने ।<br>• स्थानीय सरकारको शिक्षा इकाईले योजना कार्यान्वयन भएको सुनिश्चित गर्न नियमित प्रतिवेदन माग र अनुमगमन गर्ने। | स्थानीय सरकारको संलग्नतामा सामाजिक लेखापरीक्षण गर्ने र विद्यालय सुधार योजनाको प्रतिवेदन प्रस्तुत गर्ने । |

### २.१.६ गैह्रसंरचनात्मक जोखिम अल्पीकरण र पूर्वतयारी क्रियाकलापका विधि

विद्यालयले विद्यालयको वार्षिक पात्रोबमोजिम बृहत् विद्यालय सुरक्षा कार्ययोजनाको कार्यान्वयनमार्फत साना स्तरका अल्पीकरण र पूर्वतयारीका विधिद्वारा विद्यालयको सुरक्षालाई सम्बोधन गर्नुपर्छ । गैह्रसंरचनात्मक र साना स्तरका अल्पीकरण क्रियाकलापभित्र सहजीकरण, ज्ञान व्यवस्थापन, सिपविकास र प्रतिकार्यका लागि पूर्वतयारीका निमित्त क्षमता विकास पनि पर्छन् ।

गैह्रसंरचनात्मक अल्पीकरण र प्रतिकार्यका लागि पूर्वतयारीसम्बन्धी क्रियाकलापको कार्यान्वयन निम्नअनुसार चरणबद्ध रूपमा गर्नुपर्छ :

१. **आवश्यक बजेट**
   बृहत् विद्यालय सुरक्षा कार्ययोजनाको कार्यान्वयनका लागि विद्यालयले आवश्यक बजेट नियोजना गर्नुपर्छ ।

२. **क्षमता विकास**
   बृहत् विद्यालय सुरक्षासम्बन्धी क्षमता विकासका लागि विद्यालयले स्थानीय सरकारसँग मिलेर वा सहभागी भएर काम गर्नुपर्छ ।

३. **प्रशिक्षण**
   विद्यालयले विद्यालय व्यवस्थापन समितिका सदस्य, सम्पर्क सदस्य, प्रधानाध्यापक, बृहत् विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा सामाजिक समावेशी शिक्षक र विद्यालय परिवारका लागि बृहत् विद्यालय सुरक्षासम्बन्धी प्रशिक्षण सञ्चालन गर्नुपर्छ । प्रशिक्षण अनुसूची ५ मा दिएको मार्गदर्शनबमोजिम गर्नुपर्छ ।

४. **अभिमुखीकरण**
   प्रभावकारी प्रतिकार्यका लागि बृहत् विद्यालय सुरक्षाका सम्बन्धमा क्षमता, ज्ञान र सिप अभिवृद्धि गर्न अनुसूची ४ अनुरूप अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्छ । अभिमुखीकरणका विषयवस्तु अनुसूची २५ मा दिइएको छ ।

५. **वार्षिक पात्रो**
   विद्यालयले बृहत् विद्यालय सुरक्षा कार्ययोजनालाई विद्यालयको शैक्षिकपात्रोसँग मेलखानेगरी राख्ने कुरा प्रधानाध्यापकले सुनिश्चित गर्नुपर्छ । वार्षिक पात्रोमा कृत्रिम घटना अभ्यास, क्षमता अभिवृद्धि क्रियाकलाप आदिको मितिसमेत सुनिश्चित गर्नुपर्छ । कार्यक्रम भएको सुनिश्चित गर्न नियमित अनुगमन गर्नुपर्छ ।

६. **प्राविधिक सहयोग**
   विद्यालयले बहत् विद्यालय सुरक्षा क्रियाकलाप सञ्चालन गर्न आवश्यकताअनुसार स्थानीय सरकार र सरोकारवालाहरूसँग सहयोग माग गर्न सक्नेछ ।

७. **कार्यान्वयन**
   प्रतिकार्यका लागि कृत्रिम घटना अभ्यास (बक्स ६ हेर्नुहोस्) सञ्चालन गर्ने अन्य गैह्रसंरचनात्मक अल्पीकरण, पूर्वतयारी र प्रतिकार्य क्रियाकलाप सञ्चालन गर्नुपर्छ ।

**बक्स ६ : विद्यालय विपद् प्रतिकार्यका लागि कृत्रिम घटना अभ्यास (Drills)**

- कृत्रिम घटना अभ्यासमा बाल संरक्षण, सूचना सम्प्रेषण, खोज तथा उद्धार, प्राथमिक उपचार, अग्नि नियन्त्रण, पानीबाट सुरक्षा र पौडी खेल्ने सिप,
- कृत्रिम घटना अभ्यासका क्रममा उच्च सङ्कटासन्न समूहका बालिका, अपाङ्गता भएका विद्यार्थी, एकल परिवारका विद्यार्थी, गर्भवती तथा स्तनपान गराउने शिक्षक र विद्यार्थीमा विपद्को प्रभावको सम्भावना,
- भूकम्पीय प्रतिकार्यका लागि कृत्रिम घटना अभ्यासमा सुभाव गरिएका नौ चरणका विधिको अवलम्बन ।

## गुणस्तरीय निर्माण प्रवर्द्धनका चरण

### १. सुरक्षा योजनाको निर्माण

न्यूनतम् संरचनात्मक सुरक्षा हासिल गर्न पहिचान भएका क्रियाकलाप विद्यालय व्यवस्थापन समितिले अल्पकालीन (एक बर्से), दीर्घकालीन (तीन बर्से) विद्यालय संरचनात्मक सुरक्षा योजना अनुसूची १४ बमोजिम तयार गर्नुपर्छ । आवश्यकताअनुसार योजना कार्यान्वयनका लागि स्थानीय सरकारसँग प्राविधिक र आर्थिक सहयोग माग गर्न सकिन्छ ।

### २. गुणस्तर सुनिश्चिता योजना तयारी

प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समिति, विद्यालय विपद् व्यवस्थापन समिति र स्थानीय सरकारका इन्जिनियरको सहयोगमा अनुसूची १५ बमोजिम गुणस्तर सुनश्चित गर्ने योजना तयार गर्नुपर्छ । यस्तो योजनामा निम्नलिखित कुरा विस्तृत रूपमा समावेश हुन जरुरी हुन्छ :

- नयाँ विद्यालय भवनका लागि स्थान छनोट,
- विद्यालय हाताभित्र स्थलगत योजनाको तयारी,
- नयाँ निर्माणको डिजाइन र परिवर्तन,
- प्रबलीकरणका लागि डिजाइन,
- मर्मतसम्भार सम्पन्न गर्ने कार्य,
- कार्यको सुपरीवेक्षण गर्ने जिम्मेवारी ।

### ३. तालिम प्राप्त डकर्मी

विद्यालयको नयाँ भवन निर्माण, प्रबलीकरण र महत्त्वपूर्ण मर्मतसम्भारका कार्यमा गुणस्तर सुनिश्चित गर्न विद्यालयले प्रशिक्षित र दक्ष डकर्मीको नियुक्ति वा व्यवस्था गर्नुपर्छ । विद्यालयले स्थानीय सरकारको भवन तथा सहरी विकास विभाग वा शाखासँग दक्ष डकर्मीको सूची माग गरेर छनोट गरी लिन सक्नेछ ।

### ४. प्रदर्शनी बोर्ड राख्ने

निर्माण वा प्रबलीकरणका कार्यको पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सो कार्यका लागि गरिएको अनुमानित लागत, कार्य प्रारम्भ भएको र सम्पन्न हुने मिति, बजेटको स्रोतसहितको सारांश उल्लेख भएको विवरण बोर्ड उपयुक्त स्थानमा सबैले देख्नेगरी राख्नुपर्छ । यस्तो बोर्डमा निर्माणको चित्र वा डिजाइन पनि राख्नु उपयुक्त हुनेछ ।

### ५. अनुगमन तथा रेखदेख

स्थानीय सरकारका इन्जिनियर, स्थानीय सरकारका शिक्षा प्रमुख, प्रधानाध्यापक, विद्यालय निर्माण समितिका एकजना सदस्य र सम्बन्धित वडाका प्रतिनिधिसहित रहेको पाँच जनाको निर्माण अनुगमन र रेखदेख समिति बनाउनुपर्छ । समितिले नियमित रूपमा निर्माणको अवस्थाको अनुगमन गरी गुणस्तरीय निर्माण भइरहेको वा भएको सुनिश्चित गर्नुपर्छ ।

### ६. भवनको निरीक्षण

मौजुदा भवनको अवस्था नयाँ निर्माण र मर्मतसम्भार, प्रबलीकरण तथा सुधारका काममा भइरहेको कामको निरीक्षण दक्ष इन्जिनियरबाट हुनुपर्छ । यदि नयाँ निर्माण गरिएको छ भने निर्माण, अनुगमन र निरीक्षण निर्देशिका (CLPIU, ADB and NSET 2016) अनुरूप निर्माण र निरीक्षण गर्नुपर्छ ।

### ७. वार्षिक प्रतिवेदन

प्रधानाध्यापकले विद्यालय विपद् व्यवस्थापन समिति र बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षकको सहयोगमा संरचनात्मक जोखिम अल्पीकरण क्रियाकलाप (अनुसूची १६ अनुरूप) को वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ । विद्यालयले विद्यालय सुधार योजना विकास निर्देशिका (वि.सं. २०७४) अनुरूप भौतिक सुविधाको अवस्था प्रतिवेदन तयार गर्नुपर्छ ।

### २.१.७ उत्थानशील शिक्षा

सरकारको शिक्षा नीतिले विद्यालयको पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका विषय समावेश गर्न उत्प्रेरित गरेको छ । विद्यालय क्षेत्र विकास योजना र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (GoN 2018) ले पाठ्यक्रममा उत्थानशील शिक्षाको आवश्यकतालाई जोड दिएको छ ।

अतिरिक्त क्रियाकलाप, परियोजना कार्य, शैक्षिक भ्रमणजस्ता क्रियाकलापले विद्यार्थीलाई बृहत् विद्यालय सुरक्षा सम्बन्धी ज्ञान अभिवृद्धि गर्न सहयोग पुग्छ । विद्यालयदेखि परिवारसम्मका पूर्वतयारी क्रियाकलापले अभिभावक र समुदायमा सुरक्षित संस्कृतिको विकासमा मद्दत गर्छ । विद्यालयले बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरण सम्बन्धी पाठ्यसामग्रीका रूपमा पोस्टर, सूचना, शिक्षा तथा सञ्चार सामग्रीको प्रयोग गरी पठनपाठन गराउँदा विद्यालय परिवार एवम् विद्यार्थीसहित अभिभावक तथा समुदायमा बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरणसम्बन्धी ज्ञान अभिवृद्धि भई सुरक्षित संस्कृतिको विकास हुनेछ । यस विषयमा बृहत् विद्यालय सुरक्षा सूचना तथा सम्प्रेषण रणनीतिले प्रमुख सन्देश उपलब्ध गराउनेछ ।

बृहत् विद्यालय सुरक्षाबारे विद्यार्थीलाई पठनपाठन गराउने चरणहरू निम्नअनुसार रहेका छन् :

१. **सुपरिचित बन्ने**

विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण र बाल संरक्षणका विषय समेटेर पुनरावलोकन गरिएको पाठ्यक्रमप्रति प्रधानाध्यापक र विषयशिक्षक पूर्ण रूपमा परिचित तथा जानकार हुनुपर्छ ।

२. **सामग्री सङ्कलन**

विद्यालय व्यवस्थापन समिति र शिक्षकले पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र स्थानीय सरकारको शिक्षा इकाईबाट बृहत् विद्यालय सुरक्षा सम्बन्धी सामग्री सङ्कलन गरी शिक्षक र विद्यार्थीलाई उपलब्ध गराउनुपर्छ ।

३. **पाठयोजना**

विषयगत शिक्षकले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मार्गदर्शन र प्राप्त भएका सामग्रीहरूका आधारमा बाल संरक्षण, विद्यालय शान्तिक्षेत्रसम्बन्धी पाठयोजना तयार गरी सोअनुरूप पठनपाठन गराउनुपर्छ ।

४. **प्रशिक्षण सामग्री**

सूचनामूलक, शिक्षामूलक र सञ्चारमूलक सामग्री (बक्स ७ अनुरूप) का सामग्रीको उपयोग गरी विद्यार्थीलाई बृहत् विद्यालय सुरक्षासम्बन्धी पठनपाठन गराउनुपर्छ । पठनपाठनलाई प्रभावकारी बनाउन वृत्तचित्र, फोटोचित्र, काटुनचित्र वा कथा, गीत, रेडियो सन्देशजस्ता सामग्री प्रयोग गर्नु उपयुक्त हुनेछ ।

५. **कार्यक्षेत्र भ्रमण**

औपचारिक पाठ्यक्रम वा अतिरिक्त क्रियाकलापलाई आधार मानेर फरक प्रकारका प्रकोप र विपद् जोखिम न्यूनीकरणसम्बन्धी भइरहेका कार्यका बारेमा विद्यार्थीलाई प्रयोगात्मक जानकारी, ज्ञान र सिप दिनेगरी सकेसम्म विद्यालय आसापासका क्षेत्रमा कार्यक्षेत्र भ्रमण गराउनुपर्छ । अवलोकन भ्रमणको आयोजना गर्न अनुसूची १७ मा दिइएका मार्गदर्शनलाई आधार मान्नुपर्छ ।

**बक्स ७ : बृहत् विद्यालय सुरक्षाका सम्बन्धमा विद्यार्थीको पठनपानका लागि सूचना, शिक्षा र सचार सामग्री**

- विपद् जोखिम न्यूनीकरण गोजी पुस्तिका (DRR pocket book),
- सिकाइ खेल (Learning games),
- पर्चा, पम्पलेट र पात्रो (Leaflets, pamphlets and calendars),
- विपद् पूर्वतयारी रङ्गीन पुस्तक वा रङ्गाउने पुस्तक (Disaster preparedness coloring books),
- प्रमुख प्रकोपमा आधारित पूर्वतयारी पोस्टर (Poster on preparedness for major hazards)।

## बाल संरक्षण र विद्यालय शान्तिक्षेत्र सम्बन्धमा जनचेतना अभिवृद्धिका चरणहरू निम्नअनुसार रहेका छन् :

विद्यालय परिवारलाई बाल संरक्षण र विद्यालय शान्ति क्षेत्रको महत्त्वको प्रवर्द्धन गर्दै यसमा संवेदनशील हुन उत्प्रेरित गर्ने, मनोसामाजिक संरक्षणलाई उत्कृष्ट बनाउने र विद्यार्थी तथा शिक्षकलाई उत्थानशील ज्ञान दिन घरपरिवार एवम् विद्यालय परिवारमा जनचेतना अभिवृद्धि गर्नु आवश्यक हुन्छ । यस सन्दर्भमा विद्यालय वास्तविक रूपमा तबमात्र सुरक्षित हुन्छ, जब विद्यालयका कर्मचारी, शिक्षक र विद्यार्थीमा बाल संरक्षण तथा विद्यालय शान्ति क्षेत्रसम्बन्धी विषयमा जानकार र सचेत हुन्छन् । यसैकारण बृहत् विद्यालय सुरक्षाका सम्बन्धमा विद्यालय परिवारलाई निम्नअनुसार चरणबद्ध रूपमा सचेतना अभिवृद्धि गराउनुपर्छ :

१. **बाल संरक्षण संहिता**

   विद्यालयले अनुसूची २१ को बुँदा १ मा आधारित भएर बाल संरक्षण आचार संहिताको विकास, अनुमोदन र सम्प्रेषण गर्नुपर्छ ।

२. **सिफरिस पद्धति**

   हिंसा र गलत उपयोगमा परेका बालबालिकाको सही उपचार, रेखदेख र सिफारिस प्रणालीको स्थापना गरी अनुसूची २२ मा दिइएको प्रक्रियाअनुरूप सिफारिस प्रक्रिया अपनाउनुपर्छ ।

३. **विद्यालय शान्ति क्षेत्र**

   स्थानीय सरकाररद्वारा विकास हुने विद्यालय शान्ति क्षेत्र आचार संहिताको विकास र सम्प्रेषणमा विद्यालय सहभागी हुनुपर्छ ।

४. **विद्यालय शान्तिक्षेत्र प्रतिबद्धताको प्रदर्शन**

   स्थानीय सरकारले विकास गरी स्थानीय राजनीतिक दलहरूले समेत प्रतिबद्धता जनाएको विद्यालय शान्ति क्षेत्र प्रतिबद्धतालाई विद्यालयले सम्प्रेषण र विद्यालय हातामा स्थायी रूपमा प्रदर्शन गरी राख्नुपर्छ । विद्यालय शान्ति क्षेत्र प्रतिबद्धताका लागि खण्ड २.२ मा दिइएका विषयलाई आधार मान्न सकिनेछ ।

५. **गुनासो सुन्ने पद्धति**

   प्रत्येक विद्यालयले पृष्ठपोषण र गुनासो प्राप्त गर्न गुनासो बाकस राखी प्राप्त गुनासो वा पृष्ठपोषणको सम्बोधन र व्यवस्थापन गर्ने पद्धति स्थापना गर्नुपर्छ । गुनासो बाकस नियमित रूपमा हेर्ने, सम्बोधन गर्नु पर्ने गुनासोको तत्काल सम्बाेधन गर्ने, छलफलमा ल्याउनुपर्ने विषयमाथि अन्तरक्रिया गरी आवश्यकता अनुसार त्यसको सम्बोधन गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्छ ।

६. **गुनासोको सम्बोधन**

   प्राप्त भएका गुनासो, पृष्टपोषण, सुझावहरू दर्ता गरिएको र तिनको उचित सम्बोधन गरिएको छ भन्ने कुरा प्रधानाध्यापकले सुनिश्चित गर्नुपर्छ ।

७. **प्रभावकारिता सम्प्रेषण गर्ने**

   गुनासोको सम्बोधन, सुझावको कार्यान्वयनजस्ता विषयलाई विद्यालयले सामाजिक लेखापरीक्षण, अभिभावकसँगको बैठक र विद्यालयको वार्षिक बैठकमा प्रस्तुत गरी आफ्नो कार्यको जानकारी सम्प्रेषण गर्नुपर्छ ।

## अतिरिक्त क्रियाकलाप मार्फत बृहत् विद्यालय सुरक्षा प्रवर्द्धन कार्यक्रम सञ्चालनका चरणहरू निम्नअनुसार रहेका छन् :

बृहत् विद्यालय सुरक्षा अतिरिक्त क्रियाकलाप, बाल संरक्षण र विद्यालय शान्ति क्षेत्रसहितका विषय समेटेर विद्यार्थीहरूको बृहत् सहभागितामा राष्ट्रिय र अन्तर्राष्ट्रिय दिवसहरूको आयोजना गर्नुपर्छ । यसले विद्यालय परिवार, अभिभावक, विद्यार्थी र समुदायमा बृहत् विद्यालय सुरक्षा सम्बन्धी चेतना र ज्ञान अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । यस्ता कार्यक्रममा बृहत् विद्यालय सुरक्षासम्बन्धी विषयलाई रमाइलो ढङ्गबाट

सम्प्रेषण गर्ने विधि अपनाउनुपर्छ । यस्ता क्रियाकलाप सञ्चालन गर्नु बृहत् विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षकको जिम्मेवारी हुनेछ । बृहत् विद्यालय सुरक्षा सम्बन्धमा विद्यार्थीमा उत्थानशील चेतना अभिवृद्धिका लागि तीन अवधारणा बक्स ८ मा दिइएको छ ।

**बक्स ८ : अतिरिक्त क्रियाकलापका माध्यमबाट विद्यार्थीमा बृहत् विद्यालय सुरक्षासम्बन्धी चेतना अभिवृद्धि**

- बृहत् विद्यालय सुरक्षाका सम्बन्धमा चेतना अभिवृद्धि गर्न यससम्बन्धी क्रियाकलापमा सहभागी हुन विद्यार्थीलाई उत्प्रेरित गर्ने,
- विशेषगरी छात्रा, अपाङ्गता भएका विद्यार्थी र सामाजिक रूपमा पछाडि परेका वर्गका विद्यार्थीहरूलाई बृहत् विद्यालय सुरक्षा अतिरिक्त क्रियाकलापमा सहभागी गराउने,
- विशेष गरी उच्च सङ्कटासन्न समूह (बालबालिका, किशोरी, स्तनपान गराउने र गर्भवती शिक्षक तथा विद्यार्थी, ज्येष्ठ र अपाङ्गता भएका विद्यार्थी) का समस्या सम्बोधन गर्ने विधि र प्रक्रियामा जोड दिने ।

१. **पात्रोमा समावेशीकरण**

विद्यालयको वार्षिक पात्रोमा विद्यालय सुरक्षासँग सम्बन्धित अनौपचारिक रूपका प्रवर्द्धनात्मक क्रियाकलाप समावेश गर्नुपर्ने छ । विषयवस्तुको नमुना अनुसूची १७ मा दिइएको छ ।

२. **विद्यार्थीको सहभागिता**

विद्यार्थीलाई बालक्लबमार्फत बृहत् विद्यालय सुरक्षा क्रियाकलाप सञ्चालन गर्न, बालक्लब भित्र विद्यालय सुरक्षा समूह बनाउन र अनौपचारिक छलफललाई निरन्तरता दिन प्रेरित गर्नुपर्ने छ । यसमा विद्यार्थीको सहभागिताका केही तौरतरिका बक्स ९ मा दिइएको छ ।

३. **मिति प्रकाशन**

स्थानीय सरकार र शिक्षा स्रोतव्यक्तिलाई बृहत् विद्यालय सुरक्षा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने मिति उपलब्ध गराउँदै सहभागिताका लागि अनुरोध गर्नुपर्ने छ ।

४. **स्रोत व्यवस्थापन**

विद्यालयले सञ्चालन गर्ने यस्ता क्रियाकलापका लागि आवश्यक बजेट विनियोजन गर्ने र स्थानीय स्रोतबाट समेत व्यवस्था गरी परिचालन गर्नुपर्ने छ ।

५. **अभिलेखीकरण**

बृहत् विद्यालय सुरक्षासम्बन्धी क्रियाकलाप सम्बन्धमा प्राप्त उपलब्धिसहितको प्रतिवेदन, समाचार र फोटो आदिको अभिलेख बनाएर सुरक्षित राख्नुपर्छ ।

**बक्स ९: बृहत् विद्यालय सुरक्षा कार्यान्वयन र प्रवर्द्धनमा विद्यार्थीको सहभागिता**

- बृहत् विद्यालय सुरक्षा सञ्चालनका लागि विद्यालयको मुख्य भूमिका रहने विद्यालय विपद् व्यवस्थापन समितिमा युवा तथा बालक्लबका प्रतिनिधित्व गराउने,
- विद्यालयको गैह्रसंरचनात्मक लेखाजोखामा युवा तथा बालक्लबका प्रतिनिधिलाई सहभागी बनाउने (यसले कामबाट हुने सिकाइ अभिवृद्धि गर्छ ।),
- युवा क्लब र बालक्लबलाई विद्यालय सुरक्षा समूह गठन गर्न प्रेरित गर्ने ।

द्रष्टव्य : विद्यार्थीले बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरणसम्बन्धी विषय पाठ्यक्रम, शैक्षिक भ्रमण र बृहत् विद्यालय सुरक्षा अतिरिक्त क्रियाकलापबाट प्रत्यक्ष रूपमा ज्ञान प्राप्त गर्नसक्छन् । यसका साथै दुई दिने प्रशिक्षण कार्यक्रममा युवा र बालक्लबका प्रतिनिधिलाई पनि सहभागी गराउनु पर्छ ।

### २.१.८ बृहत् विद्यालय सुरक्षासम्बन्धमा विद्यालय परिवार, अभिभावक र स्थानीय समुदायबिच अन्तरक्रिया

बृहत् विद्यालय सुरक्षा, बाल संरक्षण र विद्यालय शान्ति क्षेत्रबारे जनचेतना अभिवृद्धिका लागि विद्यालयले स्थानीय समुदायमा जनचेतना अभिवृद्धिका लागि नियमित रूपमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुपर्छ। यसबाट यी विषयमा समुदायले अपनत्त्व ग्रहण गर्ने क्रियाकलाप सञ्चालनमा सहयोग प्राप्त हुने वातावरण तयार हुन्छ। यसका साथै फरक समूह, जात, आर्थिक हैसियतका बालबालिकामा ज्ञान र बुझाई वृद्धि भएर सिकाइ वातावरणमा सुधार ल्याउन सहयोग मिल्छ। बृहत् विद्यालय सुरक्षा सन्देश स्थानीय समुदायमा सम्प्रेषण गर्ने सहज वातावरण पनि यसबाट बन्नेछ। अन्तरक्रिया कार्यक्रमले आपत्कालीन पूर्वतयारी, प्रतिकार्य र स्थान खाली गर्ने विषयसमेत समेट्नु पर्छ। बहृत् विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षकले अभिभावक र समुदाय, विशेषगरी अपाङ्गता भएका अभिभावक, महिला र पछाडि पारिएका समूहलाई सहभागी हुन प्रेरित गर्नुपर्छ।

## बृहत् विद्यालय सुरक्षा अन्तरक्रिया कार्यक्रम सञ्चालन

१. **विषय पहिचान**

अन्तरक्रिया सञ्चालन गर्नु पहिले प्रधानाध्यापकसँग समन्वय गरी बृहत् विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा समावेशी सम्पर्क शिक्षकले बृहत् विद्यालय सुरक्षासम्बन्धी अन्तरक्रियाको विषयवस्तुको पहिचान गर्नुपर्छ। विषयवस्तुका लागि अनुसूची २४ मा सुझाव गरिएको छ। विषयवस्तुको पहिचान गर्दा बृहत् विद्यालय सुरक्षा लेखाजोखा र त्यसको कार्ययोजना, स्थानीय प्रकोपबारे जानकारी, मौसमी रूपमा पूर्वतयारीका सवाल, आपत्कालीन सञ्चार पद्धति र त्यसको व्यवस्थापन, विपद् प्रतिकार्य प्रणाली, मनोसामाजिक सहयोगका विधि र विषयवस्तु, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना आदि विषय रहनुपर्नेछ।

२. **नियमित अन्तरक्रिया**

बृहत् विद्यालय सुरक्षा, बाल संरक्षण र विद्यालय शान्ति क्षेत्रका विषयमा अभिभावक, स्थानीय समुदाय, विद्यालय व्यवस्थापन समितिका सदस्य र सरोकारवालाहरूबिच विद्यालयले प्रत्येक तीन महिनामा नियमित अन्तरक्रिया सञ्चालन गर्नुपर्छ। विद्यालय परिवारले सामाजिक र आर्थिक रूपमा पछाडि परेका समूह र वर्गलाई अतर्क्रियामा सहभागी गराउन भूमिका निर्वाह गर्नुपर्छ।

३. **सूचना दिने मिति**

अन्तरक्रिया कार्यक्रमलाई विद्यालयको वार्षिक पात्रोमा राख्नुपर्छ। यसबारे स्थानीय सरकार र स्थानीय सरकारका विपद् जोखिम न्यूनीकरण र बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिलाई जानकारी दिनुपर्छ।

४. **अभिलेख राख्ने**

बृहत् विद्यालय सुरक्षा शिक्षकले अन्तरक्रियाका सहभागीको सूची, छलफल गरिएका विषय, छलफलबाट प्राप्त सुझाव, फोटोसहितको प्रतिवेदन तयार गरी सुरक्षित रूपमा अभिलेख राख्नुपर्छ।

### २.१.९ स्थानीय अधिकारी र सरोकारवालासँग समन्वय

विद्यालय परिवार र विद्यालयको सेवाक्षेत्रका समुदायको तर्फबाट समेत विद्यालयले स्थानीय सरोकारवालासँग समन्वय गर्नुपर्छ। बृहत् विद्यालय सुरक्षा कार्यक्रमलाई उच्च स्थान दिएर कार्यक्रम सञ्चालनका लागि स्रोत परिचालनलाई सहज बनाउन स्थानीय सरकारसँग समन्वय गरी कार्य गरिरहेका विभिन्न निकाय र साझेदारसँग समन्वय गर्नु राम्रो हुनेछ। विद्यालयले बहृत् विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा सामाजिक समावेशी शिक्षक मार्फत स्थानीय सरकार, स्थानीय विपद् व्यवस्थापन समिति र शिक्षा समितिसँग निरन्तर रूपमा सम्पर्क र समन्वय गर्नुपर्छ। स्थानीय सरकारको वडा कार्यालय, सेवा केन्द्र, सहकारी, अस्पताल, स्वास्थ्यचौकी, रेडक्रस, प्रहरी चौकी, समुदायमा आधारित संस्था, गैह्रसरकारी संस्था र अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थासँगको समन्वयलाई प्रभावकारी बनाउनुपर्छ। यसका आधारमा विपद्का समय र विपद्पछि विद्यालयलाई सहयोग गर्नसक्ने संस्था र व्यक्तिको सूची पनि तयार गर्नुपर्छ। स्थानीय सरकारले पनि यसप्रकारको सूची तयार गर्नु आवश्यक छ (हेर्नुहोस्: खण्ड २.२)।

**स्थानीय अधिकारी र सरोकारवालाहरूसँग विद्यालयद्वारा गर्ने समन्वयका चरणहरू निम्नअनुसार रहेका छन् :**

१. **निकायको पहिचान**
   विद्यालय सुरक्षा, विपद् पूर्वतयारी, विपद् प्रतिकार्य र विपद्पछि विद्यालय निरन्तरताका लागि सहयोग गर्ने निकाय वा व्यक्तिको पहिचान गर्नुपर्ने छ ।

२. **सूची तयारी**
   बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षकले स्थानीय सहयोगी निकाय र सम्पर्क व्यक्तिको सूची अनुसूची २६ को ढाँचामा तयार गर्नुपर्ने छ ।

३. **अद्यावधिक**
   सूचीलाई वार्षिक रूपमा वा आवश्यकता अनुसार अद्यावधिक गर्नुपर्ने छ ।


## २.२ स्थानीय सरकारका लागि बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि

गुणस्तरीय शिक्षामा प्रत्येक बालबालिकाको पहुँच सुनिश्चित गर्ने कार्यमा स्थानीय सरकार[३] स्थानीय सरकारको महत्त्वपूर्ण भूमिका रहन्छ । अहिलेको सङ्घीय संरचनाअनुरूप स्थानीय सरकारले विद्यालय सुरक्षाको प्रवर्द्धन गर्न स्थानीय शिक्षा नीति, नियम, निर्देशिका तयार गरी आवश्यक कार्य सम्पादन गर्ने नेतृत्व लिनसक्ने व्यवस्था भएका कारण स्थानीय सरकारको भूमिका अझ बढेको हो ।

विद्यालयमा बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय सरकारका अवयवहरू निम्नअनुसार छन् (चित्र ६) :


- स्थानीय सरकारका विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्ति, (विद्यालय र विद्यालयबाहेकका क्षेत्रमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी विषयका समन्वयकर्ता जसलाई यस पहिले विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्ति भनिथ्यो । यस्ता व्यक्ति वन, वातावरण, फोहोर व्यवस्थापन र विपद् व्यवस्थापन शाखाबाट लिन सकिन्छ ।)
- स्थानीय सरकारका शिक्षा शाखा प्रमुख,
- स्थानीय सरकारका इन्जिनियर,
- स्थानीय सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क व्यक्ति,
- स्थानीय विपद् व्यवस्थापन समिति,
- स्थानीय सरकारको शिक्षा समिति,
- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा (पहिले स्थानीय विपद् जोखिम न्यूनीकरण योजना भनिएको)

यस खण्डले बृहत् विद्यालय सुरक्षामा स्थानीय सरकारको भूमिका र जिम्मेवारीलाई प्रस्तुत गरेको छ (चित्र ७) :




चित्र ६: बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय सरकारका सम्पर्क व्यक्ति, निकाय र योजना तर्जुमा प्रक्रिया

३ नेपालको नयाँ सङ्घीय संरचना (२०७२/७३) अनुसार चार प्रकारका स्थानीय सरकार (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका), निर्वाचित पदाधिकारी र कर्मचारीहरू हुन्छन् ।




**चित्र ७: बृहत् विद्यालय सुरक्षाका लागि स्थानीय सरकारको काम**

### २.२.१ बृहत् विद्यालय सुरक्षा सम्बन्धमा स्थानीय सरकारको क्षमता विकास

देशमा स्थापित तीन तहको सङ्घीय संरचनाअनुसार स्थानीय सरकारले गुणस्तरीय शिक्षाको विकासका लागि स्थानीय शिक्षा नीति र नियम तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ । बृहत् विद्यालय सुरक्षाका सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको भूमिका र जिम्मेवारी निर्धारण हुन बाँकी रहेको छ । बृहत् विद्यालय सुरक्षा सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७४ का आधारमा स्थानीय सरकारले परिभाषित गर्नु आवश्यक छ ।

स्थानीय सरकारले बृहत् विद्यालय सुरक्षाका लागि आफ्नो क्षमता विकास गर्नु जरुरी छ । यसका आधारमा विद्यालयलाई बृहत् विद्यालय सुरक्षा, बाल संरक्षण र विद्यालय शान्ति क्षेत्रको कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत, साधान उपलब्ध गराउँदै समन्वय र सहजीकरणको पद्धति स्थापित गर्न सक्नेछ ।

**बृहत् विद्यालय सम्बन्धमा स्थानीय सरकारको क्षमता विकासका चरणहरू निम्नअनुसार रहेका छन् :**
स्थानीय सरकारले बृहत् विद्यालय सुरक्षाका लागि विद्यालयलाई सहयोग गर्न आफ्नै पनि क्षमता विकास गर्नु आवश्यक हुन्छ । क्षमता विकास गर्नका लागि स्थानीय सरकारले प्रादेशिक र सङ्घीय सरकारसँग आवश्यकता अनुसार विज्ञ सेवाका लागि आग्रह गर्नुपर्नेछ ।

१. **विपद् जोखिम न्यूनीकरण र बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्ति**
   बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि स्थानीय सरकारको शिक्षा शाखामा विपद् जोखिम न्यूनीकरण तथा बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्ति नियुक्त गर्नुपर्छ । सम्पर्क व्यक्तिको कार्य विवरणको नमुना अनुसूची २८ मा दिइएको छ ।

२. **स्रोतव्यक्ति**
   बृहत् विद्यालय सुरक्षासम्बन्धी अभिमुखीकरण र प्रशिक्षणका लागि जिल्लाको शिक्षा विकास तथा समन्वय इकाई वा प्रदेश सरकारसँग स्रोत व्यक्ति माग गर्नुपर्ने छ ।

३. **अभिमुखीकरण**
   स्थानीय सरकारका प्रतिनिधि, शिक्षा अधिकृत, विपद् जोखिम न्यूनीकरण तथा बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्ति, शिक्षा अधिकृत, लैङ्गिक समानता तथा सामाजिक समावेशी शिक्षक, स्थानीय सरकारका अधिकारीका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न स्रोतको विनियोजन गर्नुपर्ने छ । अभिमुखीकरणका लागि सिफारिस गरिएका विषयवस्तुका लागि अनुसूची २९ हेर्नुहोला ।

४. **बृहत् विद्यालय सुरक्षा कार्यविधि**
   अनुसूची ३२ मा मार्गदर्शन गरिएबमोजिम स्थानीय सरकारले बृहत् विद्यालय सुरक्षा कार्यविधि (CSS Standard operating procedures) तर्जुमा गर्नुपर्ने छ ।

### २.२.२ विद्यालयमा बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि सहजीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार सुरक्षित वातावरणमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने जिम्मेवारी स्थानीय सरकारको रहेको छ । यसका लागि विद्यालयको भौतिक सुरक्षा सुनिश्चित गर्नु स्थानीय सरकारको दायित्त्व हो । बृहत् विद्यालय सुरक्षा क्रियाकलाप सञ्चालनका लागि थोरै विद्यालयलहरूले मात्र प्राविधिक मानव संसाधनको व्यवस्था गरेका छन् । त्यसकारण स्थानीय सरकारले बृहत् विद्यालय सुरक्षा कार्यक्रम सञ्चालन गर्न विपद् जोखिम न्यूनीकरण तथा बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्ति, इन्जिनियर, प्राविधिक र अन्य मानव संसाधन तथा बजेट विद्यालयलाई उपलब्ध गराउनु पर्छ । सरकारको सहजीकरण र सहयोग नै सुरक्षित विद्यालयको विकासका लागि महत्त्वपूर्ण पाटो हो ।

**बृहत् विद्यालय सुरक्षाका सम्बन्धमा विद्यालयको क्षमता अभिवृद्धिमा सहयोग**

१. **प्रशिक्षक प्रशिक्षण**

प्रधानाध्यापक, बृहत् विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालय व्यवस्थापन समितिका बृहत् विद्यालय सुरक्षा सम्पर्क सदस्यहरूका लागि स्थानीय सरकारले सहजीकरण गरिनेछ । दुईदिने प्रशिक्षक लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने स्रोत विनियोजन पनि गरिने छ ।

२. **प्रशिक्षण**

स्थानीय सरकारले सामाजिक विकास अधिकृत, बाल संरक्षण अधिकृत र विपद् जोखिम न्यूनीकरण तथा बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिलाई प्रशिक्षणमा सहजीकरण गर्न परिचालन गरिने छ ।

३. **सूची**

बृहत् विद्यालय सुरक्षा प्रशिक्षण कार्यका लागि विपद् जोखिम न्यूनीकरण तथा बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिले प्रशिक्षकहरूको सूची तयार गर्नुपर्ने छ ।

**बृहत् विद्यालय सुरक्षासम्बन्धी क्रियाकलाप सञ्चालन गर्न विद्यालयलाई सहयोग**

१. **सहयोग**

प्रशिक्षकका लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न विद्यालयलाई प्राविधिक र आवश्यक स्रोत उपलब्ध गराउनुपर्ने छ ।

२. **बृहत् विद्यालय सुरक्षा कार्ययोजना तर्जुमा**

विद्यालयलाई बृहत् विद्यालय सुरक्षा कार्ययोजना तयारी गर्न प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने छ । बृहत् विद्यालय सुरक्षा कार्ययोजना कसरी तयार गर्ने भन्ने विषयका लागि विद्यालय सुधार योजना निर्देशिका (DoE 2017a) को खण्ड ५ र यस मार्गदर्शनको खण्डको सहयोग लिनु सान्दर्भिक हुने छ ।

३. **स्थानीय योजनामा बृहत् विद्यालय सुरक्षा समायोजन**

बृहत् विद्यालय सुरक्षा कार्ययोजनाका महत्त्वपूर्ण क्रियाकलापलाई बस्ती र वडा तहका योजना हुँदै स्थानीय सरकारको वार्षिक योजना र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा समावेश गरिनुपर्छ । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा बृहत् विद्यालय सुरक्षा क्रियाकलापलाई समावेश गर्ने विधि अनुसूची ३१ मा दिइएको छ ।

४. **बजेट विनियोजन**

विद्यालयको संरचनात्मक र गैह्रसंरचनात्मक लेखाजोखाबाट पहिचान भएका जोखिम र तिनको अल्पीकरणसहित बृहत् विद्यालय सुरक्षा कार्ययोजनाको कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने वार्षिक बजेट विनियोजन गरिनुपर्छ ।

५. **कोष परिचालन**

ठुलो लागतको निर्माण गर्नुपर्ने आवश्यकता भएमा प्रादेशिक र सङ्घीय सरकारका शिक्षा निकायसँग अतिरिक्त बजेट माग गरिनुपर्छ ।

### ६. प्राविधिक सहयोग परिचालन

विद्यालयको लेखाजोखा, अनुगमन, रेखदेख, गुणस्तर नियन्त्रण र प्रतिवेदन तयारीका लागि प्राविधिक नियुक्त र परिचालन गर्नुपर्ने छ ।

### ७. प्रकोप, सङ्कटासन्नता तथा क्षमता लेखाजोखाको नेतृत्व

प्रकोप, सङ्कटासन्नता र क्षमता लेखाजोखा औजारको प्रयोग गरी विद्यालयको प्रकोप जोखिम लेखाजोखा गर्न नेतृत्व गर्नुपर्ने छ (औजारका लागि अनुसूची ६ हेर्नुहोस्) ।

### ८. जनचेतना अभिवृद्धि

विद्यालयमा बृहत् विद्यालय सुरक्षाबारे जनचेतना अभिवृद्धिका लागि प्राविधिक तथा समन्वयमा सहयोग गर्नुपर्ने छ । यसका लागि विद्यालय परिवार, जिल्लास्थित निकाय र सरोकारवालाबिच समन्वय गरी आवश्यक अनुगमन र निरन्तरताका लागि व्यवस्था गर्नुपर्ने छ ।

### ९. संरचनात्मक सुरक्षा लेखाजोखामा सहयोग

विपद् जोखिम न्यूनीकरण - बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिहरूलाई नियुक्तगरी उनीहरूलाई विद्यालयको संरचनात्मक र गैह्रसंरचनात्मक लेखाजोखा गर्न आवश्यक सहयोग गर्नुपर्ने छ । लेखाजोखाका लागि मार्गदर्शन अनुसूची ९ र १० मा दिइएको छ । सम्पर्क व्यक्तिले लेखाजोखाका लागि इन्जिनियर, सहायक इन्जिनियर र अन्य व्यक्तिलाई आवश्यक सहयोग गर्नुपर्नेछ ।

- तथ्याङ्क व्यवस्थापन

  बृहत् विद्यालय सुरक्षासम्बन्धी योजना, कार्यक्रमका तथ्याङ्क व्यवस्थापनका लागि विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिलाई उपयुक्त फाराम र नमुना (कम्प्युटर वा लिखित रूपमा) तयार गर्न सहयोग र प्रेरणा दिई ती सूचना शिक्षा सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टिका लागि सहज वातावरण तयार गरिदिनुपर्ने छ ।

- अभिलेखीकरण

  विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिले बृहत् विद्यालय सुरक्षासम्बन्धी प्रशिक्षण र अभिमुखीकरणसम्बन्धी सूचना तथा तथ्याङ्क अद्यावधिक गरी शिक्षा सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि गर्नुपर्छ ।

## बृहत् विद्यालय सुरक्षा कार्यान्वयन प्रवर्द्धनका चरण

### १. प्रवर्द्धन

बृहत् विद्यालय सुरक्षासम्बन्धी उपयुक्त सूचना, शिक्षा तथा सञ्चार सामग्रीको उपयोग गरी सूचना तथा सम्प्रेषण रणनीतिको प्रवर्द्धन गर्दै बृहत् विद्यालय सुरक्षा क्रियाकलापलाई विद्यालय सुरक्षा सरोकारवाला समक्ष प्रस्तुत गर्नुपर्ने छ ।

### २. सामग्री आपूर्ति

विद्यालयलाई आपत्कालीन समयमा चाहिने सामग्री, आपत्कालीन समयमा शिक्षालाई निरन्तरता दिन आवश्यक पर्ने सामग्रीको आपूर्ति गरी स्थानीय सरकारको कार्यालयमा सुरक्षित र सहज उपलब्ध हुनसक्ने स्थानमा पूर्वतयारी अवस्थामा राख्नुपर्ने छ ।

### २.२.३ बाल संरक्षण, विद्यालय शान्ति क्षेत्र संहिताको विकास र कार्यान्वयनमा सहजीकरण

नेपालको संविधानले बाल संरक्षण र प्रत्येक बालबालिकाले सुरक्षित र शान्त वातावरणमा शिक्षा प्राप्त गर्न पाउने कुरालाई सुनिश्चित गरेको छ । विद्यालयलाई शान्ति क्षेत्रको रूपमा विकास गर्न स्थानीय सरकारबाट विद्यालयले सहयोग पाउनुपर्छ ।

**बाल संरक्षण र विद्यालय शान्ति क्षेत्रको प्रवर्द्धन गर्न स्थानीय सरकारले गर्नुपर्ने कामका चरणहरू निम्नअनुसार रहेका छन् :**

१. **विद्यालय शान्ति क्षेत्र तयारी**

अनुसूची २१ को दोस्रो भागमा दिइएको नमुनाअनुरूप विद्यालय शान्ति क्षेत्र घोषणपत्र तयार गरी अनुमोदन गर्नुपर्ने छ । घोषणापत्र तयार गर्दा स्थानीय विद्यालय तथा राजनीतिक दलहरूसँग समन्वय गरी अन्तिम रूप दिएर राजनीतिक दलका प्रतिनिधि, विद्यालय व्यवस्थापन समिति र शिक्षक सबैको हस्ताक्षरका लागि सहजीकरण गर्नुपर्ने छ ।

२. **विद्यालय शान्ति क्षेत्र घोषणा प्रकाशन**

विद्यालय शान्ति क्षेत्र घोषणापत्र तयार गरी त्यसलाई सार्वजनिक रूपमा सञ्चारमाध्यम, सामाजिक सञ्जालमार्फत प्रसारण र बोर्ड बनाएर विद्यालयमा सबैले देख्ने स्थानमा राख्नुपर्ने छ ।

३. **पारदर्शिता**

नागरिक बडापत्र र पृष्ठपोषण तथा गुनासो प्राप्त गर्न सबैले देख्ने स्थानमा गुनासो बाकस राखी बृहत् विद्यालय सुरक्षाका विषयसमेत समावेश र नागरिक बडापत्र फ्लेक्समा मुद्रण गरी सबैले देख्ने स्थानमा राख्नुपर्ने छ ।

४. **प्रेस वक्तव्य**

बक्स १० मा प्रस्तुत गरिएका बुँदाअनुरूप विद्यालय शान्ति क्षेत्रसम्बन्धी प्रेसविज्ञप्ति निकालेर स्थानीय सञ्चारमाध्यमबाट प्रचार प्रसार गर्नुपर्ने छ ।

५. **आचारसंहिता पालनाका लागि दबाब सिर्जना**

बाल संरक्षण आचार संहिताको अनुगमन र पुनरावलोकन गरी विद्यालयले कम्तीमा पनि १९२ दिन पठनपाठन गराएको सुनिश्चित गर्न विद्यालय सुधार योजना प्रगति प्रतिवेदनको निरीक्षण गर्नुपर्ने छ ।

**बक्स १० : विद्यालय शान्ति क्षेत्रबारे प्रेस विज्ञप्ति प्रकाशन गर्दा राख्नुपर्ने विषय (शिक्षा मन्त्रालय, २०११)**

- विद्यालयलाई हतियारयुक्त द्वन्द्व र कुनै पनि प्रकारको हिंसाबाट स्वतन्त्र राखौँ,
- विद्यालयलाई राजनीतिक तथा अन्य कुनै पनि हस्तक्षेपबाट स्वतन्त्र राखौँ,
- विद्यालयलाई भेदभाव, हिंसा, अपहेलना, विमुखता र शोषणबाट मुक्त राखौँ,
- वर्षको कम्तीमा पनि २२० विद्यालय खुला गरौँ र कम्तीमा १९२ पठनपाठन हुने सुनिश्चितता गरौँ ।

### २.२.४ विद्यालयलाई बृहत् विद्यालय सुरक्षा शिक्षणमा सहयोग

बृहत् विद्यालय सुरक्षाबारे सम्पूर्ण नागरिक जानकार हुन् भन्ने लक्ष्य स्थानीय सरकारको हुनुपर्छ । यस सम्बन्धमा नागरिकलाई सचेत गराएर बृहत् विद्यालय सुरक्षाका विषयलाई पाठ्यक्रममा राख्ने विधि अपनाउनुपर्छ ।

**विद्यालय शिक्षणमा बृहत् विद्यालय सुरक्षा र बाल संरक्षणका विषय समावेश भएको सुनिश्चित गर्ने चरणहरू निम्नअनुसार रहेका छन् :**

१. **आवश्यकता पहिचान**

कमीकमजोरीको लेखाजोखा र विद्यालय सुधार योजनाको पुनरावलोकन (बृहत् विद्यालय सुरक्षा लेखाजोखा प्रतिवेदन, प्रकोप, सङ्कटासन्नता तथा क्षमता लेखाजोखा र कार्ययोजना) र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको माध्यमबाट स्थानीय आवश्यकता (बृहत् विद्यालय सुरक्षा, जलवायु परिवर्तन, बाल संरक्षण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाल) को पहिचान गर्नुपर्ने छ ।

२. **स्थानीय पाठ्यक्रमका विषयवस्तु**

प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म सबै कक्षाका लागि पाठ्यक्रम विकास केन्द्रद्वारा छुट्याइएको स्थानीय पाठ्यक्रममा बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरणसम्बन्धी पाठ्यक्रम तयार गर्न विषयवस्तु तयार गर्नुपर्ने छ ।

३. **सामग्री**

सङ्कटासन्न समूहलाई दृष्टिगत गरी उनीहरूका आवश्यकता सम्बोधन हुनेगरी विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन र उत्थानशीलतासँग सम्बन्धित सामग्री तयार गर्ने वा विभिन्न क्षेत्रसँग समन्वय गरी सन्दर्भ सामग्रीको रूपमा उपयोग गर्नुपर्ने छ ।

४. **अभिमुखीकरण**

स्थानीय पाठ्यक्रमका विषयवस्तुबारे प्रधानाध्यापक र विषय शिक्षकलाई अभिमुखीकरण गर्न सम्बन्धित विज्ञ वा शिक्षा अधिकृतलाई परिचालन गर्नुपर्ने छ ।

५. **अद्यावधिक गर्ने**

शिक्षाविद्, प्रदेश स्तरीय शिक्षा विकास निर्देशनालय, पाठ्यक्रम विकास केन्द्रको आवश्यकता अनुसारको सहकार्यमा बृहत् विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन सम्बन्धी शैक्षिक सामग्रीको पुनरावलोकन गर्नुपर्ने छ ।

६. **परीक्षाका लागि प्रश्न**

विद्यालयका विभिन्न तह र सरकारी प्रशासनिक पद आपूर्ति परीक्षाका लागि तयार गरिने प्रश्नावलीमा बृहत् विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन र विद्यालय शान्तिक्षेत्रका विषयका प्रश्न समावेश गर्नुपर्ने छ ।

### २.२.५ विद्यालयमा बृहत् विद्यालय सुरक्षा कार्यान्वयनको पर्यवेक्षण

विद्यालयले कार्यान्वयन गर्ने बृहत् विद्यालय सुरक्षा क्रियाकलापको रेखदेख गर्नु स्थानीय सरकारको महत्त्वपूर्ण कार्य हो ।

**विद्यालयद्वारा सञ्चालन हुने बृहत् विद्यालय सुरक्षा क्रियाकलापको रेखदेखका चरणहरू निम्नअनुसार रहेको छ :**

१. **बृहत् विद्यालय सुरक्षा विद्यालय सम्पर्क व्यक्तिहरू**

प्रत्येक विद्यालयका विद्यालय व्यवस्थापन समितिले बृहत् विद्यालय सम्पर्क सदस्य, बृहत् विद्यालय सुरक्षा शिक्षक र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षक मनोनयन गरेको सुनिश्चित गरिने छ । ती व्यक्तिहरूको कार्य विवरणको नमुना अनुसूची १, २ र ३ मा दिइएको छ ।

२. **अनुगमन**

निम्नलिखित विषयका लागि विद्यालयलाई सहजीकरण र अनुगमन गर्नुपर्ने छ :

- बृहत् विद्यालय सुरक्षा कार्ययोजना जुन विद्यालय सुधार योजना र वार्षिक पात्रोमा समावेश गरिएको छ (हेर्नुहोस् अनुसूची १७ र ३१),
- प्रकोप, सङ्कटासन्नता तथा क्षमता लेखाजोखाका आधारमा न्यूनतम् पूर्वतयारी र अल्पीकरण विधि अपनाइएको छ,
- विद्यालयले बाल संरक्षण, विद्यालय शान्ति क्षेत्र र उत्थानशील शिक्षासहित बृहत् विद्यालय सुरक्षा क्रियाकलाप कार्यान्वयन गरेको छ,
- विपद् लगत्तै विद्यालय खुलाउन विद्यालय निरन्तरतया योजना तयार र अद्यावधिक छ,
- मनोसामाजिक सेवा उपलब्ध गराउने संस्थाहरूको सूची अद्यावधिक छ,
- बृहत् विद्यालय सुरक्षासँग सम्बन्धित तथ्याङ्क र प्रतिवेदन तयारी छ,
- विद्यालय परिवार, अभिभावक, स्थानीय समुदायबिच हुने बृहत् विद्यालय सुरक्षा सम्बन्धी अन्तरक्रियामा स्थानीय सरकारका प्रतिनिधिको उपस्थिति सुनिश्चित गर्नुपर्ने छ ।

### २.२.६ स्थानीय अधिकारी र सरोकारवालासँग समन्वय

बृहत् विद्यालय सुरक्षा क्रियाकलापको कार्यान्वयनका लागि स्थानीय निकायहरूसँग स्थानीय सरकारले नियमित रूपमा समन्वय र स्रोत व्यवस्थापनमा लचकता अपनाउनुपर्छ ।

**बृहत् विद्यालय सुरक्षाका लागि समन्वय पद्धति स्थापित गर्ने चरणहरू निम्नअनुसार रहेका छन् :**

१. **बृहत् विद्यालय सुरक्षाका लागि स्थानीय निकायहरूको पहिचान**
स्थानीय सरकारका विपद् जोखिम न्यूनीकरण र बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिले सम्बन्धित स्थानीय तहमा बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरणमा कार्यरत निकायसहित खोज तथा उद्धार समूह, नेपाल रेडक्रस सोसाइटी, नेपाल प्रहरी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैह्रसरकारी संस्था, समुदायमा आधारित संस्था र अन्य विद्यालयको पहिचान गर्नुपर्छ ।

२. **सूची तयारी**
सम्पर्क व्यक्तिले उल्लेख भएका निकाय तथा व्यक्तिको सूची तयारी र नियमित रूपमा अद्यावधिक गर्नुपर्छ । ढाँचाका लागि अनुसूची ३३ हेर्नुहोला ।

## २.३. प्रदेश सरकारका लागि बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि

विद्यालय र स्थानीय सरकार यस निर्देशिकाको पहिलो उपयोगकर्ता हुन् । तथापि बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरणका मुख्य जिम्मेवार स्थानीय सरकारबाट यसको प्रभावकारी कार्यान्वयनका लागि प्रादेशिक र सङ्घीय सरकारको रणनीतिक पृष्ठपोषण र सहयोग आवश्यक पर्छ ।

स्मरणीय छ, विद्यालय र स्थानीय सरकारको जिम्मेवारीभित्र प्रादेशिक तथा सङ्घीय सरकारको जिम्मेवारी पनि प्रतिबिम्बित हुन्छ ।

**महत्त्वपूर्ण बुँदा :**

१. प्रदेशको सामाजिक विकास मन्त्रालय र शिक्षासँग सम्बन्धित गैह्रसरकारी सरोकारवालाहरूबाट बृहत् विद्यालय सुरक्षा योजना तयारी स्रोतको लेखाजोखा (विद्यालय भवनको पुनर्निर्माण र प्रबलीकरणका लागि समेत) र प्रदेशभित्र बृहत् विद्यालय सुरक्षाको प्रवर्द्धनका लागि विद्यालय तथा स्थानीय सरकारलाई सहयोग गर्नुपर्नेछ ।
२. विद्यालय र स्थानीय सरकारको तहमा यस कार्यविधिको पूर्ण कार्यान्वयनका लागि नियमित रूपमा स्पष्ट प्रतिवेदनका निमित्त प्रदेश सरकारले शिक्षा सूचना व्यवस्थापन (EMIS) प्रणाली तयार गर्नु आवश्यक छ । स्मरण रहोस्, शैक्षिक सूचना व्यवस्थापन प्रणाली अहिले सङ्घीय सरकारसँग मात्र रहेको छ ।
३. यस कार्यविधिले प्रदेशभित्र एकीकृत रूपमा बृहत् विद्यालय सुरक्षाको प्रवर्द्धन र कार्यान्वयन गर्न सहयोग गर्नेछ ।
४. यस कार्यविधिले लक्ष्य प्राप्तिका लागि प्रदेश सरकार र अन्य सरोकारवालाबिच स्रोतको बाँडफाँड तथा परिचालनमा सहयोग गर्नेछ ।
५. यस कार्यविधिले सेन्डाइ विपद् जोखिम न्यूनीकरणका लागि कार्यढाँचा (Sendai Framework for Disaster Risk Reduction) र विद्यालय सुरक्षाका लागि विश्वव्यापी पहलहरूको प्रादेशिक तहमा कार्यान्वयन गर्न विद्यालय तहका क्रियाकलापमा प्राज्ञ, बालबालिका, युवा समूहको सहभागिता अभिवृद्धि गर्न सहयोग गर्नेछ ।

## २.४. सङ्घीय सरकारका लागि बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि

प्रस्तुत कार्यविधिले सतहमा निर्णय प्रक्रिया, स्रोतको व्यवस्थापन, योजना तर्जुमा र स्रोत परिचालनका लागि सहजीकरण गर्नेछ ।

**महत्त्वपूर्ण बुँदा**

१. प्रस्तुत कार्यविधि सङ्घीय सरकारबाट बृहत् विद्यालय सुरक्षामैत्री नीति, नियम, निर्देशिका, कार्यविधि तर्जुमाका लागि सन्दर्भसामग्रीको रूपमा उपयोग हुनेछ ।

२. यस कार्यविधिको कार्यान्वयनबाट सङ्घीय सरकारलाई अझ प्रभावकारी र बृहत् रूपको शैक्षिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी कार्यान्वयन गर्न र बृहत् विद्यालय सुरक्षाका लागि बजेट विनियोजन गर्न सहजता ल्याउनेछ ।

३. प्रस्तुत कार्यविधिको कार्यान्वयनबाट बृहत् विद्यालय सुरक्षा क्रियाकलापका लागि थप सहयोग गर्न दाता र विकास साझेदारसँग आग्रह गर्न सङ्घीय सरकारलाई सहज वातावरण तयार हुने छ ।

## २.५ बृहत् विद्यालय सुरक्षा कार्यान्वयनको प्रवर्द्धन

बृहत् विद्यालय सुरक्षा कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि बृहत् विद्यालय सुरक्षा सूचना तथा सम्प्रेषण रणनीति तयार गरिएको छ । यस रणनीतिले बृहत् विद्यालय सुरक्षा कार्यान्वयन अभियान र महत्त्वपूर्ण सन्देश (CEHRD 2018b) प्रवाहका लागि सङ्घीय र प्रदेश सरकार; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र यसका सहयोगी निकाय, गैह्रसरकारी सहयोगी संस्थाहरू (राष्ट्रिय र अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था, दाता र सञ्चार) लाई आवश्यक मार्गदर्शन गर्नेछ । यस प्रकारको अभियान बृहत् विद्यालय सुरक्षा क्रियाकलापलाई प्रभावकारी बनाई विद्यालय सुरक्षा सुनिश्चित गर्न विद्यालय, स्थानीय सरकारलाई उत्प्रेरित गर्नु र खासगरी न्यूनतम् प्याकेजको कार्यान्वयन गर्नु रहेको छ । बृहत् विद्यालय सुरक्षाका लागि स्थानीय सरोकारवाला र स्थानीय सरकारका लागि न्यूनतम् प्याकेज उपयोगी हुनेछ ।

## References


A Practical Guideline to Making School Safer from Natural Disaster, 2014. Web. Accessed: July 10, 2018 https://www.wcdrr.org/wcdrrdata/uploads/881/Making%20school%20safer%20from%20natural%20disasters%20Guide%20-%20Indonesia.pdf

Background Study on Disaster Risk Reduction and Preparedness Education for the Development of the School Sector Development Plan (SSDP), (DRR Final Report JICA 2015)

Community Based Disaster Preparedness: Hazard, Vulnerability and Capacity Assessment. Danish Red Cross, European Commission Humanitarian Aid.

Community Based Disaster Preparedness: Training Manual on Disaster Preparedness. Danish Red Cross, European Commission Humanitarian Aid.

Complaint Hearing Guideline 2074, Department of Education

Comprehensive School Safety Framework, UNISDR/Global Alliance for Disaster Risk Reduction & Resilience in the Education Centre, 2014

Comprehensive School Safety Master Plan, Nepal, 2017, Government of Nepal, Ministry of Education

Comprehensive School Safety Minimum Package (CSSMP) Volume 1, Ministry of Education Science and Technology, Government of Nepal, 2018

Comprehensive School Safety Minimum Package (CSSMP) Volume 2, Ministry of Education Science and Technology, Government of Nepal, 2018

Comprehensive School Safety Practice in Asia, published by World Vision, East Asia, Bangkok

Construction Monitoring and Supervision Guideline, Volume I: Quality Monitoring by School Management Committee, NSET 2016.

Construction Monitoring and Supervision Guideline, Volume II: Supervision Guideline for Technical People, NSET 2016.

Disaster Early Warning Systems in Nepal: Institutional and Operational Frameworks, SheshKantaKaflehttps://www.omicsonline.org/open-access/disaster-early-warning-systems-in-nepal-institutional-and-operational-frameworks-2167-0587-1000196.php?aid=88818)
Disaster Risk Reduction and Management Resource Materials for Class 1-5 MoE/CDC, UNESCO, 2015

Disaster Risk Reduction and Management Resource Materials for Teachers MoE/CDC, UNESCO, 2015

Draft Safe School Policy 2074. MoE/DoE – 2074.

First Aid/Nepal Red Cross Societyhttp://www.nrcs.org/program/first-aid).
Guidance Notes on Safer School Construction, GFDRR. ISDR, INEE and The World Bank

Gautam, Dhruba. Guideline to Safe-School Construction for the Tarai Region of Nepal. A Joint Initiative of Department of Education/Government of Nepal ActionAid Nepal and Mercy Corps. 2012.

Gautam, Dhruba. Safe School Toolkit, Plan Nepal. 2013

Gautam, Dhruba. Safe School Policies and Practices: Good Initiatives, Gaps, Implications and the Way Forward. Plan Nepal. 2013

Guidelines for Developing Type Designs for School Buildings in Nepal, DoE 2016.

Guideline for Water Sanitation and Hygiene in School (draft)

Manual on Seismic Vulnerability Assessment of School Buildings in Nepal, DOE, 2014 (Draft)

Minimum Initial Service Package (MISP), UNFPA

National Guidelines for School Disaster Safety, Ministry of Education and National Institute of Education and Ministry of Disaster Management and Human Rights Disaster Management Centre

National Society for Earthquake Technology – Nepal (NSET), Safer Society Annual Report 2017

Nepal 2015 Earthquake, Post Disaster Needs Assessment (PDNA), Volume A: Key Findings, 2015, GoN /NPC

Nepal 2015 Earthquake, Post Disaster Needs Assessment (PDNA), Volume B: Sector Reports, 2015, GoN/NPC

Participatory School Disaster Management Toolkit 2015, Save the Children

Safer Schools, Resilient Communities, a Comparative Assessment of School Safety after the 2015 Nepal Earthquakes, Rebekah Paci-Green, Bishnu Pandey, Robert Fridman, August 2015

School as a Zone of Peace National Framework and Implementation Guideline 2068

School Health Minimum Package, Ministry of Education, Republic of Rwanda, World Health Organization, May 2014

School Improvement Plan (SIP), Development Guideline 2074, Ministry of Education/Department, 2074

School Sector Development Plan (2016-2023), Government of Nepal, Ministry of Education

Search and rescue response and coordination (natural disasters)*https://emergency.unhcr.org/entry/108505/search-and-rescue-response-and-coordination-natural-disasters*
Seismic Retrofitting guidelines of buildings in Nepal, DUDBC 2016.

Seismic Vulnerability Evaluation Guideline for Private and Public Buildings, DUDBC 2011.

Supplementary Training Manual on Annual SIP Updating and Reference Materials for School Disaster Preparedness, January 2016 Department of Education

Teachers Guideline on School Management in Emergency Situation after an Earthquake, MoE/CDC, 2015

Tool kit for building disaster -resilient school communities in South East Asia, 2014

Toolkit for Building Disaster- Resilient School Communities in South Asia, Philippines, 2014

Tools for the assessment of School and Hospital safety for Multi-hazards in south Asia, UN Habitat, SAARC, UNISDR. Updated Contingency Plan for Education Cluster Nepal, 2017, Government of Nepal, Department of Education

# अनुसूचीहरू

# खण्ड क

## विद्यालयका लागि बृहत् विद्यालय सुरक्षा कार्यान्वयन औजार

## अनुसूची १ : विद्यालय व्यवस्थापन समितिका बृहत् विद्यालय सुरक्षा सम्पर्क सदस्यको कार्य विवरण

| | |
|---|---|
| द्रष्टव्य : विद्यालयलाई प्रस्तुत कार्य विवरण स्वीकार गर्न आग्रह गरिन्छ र स्थानीय परिवेश र आवश्यकताअनुसार बुँदाहरू थप गर्न सकिनेछ । | |
| कार्य विवरणको उद्देश्य | विद्यालय व्यवस्थापन समितिका बृहत् विद्यालय सुरक्षा सम्पर्क सदस्यको भूमिका र जिम्मेवारीलाई विशिष्टीकृत रूपमा आधिकारिकता प्रदान गर्नु । |
| पूर्वसर्त | प्रत्येक विद्यालयका विपद् व्यवस्थापन समितिले बृहत् विद्यालय सुरक्षा सम्पर्क सदस्य तोक्नेछन् । यस कार्यविभाजनलाई सदस्यको प्रभावकरिताका आधारमा प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने छ । |
| जिम्मेवारी | कार्य विवरण तयार गरी र हस्ताक्षर गर्नु विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी हुनेछ । |
| समयावधि | कार्य विवरण हस्ताक्षर भएपछि कार्य जिम्मेवारी हस्तान्तरण हुनेछ र प्रत्येक वर्ष नयाँ शैक्षिकसत्र सुरु हुनुपहिले यसको पुनरावलोकन गर्नुपर्नेछ । |

### १. कार्य विवरणको परिचय

विद्यालय व्यवस्थापन समितिका बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षक नै विद्यालयको विपद् व्यवस्थापन समितिका अध्यक्ष हुनेछन् । विद्यालय व्यवस्थापन समितिले विपद् जोखिम न्यूनीकरणसम्बन्धी ज्ञान भएको सदस्यलाई यो जिम्मेवारी दिनेछ ।

### २. समग्र जिम्मेवारी

बृहत् विद्यालय सुरक्षाका सन्दर्भमा विद्यालयको संरचनात्मक र गैह्रसंरचनात्मक लेखाजोखा तथा क्रियाकलाप पहिचान, कार्ययोजना योजना तर्जुमा र त्यसको योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, निरन्तर रेखदेख, बृहत् विद्यालय सुरक्षाका लागि विद्यालय परिवारको परिचालनलगायतका समग्र कार्य गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समितिका बृहत् विद्यालय सुरक्षा सम्पर्क सदस्यको हुनेछ ।

### ३. विशिष्ट जिम्मेवारी

#### ३.१ प्रशिक्षण र लेखाजोखा

- बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजको कार्यान्वयनका लागि प्रस्तुत कार्यान्वयन कार्यविधि बमोजिम विद्यालय व्यवस्थापन समितिका सदस्य र विद्यालय परिवारका लागि सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने छ । यसले प्रशिक्षण कार्यक्रमको आयोजना गरी क्षमता विकास गर्ने छ ।
- विद्यालयको संरचनात्मक र गैह्रसंरचनात्मक अवयवहरूको प्रकोप, सङ्कटासन्नता तथा क्षमता लेखाजोखा (HVCA) औजारहको प्रयोग गरी प्रकोप जोखिम लेखाजोखा गर्ने छ । यस्तो लेखाजोखा विद्यालय सुधार योजनाको वार्षिक पुनरावलोकन वा अद्यावधिक गर्नुपहिले गर्नुपर्छ ।

#### ३.२ पूर्वतयारी र प्रतिकार्यका लागि योजना तर्जुमा

- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका सदस्य र बृहत् विद्यालय सुरक्षा तथा लैङ्गिक समानता एवम् सामाजिक समावेशी सम्पर्क शिक्षकलाई समेत परिचालन गरी बृहत् विद्यालय सुरक्षा कार्ययोजना तयारीका लागि नेतृत्त्वदायी भूमिका निर्वाह गर्नुपर्ने छ ।
- बृहत् विद्यालय सुरक्षा-विद्यालय विपद् व्यवस्थापन समितिअन्तर्गतका तीनओटा कार्यदल (प्राथमिक उपचार; खोज तथा उद्धार; र सूचना, सञ्चार तथा जनचेतना अभिवृद्धि र पूर्वसूचना प्रणाली) लाई परिचालन गर्नुपर्ने छ ।

- आपत्कालीन समयका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीको पूर्वभण्डारणका लागि स्थानीय सरकारसँग सम्पर्क गर्ने (हेर्नुहोस् आनुसूची ३४: आपत्कालीन समयका लागि आवश्यक पर्ने सामग्रीको सूची)

**३.३ कार्यान्वयन**

- बृहत् विद्यालय सुरक्षा कार्ययोजना विद्यालय सुधार योजनाको प्रमुख क्रियाकलाप हो भन्ने कुरा सुनिश्चित गरी यसलाई विद्यालयको वार्षिक पात्रोमा समावेश गर्ने,
- विद्यालयको बृहत् विद्यालय सुरक्षाको प्रवर्द्धन गर्दै त्यसको कार्ययोजना कार्यान्वयन सुनिश्चित गर्ने,
- बृहत् विद्यालय सुरक्षा कार्यक्रमका लागि बजेट सुनिश्चित र कार्यान्वयन गर्ने,
- स्थानीय सरकार, विद्यालयको सेवा क्षेत्रका सरोकारवाला र अधिकारीहरूसँग समन्वय संयन्त्रको विकास गर्ने ।

**३.४ अनुगमन तथा निरन्तरता**

- बृहत् विद्यालय सुरक्षा कार्ययोजना कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र निरन्तरताका लागि नेतृत्त्वदायी भूमिका निर्वाह गर्ने,
- स्थानीय सरकारका प्राविधिक, इन्जिनियर, सहायक इन्जिनियर, विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षकको अवलोकन भ्रमणका लागि सहजीकरण र सहयोग गर्ने,
- बृहत् विद्यालय सुरक्षासम्बन्धी विद्यालय व्यवस्थापन समिति र अभिभावकबिच जनचेतना अभिवृद्धिका लागि अन्तरक्रिया सञ्चालन गर्ने र त्यसका लागि सरोकारवालासँग समन्वय गर्ने,
- बृहत् विद्यालय सुरक्षा कार्ययोजनामा विद्यार्थी अभिभावक पुनर्मिलनको प्रक्रिया समावेश भएको सुनिश्चित गर्ने,
- गुनासो सुनुवाइ र पृष्ठपोषण प्रणाली तथा सिफारिस पद्धति विद्यालयमा सुनिश्चित गरी विद्यालय शान्ति क्षेत्र आचारसंहिता कार्यान्वयन गराउने ।

| विद्यालय व्यवस्थापन समिति, अध्यक्ष | विद्यालय व्यवस्थापन समिति, सम्पर्क सदस्य |
|---|---|
| नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : |

## अनुसूची २: बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षकको कार्य विवरण

| द्रष्टव्य : विद्यालयलले स्थानीय परिवेश र आवश्यकताका विषय थप गरेर यो कार्य विवरण स्वीकृत गर्नेछन् । | |
|---|---|
| कार्य विवरणको उद्देश्य | बृहत् विद्यालय सम्पर्क शिक्षकको जिम्मेवारी र भूमिका सुनिश्चित गर्नु । |
| पूर्वसर्त | प्रत्येक विद्यालयले बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षकको नियुक्ति गर्नुपर्नेछ । शिक्षकको नियुक्ति प्रत्येक वर्ष निजको कार्य प्रभावकारिताका आधारमा नवीकरण गर्न सकिनेछ । |
| जिम्मेवारी | प्रधानाध्यापक कार्यविवरण तयारी र हस्ताक्षरका लागि जिम्मेवार हुनेछन् । |
| समय | कार्य विवरण हस्ताक्षर गरी कार्यान्वयनमा ल्याइनु पर्नेछ र प्रत्येक वर्ष शैक्षिक सत्र प्रारम्भ हुनुअघि पुनरावलोकन गर्नुपर्नेछ । |
| सन्दर्भस्रोत | शिक्षा विभाग २०१६ ख |

**परिचय**

प्रत्येक विद्यालय व्यवस्थापन समितिले कार्य विवरणसहित बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षक नियुक्ति गर्नुपर्नेछ । प्रत्येक वर्ष नयाँ शैक्षिकसत्र प्रारम्भ हुनुपहिले सम्पर्क शिक्षकको कार्य प्रभावकारिताका आधारमा आवश्यकता अनुसार कार्य विवरण पुनरावलोकन गरी नियुक्ति नवीकरण हुनसक्नेछ । सम्पर्क शिक्षक सामाजिक शिक्षा वा विज्ञान विषय शिक्षक हुनुका साथै सकेसम्म स्थानीय बासिन्दा हुनु सान्दर्भिक हुनेछ । यसरी नियुक्त सम्पर्क शिक्षकको नाम र सम्पर्क विवरणसहितको जानकारी स्थानीय सरकारको विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क अधिकारीलाई दिनुपर्ने छ ।

**समग्र भूमिका**

बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षकले विद्यालय व्यवस्थापन-बृहत् विद्यालय सुरक्षा सम्पर्क सदस्य र विद्यालय विपद् व्यवस्थापन समितिको नेतृत्त्व तथा स्थानीय सरकारका विपद् जोखिम न्यूनीकरण - बृहत् विद्यालय सुरक्षा सम्पर्क अधिकारीको सहयोगमा बृहत् विद्यालय सुरक्षा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**प्रमुख भूमिका तथा जिम्मेवारी**

- विद्यालय विपद् व्यवस्थापन समितिको सम्पूर्ण कार्य सम्पादनमा प्रधानाध्यापकलाई सहयोग गर्ने,
- बृहत् विद्यालय सुरक्षासम्बन्धी सबै प्रशिक्षण, अभिमुखीकरण, चेतना अभिवृद्धि अभियान र क्रियाकलापमा सहभागी हुने,
- बृहत् विद्यालय सुरक्षा कार्ययोजनाको विकास तथा अद्यावधिक गर्ने र त्यसको कार्यान्वयनमा विद्यालय परिवारलाई परिचालन गर्न नेतृत्त्वदायी भूमिका निर्वाह गर्ने,
- प्राकृतिक विपद्सम्बन्धी कृत्रिम घटना अभ्यास सञ्चालनमा नेतृत्त्वदायी भूमिका खेल्ने,
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ सदस्य, विद्यालय विपद् व्यवस्थापन समिति र सम्पर्क सदस्यबिच समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।

**क्षमता विकास, पूर्वतयारी र प्रतिकार्यका लागि अतिरिक्त भूमिका र जिम्मेवारी**

- विद्यालयमा बृहत् विद्यालय सुरक्षा क्रियाकलाप सञ्चालन गर्नुको महत्त्वबारे विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका सदस्य र शिक्षकहरूका लागि एकदिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न नेतृत्त्व गर्ने,
- प्रकोप, सङ्कटासन्नता तथा क्षमता लेखाजोखा औजार र विधिको प्रयोग गरी विद्यालयको संरचनात्मक तथा गैह्रसंरचनात्मक प्रकोप जोखिम लेखाजोखा गर्ने कार्यमा सहयोग गर्ने,
- साना स्तरका गैह्रसंरचनात्मक अल्पीकरणका क्रियाकलाप पहिचान गर्न सहयोग गर्ने,

- लेखाजोखाका लागि विद्यालय सुधार योजना कार्यसमूहसँग घनिष्टताका साथ काम गर्ने,
- बृहत् विद्यालय सुरक्षा कार्ययोजनालाई स्थानीय सरकारको योजनामा समावेश गर्न प्रधानाध्यापकलाई सहयोग गर्ने,
- स्थानीय सरकार र अन्य सरोकारवालासँग हुने बैठकका लागि समन्वय र सहजीकरण गर्ने,
- बहत् विद्यालय सुरक्षासम्बन्धी कार्यमा सक्रिय रहेका सहयोगी संस्थाहरूको सूची अद्यावधिक गरी ती संस्थाका अधिकारीको नाम, सम्पर्क ठेगाना र नम्बरसहित उनीहरूबाट प्राप्त हुनसक्ने सहयोगको विवरणको अभिलेख राख्ने,
- विद्यालय व्यवस्थापन समिति तथा अभिभावकलाई बृहत् विद्यालय सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धिका लागि सञ्चालन हुने अन्तरक्रिया सत्रमा आमन्त्रण गर्ने,
- विपद् जोखिम न्यूनीकरणसम्बन्धी सिकाइ सामग्री तयारी र सङ्कलनको काम गर्ने,
- विद्यालय व्यवस्थापन समितिका सम्पर्क सदस्यलाई आपत्कालीन प्रतिकार्य र पुनर्लाभसम्बन्धी क्रियाकलाप सञ्चालन गर्न सहयोग गर्ने ।

| **प्रधानाध्यापक** | **बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षक** |
|---|---|
| नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : |

## अनुसूची ३: लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षकको कार्य विवरण

| द्रष्टव्य : विद्यालयलाई स्थानीय परिवेश र आवश्यकता अनुसार यस कार्य विवरणलाई परिमार्जन गरी स्वीकृत गर्न प्रेरित गरिन्छ । | |
|---|---|
| कार्य विवरणको उद्देश्य | लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षकको भूमिका र जिम्मेवारी सुनिश्चित गरी आधिकारिकता प्रदान गर्नु । |
| पूर्वसर्त | प्रत्येक विद्यालयले लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षकको नियुक्ति गर्नुपर्नेछ । नियुक्तिलाई निजको प्रभावकारिताको मूल्याङ्कनका आधारमा प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ । |
| जिम्मेवारी | कार्य विवरण तयारी, हस्ताक्षर र नियुक्तिका लागि विद्यालय व्यवस्थापन समिति जिम्मेवार हुनेछ । |
| समय | कार्य विवरण हस्ताक्षर गरी कार्यान्वयनमा ल्याउनुपर्ने छ । प्रत्येक वर्ष शैक्षिक सत्र प्रारम्भ हुनुअघि पुनरावलोकन गर्नुपर्नेछ । |

**परिचय**

प्रत्येक विद्यालय व्यवस्थापन समितिले लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षक नियुक्ति गर्नुपर्नेछ । सम्पर्क शिक्षकको कार्य प्रभावकारिताका आधारमा प्रत्येक वर्ष कार्य विवरणसमेत पुनरावलोकन गरी नवीकरण गर्नुपर्नेछ । सकेसम्म लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी ज्ञान भएका वा प्रशिक्षण प्राप्त गरेका स्थानीयबासी महिला शिक्षक नियुक्ति गर्न सल्लाह दिइन्छ ।

**समग्र जिम्मेवारी**

विद्यालय सुरक्षाको प्रवर्द्धन, विद्यार्थीको संरक्षण र सङ्कटासन्न अवस्थाका बालबालिकालाई विद्यालयका विभिन्न क्रियाकलापमा सहभागीता गराउने वातावरण निर्माण गर्ने ।

**मुख्य भूमिका तथा जिम्मेवारी**

- लैङ्गिक समानता र सामाजिक समावेशीकरणका विषयवस्तुहरू बृहत् विद्यालय सुरक्षा क्रियाकलाप र विद्यालयको कार्ययोजनामा पूर्ण रूपले समावेश भएको कुरा सुनिश्चित गर्ने,
- विद्यालय विपद् व्यवस्थापन समिति र तीनओटै कार्यदलमा महिला, अपाङ्गता भएका व्यक्ति र सामाजिक रूपमा पछाडि पारिएका समूहसहितको समावेशी समिति बनेको कुरा सुनिश्चित गर्ने,
- विद्यालयका भौतिक संरचनाहरू र्‍याम्प, रेलिङलगायत लैङ्गिक, बाल र अपाङ्गता मैत्री छन् भन्ने कुरा सुनिश्चित गर्ने,
- विद्यालयमा सुरक्षित पिउने पानी र सरसफाइको पर्याप्त सुविधा हुने कुरा सुनिश्चित गर्ने,
- विद्यालयमा छात्र र छात्राका लागि अलग्गै शौचालय रहेको र बालिकाहरूका लागि मासिक स्वच्छता व्यवस्थापनको उचित प्रबन्ध भएको सुनिश्चित गर्ने,
- विद्यार्थीलाई मनोसामाजिक परामर्श सेवाको आवश्यकता परेको अवस्थामा सिफारिस गर्ने पद्धति रहेको सुनिश्चित गर्ने,
- मनोसामाजिक परामर्शकर्ता र त्यससम्बन्धी संस्थाका सम्पर्क व्यक्तिसहितको विवरण अद्यावधिक गरी राख्ने,
- बृहत् विद्यालय सुरक्षासम्बन्धी क्षमता विकास प्रशिक्षणमा महिला, अपाङ्गता भएका व्यक्ति, सामाजिक रूपमा पछाडि पारिएका व्यक्तिको सहभागिता सुनिश्चित गर्ने,
- बाल संरक्षण र विद्यालय शान्ति क्षेत्र प्रतिबद्धता कार्यान्वयनका लागि नेतृत्त्वदायी भूमिका निर्वाह गर्ने,

- स्थानीय साझेदार, स्वास्थ्य सेवा प्रदायक, रेडक्रस, नेपाल प्रहरी, अन्तर्राष्ट्रिय र राष्ट्रिय गैह्रसरकारी संस्थालगायत सरोकारवालाहरूसँग विद्यालय सुरक्षा, विपद् प्रतिकार्य, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलगायतका विषयमा विद्यालय परिवार र समुदायमा जनचेतना अभिवृद्धि गर्ने कार्यमा प्रभावकारिता अभिवृद्धि गर्न सक्रिय रूपमा समन्वय गर्ने,
- विद्यालय र समुदायमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबालमा जनचेतना अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन समिति, अभिभावक र समुदायका अन्य सदस्यबिच अन्तरक्रिया सत्र सञ्चालन गर्न सक्रिय भूमिका निर्वाह गर्ने ।

| **प्रधानाध्यापक** | **लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षक** |
| --- | --- |
| नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः |

**अनुसूची ४: शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका सदस्यहरूका लागि बृहत् विद्यालय सुरक्षा अभिमुखीकरण मार्गदर्शन**

| | |
|---|---|
| द्रष्टव्य: स्थानीय परिवेश र आवश्यकतालाई दृष्टिगत गरी प्रशिक्षणका विषयवस्तु परिमार्जन गर्न सकिनेछ। | |
| अनुसूची ४ को उद्देश्य | शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका सदस्यहरूलाई बृहत् विद्यालय सुरक्षासम्बन्धी एकदिने प्रशिक्षण अभिमुखीकरण कार्यक्रमका लागि विषयवस्तु चयनमा सहयोग गर्नु। |
| अभिमुखीकरणको उद्देश्य | शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका सदस्यहरूलाई बृहत् विद्यालय सुरक्षा र प्रकोप जोखिम लेखाजोखा गर्नका लागि सचेत गराउनु र सहज वातावरण निर्माण गर्नु। |
| जिम्मेवारी | प्रशिक्षण कार्यक्रम विद्यालय व्यवस्थापन समितिले गर्नेछ। |
| स्रोत व्यक्ति | अभिमुखीकरणका लागि स्थानीय सरकारले आयोजना गरेको बृहत् विद्यालय सुरक्षासम्बन्धी प्रशिक्षकका लागि प्रशिक्षण प्राप्त शिक्षक तथा कर्मचारी (हेर्नुहोस् अनुसूची ३०)। |
| सहभागी | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका सबै पदाधिकारी तथा सदस्य (२०-३० जना) |
| पूर्वसर्त | सर्वप्रथम सहभागीको ज्ञान र सिप तथा कमीकमजोरीका आधारमा प्रधानाध्यापकले प्रशिक्षण आवश्यकताको लेखाजोखा गर्नेछन्। त्यसबाट प्राप्त परिणाम अनुसार दिइएका विषयवस्तुमा थपेर अभिमुखीकरणका विषयवस्तु सुझाउने र स्थानीय परिवेश तथा आवश्यकता अनुसार अभिमुखीकरणका विषयवस्तु निश्चित गर्नुपर्नेछ। |
| समय | एक दिन। आवश्यकता अनुसार यसलाई दुई दिन पनि गर्न सकिनेछ। |
| लागत | आवश्यक बजेट, खाजा र अन्य बन्दोबस्तीका लागि विद्यालयले व्यवस्था गर्नुपर्नेछ। |

**बृहत् विद्यालय सुरक्षा अभिमुखीकरणका विषयवस्तु**

तलको टेबुलमा निश्चित विषयवस्तु दिइएको छ। यसलाई आत्मसात् गर्दै स्थानीय परिवेश र आवश्यकता अनुसारका विषयवस्तु प्रशिक्षण आवश्यकता लेखाजोखाका आधारमा थप गर्न सकिनेछ।

| विद्यालय विपद् व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका सदस्य शिक्षकबिच एकदिने अभिमुखीकरण | | | |
|---|---|---|---|
| सत्र १ | सत्र २ | सत्र ३ | सत्र ४ |
| दर्ता तथा स्वागत<br>● सहभागीबिच परिचय<br>● सहभागीको अपेक्षा सङ्कलन<br>● अभिमुखीकरणका नियम निर्धारण<br>● प्रशिक्षणको उद्देश्य<br>● विपद् जोखिमसम्बन्धी शब्दावली र नेपालको अवस्था<br>● नीतिगत व्यवस्थाको पुनरावलोकन। | मुख्य निकाय र व्यक्तिहरूको भूमिका र जिम्मेवारी<br>● विद्यालय व्यवस्थापन समिति र सम्पर्क सदस्यको जिम्मेवारी<br>● बृहत् विद्यालय सुरक्षा शिक्षक<br>● लैङ्गिक समानता तथा सामाजिक समावेशी शिक्षक<br>● स्थानीय सरकारका सम्पर्क अधिकृत<br>● विद्यालय व्यवस्थापन समिति<br>● बृहत् विद्यालय सुरक्षा कार्यदल (प्राथमिक उपचार, खोज तथा उद्धार, सूचना तथा जनचेतना अभिवृद्धि र पूर्वसूचना प्रणाली) | वार्षिक प्रकोप पात्रोको तयारी र स्थानीय सरोकारवालासँग समन्वय कसरी गर्ने<br>● प्रकोप सङ्कटासन्नता तथा क्षमता लेखाजोखा औजारको उपयोग कसरी गर्ने<br>● संरचनात्मक र गैह्रसंरचनात्मक प्रकोप जोखिम लेखाजोखा कसरी गर्ने<br>● प्रकोपको स्तरीकरण कसरी गर्ने<br>● वार्षिक प्रकोप पात्रो कसरी बनाउने<br>● बृहत् विद्यालय सुरक्षाका लागि विद्यालय सेवा क्षेत्रका संस्था, निकायबिचको समन्वय र समन्वयको महत्त्व। | बृहत् विद्यालय सुरक्षा कार्ययोजना तयारी र मूल्याङ्कन<br>● बृहत् विद्यालय सुरक्षा कार्ययोजना तयारी र विद्यालयको वार्षिक पात्रोमा राख्ने तरिका<br>● बृहत् विद्यालय पाठ्यक्रम र अतिरिक्त क्रियाकलापमा बाल संरक्षण, विद्यालय शान्ति क्षेत्र, जलवायु परिवर्तन, विपद् उत्थानशीलता समायोजन तथा कार्यान्वयनका विधि।<br>● लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाल र विद्यालय शान्ति क्षेत्रलाई कसरी सहयोग गर्ने<br>● अभिमुखीकरणको मूल्याङ्कन<br>● समापन |

## अनुसूची ५ : विद्यालय परिवार, युवाक्लब, बालक्लब, गैह्रसरकारी संस्था र सामुदायिक संस्थालाई बृहत् विद्यालय सुरक्षा प्रशिक्षण मार्गदर्शन

| द्रष्टव्य : प्रशिक्षण विषयवस्तु स्थानीय परिवेश र आवश्यकताअनुसार थप्न सकिनेछ । | |
|---|---|
| अनुसूची ५ को उद्देश्य | विद्यालय परिवार, युवाक्लब, बालक्लब, गैह्रसरकारी संस्था, सामुदायिक संस्थाहरूलाई बृहत् विद्यालय सुरक्षाको विषयमा दुईदिने प्रशिक्षण आयोजना र विषयवस्तुमा सुझाव दिनु । |
| प्रशिक्षणको उद्देश्य | • बृहत् विद्यालय सुरक्षासम्बन्धमा सहभागीलाई चेतना, सिप र ज्ञान प्रदान गर्नु,<br>• प्रकोप, सङ्कटासन्नता तथा क्षमता लेखाजोखा औजारको प्रयोग गरी विद्यालयको लेखाजोखा गर्न सहभागीको क्षमता विकास गर्नु,<br>• सहभागीलाई बृहत् विद्यालय सुरक्षा कार्ययोजना तयार गर्न सक्षम बनाउनु,<br>• कार्ययोजनाको कार्यान्वयनका लागि स्रोतको परिचालन कसरी गर्ने भन्ने बारे जानकारी दिनु । |
| जिम्मेवारी | प्रशिक्षण सञ्चालन विद्यालय व्यवस्थापन समितिले गर्नेछ । |
| स्रोतव्यक्ति | स्थानीय सरकारबाट सञ्चालन भएको बृहत् विद्यालय सुरक्षा प्रशिक्षण प्राप्त विद्यालय शिक्षकले सहजीकरण गर्नेछन् (हेर्नुहोस् अनुसूची ३०) । |
| सहभागी | विद्यालय सुधार योजना कार्यदल, विद्यालय व्यवस्थापन समितिका बृहत् विद्यालय सुरक्षा सम्पर्क सदस्य, बृहत् विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षक, युवा र बालक्लबका प्रतिनिधि, गैह्रसरकारी र सामुदायमा आधारित संस्थाका प्रतिनिधि गरी १५ देखि २० जना सहभागी । |
| पूर्वसर्त | सर्वप्रथम प्रधानाध्यापकको नेतृत्त्वमा प्रशिक्षण आवश्यकताको लेखाजोखा गरी सहभागीका ज्ञान र सिपमा रहेको कमजोरी पहिचान हुनेछ। आवश्यकता लेखाजोखाबाट प्राप्त नतिजाका आधारमा स्थानीय परिवेशअनुरूप विषयवस्तु पहिचान गरी प्रशिक्षण सत्र निर्धारण गर्नुपर्नेछ । |
| समय | दुई दिन |
| लागत | खाना तथा बन्दोबस्तीलगायतका खर्च विद्यालयले उपलब्ध गराउनेछ । |

**बृहत् विद्यालय सुरक्षा विषयवस्तु**

तलको टेबुलमा दुई दिने प्रशिक्षणका विषयवस्तु दिइएको छ। प्रधानाध्यापकको नेतृत्त्वमा भएको प्रशिक्षण आवश्यकता लेखाजोखाअनुसार स्थानीय विषयवस्तुलाई समेटेर सामग्रीको तयारी गर्नुपर्नेछ ।

| बृहत् विद्यालय सुरक्षाका लागि दुईदिने प्रशिक्षण | | | |
|---|---|---|---|
| **पहिलो दिन** | | | |
| **सत्र १** | **सत्र २** | **सत्र ३** | **सत्र ४** |
| **स्वागत र प्रशिक्षण उद्घाटन**<br>● सहभागीबिच परिचय<br>● प्रशिक्षणको उद्देश्य<br>● सहभागीको अपेक्षा सङ्कलन<br>● नियम निर्धारण<br>**नेपालमा विपद् जोखिम न्यूनीकरणको परिचय**<br>● शब्दावली<br>● नेपालमा विपद् जोखिमको अवस्था<br>● नीतिगत व्यवस्थाको पुनरावलोकन :<br>(क) विद्यालय क्षेत्र सुधार योजना,<br>(ख) बृहत् विद्यालय सुरक्षा गुरुयोजना, २०१८,<br>(ग) बृहत् विद्यालय सुरक्षा न्यूनतम् आवश्यकताको प्याकेज,<br>(घ) बृहत् विद्यालय सुरक्षा कार्यानवयन कार्यविधि ।<br>● **विद्यालय सुधार योजनाको परिचय**<br>● तर्जुमा प्रक्रिया<br>● विद्यालयको वार्षिक पात्रो<br>● बृहत् विद्यालय सुरक्षा कार्ययोजना | **भूमिका तथा जिम्मेवारी**<br>● विद्यालय व्यवस्थापन समितिका बृहत् विद्यालय सुरक्षा सम्पर्क सदस्य<br>● बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षक<br>● लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षक<br>● स्थानीय सरकारका विपद् जोखिम न्यूनीकरण तथा बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्ति<br>● विपद् र त्यसपछि विद्यालय विपद् व्यवस्थापन समितिका तीन ओटा कार्यदल :<br>(क) प्राथमिक उपचार,<br>(ख) खोज तथा उद्धार, र<br>(ग) सूचना तथा सञ्चार, जनचेतना र पूर्वसूचना प्रणाली | **प्रकोप, सङ्कटासन्नता तथा क्षमता लेखाजोखाबारे बुझाइ**<br>● संरचनात्मक तथा गैह्रसंरचनात्मक प्रकोप जोखिम लेखाजोखा<br>● केही औजारहरूको आन्तरिक अभ्यास | **प्रकोप, सङ्कटासन्नता तथा क्षमता लेखाजोखा औजारको अभ्यास**<br>● सङ्कटासन्नता तथा जोखिम मापन<br>● क्षमता तथा संस्थाहरूको मापन<br>● स्रोतको मापन |
| **दोस्रो दिन** | | | |
| **सत्र १** | **सत्र २** | **सत्र ३** | **सत्र ४** |
| **प्रकोप, सङ्कटासन्नता तथा क्षमता लेखाजोखा औजारको अभ्यास (क्रमशः ....)**<br>● प्रकोपको ऐतिहासिक समयरेखा<br>● प्रकोपको जोखिमको प्राथमिकीकरण | **प्रकोप पात्रो र समन्वय**<br>● प्राथमिकीकरण र प्रकोप पात्रोको तयारी<br>● विद्यालयको सेवाक्षेत्रभित्र रहेका बृहत् विद्यालय सुरक्षासम्बन्धी निकाय र सरोकारवालासँग गरिने समन्वय विधि | **बृहत् विद्यालय सुरक्षा कार्ययोजना तयारी**<br>● बृहत विद्यालय सुरक्षा कार्ययोजनाको निर्माण र कार्ययोजनालाई विद्यालयको वार्षिक पात्रोमा समावेशीकरण<br>● बृहत् विद्यालय सुरक्षा, यस सम्बन्धी पाठ्यक्रम र अतिरिक्त क्रियाकलापको बाल संरक्षण र विद्यालय शान्ति क्षेत्रसँग सम्बन्ध | ● बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरण समायोजित विद्यालय सुधार कार्यक्रमलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समायोजन<br>● बृहत् विद्यालय सुरक्षा र विद्यालय सुधार योजनालाई स्थानीय योजना तर्जुमा प्रक्रियामा समायोजन<br>● प्रकोप, सङ्कटासन्नता तथा क्षमता लेखाजोखाको नतिजाका आधारमा स्थानीय पाठ्यक्रम तयारी<br>● कृत्रिम घटना अभ्यासको आयोजना<br>● प्रशिक्षण मूल्याङ्कन<br>● समापन |

## अनुसूची ६ : प्रकोप, सङ्कटासन्नता र क्षमता लेखाजोखा औजार

| द्रष्टव्य : यी औजारलाई स्थानीय परिवेश र आवश्यकताअनुसार पुनरावलोकन गरी स्वीकार गरिने छ । | |
|---|---|
| उद्देश्य | प्रकोपका प्रकार तथा तिनको त्रासको पहिचान गरी त्यसबाट विद्यालयमा पर्ने असरबारे नजिकको समुदायमा जानकारी दिँदै बृहत् विद्यालय सुरक्षा कार्ययोजना तयारी गर्नु । |
| जिम्मेवारी | प्रकोपको लेखाजोखा गर्नका लागि विद्यालय व्यवस्थापन समिति र विद्यालय विपद् व्यवस्थापन समितिको संयुक्त जिम्मेवारी हुनेछ । यस कार्यका लागि आवश्यकताअनुसार विद्यार्थी, विद्यालयका कर्मचारी, स्थानीय सरकारका कर्मचारीलगायत स्थानीय सामुदायिक संस्थाहरूको पनि सहयोग लिन सकिन्छ । |
| पूर्वसर्त | जिम्मेवार विद्यालय विपद् व्यवस्थापन समिति र विद्यालय विपद् व्यवस्थापन समितिले प्रकोप, सङ्कटासन्नता तथा क्षमता लेखाजोखासम्बन्धी दुईदिने प्रशिक्षण प्राप्त गरेको हुनुपर्छ । |
| समय | प्रत्येक वर्षको चैत वा वैशाखमा विद्यालय सुरुहुनु पहिले विद्यालय सुधार योजना अद्यावधिक गर्ने कार्यसँगै गर्नुपर्छ । |
| लागत | सबै लागत विद्यालयले बहन गर्नुपर्ने छ । |
| सन्दर्भसमाग्री | विद्यालय सुरक्षा प्रशिक्षक निर्देशिका र शिक्षक तालिम स्रोत सामाग्री, २०७३ (शैक्षिक जनशक्ति विकास केन्द्र), नेपाल विद्यालय सुरक्षा सन्दर्भसामग्री, २०१२ (प्लान इन्टरनेसनल २०१३ख) का औजार स्वीकार गरिएको छ । |
| औजारको पूर्णता | सम्भावित प्रकोपको लेखाजोखा, प्रकोपको सामीप्यताको नक्साङ्कन, सङ्कटासन्नता तथा जोखिम लेखाजोखा र विद्यालय तथा स्थानीय समुदायको सामना क्षमतासहित सहनशीलता, तयारी, रोकथाम, अल्पीकरण र विपद्पछिको पुनर्लाभसहित प्रकोप, सङ्कटासन्नता तथा क्षमता लेखाजोखा गरी कार्ययोजना तयारी । |

**(क) प्रकोपको लेखाजोखा**

- समुदायसँग छलफलगरी विद्यालय आसपास हुने प्रकोपको सूची तयार गर्ने,
- सम्भव भएसम्म सरकारी निकायद्वारा आधिकारिकता प्राप्त तथ्याङ्कको प्रयोग गर्ने,
- कुनै प्रकोप निरन्तर हुने, कुनै मौसमअनुरूप हुने र कुनै बढ्ने तथा कुनै कहिलेकाहीँ हुने गरेमा सोको अभिलेख राख्ने,
- मौसमी प्रकोप पात्रो तयार गर्ने (टेबल क६.१) ।

**टेबुल- क ६.१: प्रकोपको मौसमी पात्रो**

| प्रकोप | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | | | | | | | | | | | | |
| पहिरो | | | | | | | | | | | | |
| बाढी | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| महामारी | | | | | | | | | | | | |
| अन्य : स्थानीय प्रकोप | | | | | | | | | | | | |

**प्रकोप स्तरीकरणका चरण**
ठुलो सादा कागजमा टेबुल तयार पारी तेर्सो र ठाडो कोलममा प्रकोपको सूची तयार गर्ने ।

कुन प्रकोपको पुनरावृत्ति र आवृत्तिबाट धेरै वा कम क्षति हुन्छ, तुलना गरेर लेख्ने (टेबुल ख६.२)

**टेबुल- क ६.२: प्रकोपको मौसमी पात्रो**

| प्रकोप | भूकम्प | पहिरो | बाढी | आगलागी | महामारी | अन्य थप गर्न सकिने |
|---|---|---|---|---|---|---|
| भूकम्प | | | | | | |
| पहिरो | | | | | | |
| बाढी | | | | | | |
| आगलागी | | | | | | |
| महामारी | | | | | | |
| अन्य थप गर्न सकिने | | | | | | |
| **जम्मा अङ्क** | | | | | | |
| **स्तर** | | | | | | |

- प्रत्येक प्रकोपबाट कस्तो प्रभाव पर्छ भन्ने कुरा १ देखि ५ नम्बरका आधारमा तलका कारकको विश्लेषणबाट साधारण वर्गीकरण गर्न सकिन्छ :
    - मानव : मृत्यु सङ्ख्या, घाइते, अपाङ्गता ।
    - भौतिक : उच्च क्षति भएका भवनको सङ्ख्या, औजार र अन्य सामग्री ।
    - सामाजिक तथा सांस्कृतिक : सामाजिक सम्पत्तिमा विचलन, सांस्कृतिक तथा पुरातात्त्विक सम्पदा ।
    - आर्थिक : मर्मतसम्भार र पुनःस्थापन हुने लागत र घरपालुवा जनावरको नोक्सान ।
    - वातावरण : वातावरणको विनाश र वन्यजन्तुको बासस्थान
    - मनोसामाजिक : शिक्षा निरन्तरतामा नोक्सान र अपेक्षा ।
- विद्यालयको सेवा क्षेत्रसमेत नभएर विद्यालयमा मात्र प्रभाव पार्ने सम्भावित प्रमुख प्रकोपको सूची तयार गर्ने (टेबुल क ६.२ बमोजिम) । यसमा नजिकैको विद्युत् ट्रान्सफर्मर, उच्च भोल्टेजको विद्युत् वितरण लाइन, खुला इनार वा पोखरी समावेश गर्न सकिन्छ । आगलागी र सडक दुर्घटना पनि थप स्थानीय प्रकोप हुन् ।

**(ख) सङ्कटासन्नता तथा जोखिम लेखाजोखा**
सङ्कटासन्नता प्रकोपका कारण मानिसमा उत्पन्न हुने प्रतिकूल प्रभाव हो जहाँ नियन्त्रण गर्न, अल्पीकरण गर्न र प्रतिकार्यका लागि पूर्वतयारी गरिएको हुँदैन । त्यसैले विपद्को सामना गर्न सङ्कटासन्नता लेखाजोखा गरी सो अनुरूप क्रियाकलाप पहिचान गर्नु आवश्यक हुन्छ । सङ्कटासन्नताको लेखाजोखाका क्रममा क्षमता, स्रोत, अवस्था, समस्याको स्वरूप, सम्भावित प्रभाव र संस्थागत सहयोगमा पहुँचजस्ता विषय समेटिएको हुनुपर्छ । सङ्कटासन्नता न्यूनीकरणका लागि सरोकारवालाको सहयोग आवश्यक पर्छ जुन लेखाजोखाको महत्त्वपूर्ण भाग मानिन्छ ।

विपद् जोखिमको मूल विशेषता विद्यालय र समुदायमा प्रकोपका निरन्तरता र त्यसको प्रभावको स्तर तथा समुदायको सम्मुखता एवम् उत्थानशीलतामा निहित हुन्छ । जोखिमको स्वरूप निश्चित खालको प्रकोप र त्यसले गर्ने क्षति क्षतिको स्वरूपमा आँकलन गरिन्छ । जोखिमको लेखाजोखा प्रकोप, सङ्कटासन्नता र क्षमताको लेखाजोखामा केन्द्रित रहन्छ । स्थानान्तरण योजना पनि जोखिम न्यूनीकरणको एक महत्त्वपूर्ण औजार हो ।

लेखाजोखा गर्ने विधि निम्नअनुसार अपनाउनुपर्छ :

- प्रमुख जोखिमका कारकको पहिचान गर्ने,
- विद्यालयको जोखिम पार्श्वचित्रसहित विद्यालय सेवा क्षेत्रको समेत प्रकोपको नक्साङ्कन तयारी गर्ने,
- प्रत्येक प्रकारका प्रकोपबाट उत्पन्न हुनसक्ने प्रमुख जोखिमको व्याख्या गर्ने,
- प्रत्येक प्रकोपको सामना गर्न पहिले अपनाइएका पद्धतिको पहिचान गर्ने,
- समन्वय गरिएका संस्थाहरू र जोखिम न्यूनीकरणमा तिनबाट प्राप्त सहयोगको प्रभावकारिताको पहिचान गर्ने,
- पहिचान भएका वा सङ्कलन गरिएका सूचनाका आधारमा जोखिम न्यूनीकरण योजनाको तयारी गर्ने ।

**टेबुल क ६.४: विद्यालय र छिमेकको जोखिम पार्श्वचित्र (Risk profile)**

| जोखिम हुनुको कारकतत्त्व | जोखिमको स्वरूप | सामना पद्धति | अन्य निकाय वा संस्थासँग समन्वय |
|---|---|---|---|
| पेट्रोल पम्प | | | |
| मानव बस्ती | | | |
| नदी तथा जलक्षेत्र | | | |
| साना खहरे र जलक्षेत्र | | | |
| विद्यालय वरिपरिको घाँसेमैदान | | | |
| विद्युत् वितरण लाइन | | | |
| खुला पोखरी | | | |

### (ग) क्षमता लेखाजोखा

यस सन्दर्भमा क्षमता भन्नाले स्रोत, घरपरिवारको दक्षता विद्यालय र समुदायमा विपद्को सामना, सशक्तता, रोकथाम अल्पीकरण र पुनर्लाभमा प्रभावकारी कार्य गर्ने कुरालाई जनाउँछ । क्षमता लेखाजोखा विद्यालयको जोखिम न्यूनीकरण गर्न उपयोग गर्ने स्रोतको मूल्याङ्कनसँग सम्बन्धित रहन्छ । प्रकोपले त्यस अवस्थामा मात्र विपद्को रूप लिन्छ जब मानिसमा त्यसको सामना गर्ने क्षमता सङ्कटासन्नताभन्दा कमजोर हुन्छ । प्रकोप र सङ्कटासन्नताको आवृत्ति र दबाबले नै समुदायले त्यसलाई जुन रूपमा वहन गर्छ प्रभाव पनि त्यसैमा अन्तर्निहित हुन्छ ।

क्षमता लेखाजोखाका कार्य निम्नलिखित विषयमा आधारित भएर गर्नुपर्छ :

- विद्यालयमा विपद्को सामना गर्न उपलब्ध सामग्री र स्रोतको उपलब्धता, तिनको व्यवस्थापन, नियन्त्रण र पहुँच को सँग छ भन्ने कुरा पहिचान गर्ने,
- विपद्को जोखिम न्यूनीकरण र शीघ्र पुनर्लाभमा सक्रिय हुनसक्ने व्यक्ति को छ र उसको ज्ञान तथा क्षमता कस्तो छ भन्ने पहिचान गर्ने,
- विद्यालय र यसको सेवा क्षेत्र वा स्थानीय तहमा भएका प्राविधिक (विद्युत्, आगलागी नियन्त्रक, प्लम्बर र स्वास्थ्यका कर्मचारी) को सूची तयार गर्ने,
- प्रकोपबारे विगतमा अनुभव लिएका व्यक्तिको पहिचान गर्ने,
- तिनले विपद्को सामना कसरी गरे र विपद् प्रतिकार्य तथा पूर्वतयारीमा उनीहरूको कस्तो दक्षता वा सिप छ भन्ने पहिचान गरी दस्तावेज तयार गर्ने,
- प्रशिक्षण आवश्यकता लेखाजोखा गर्ने र पहिचान भएको कमीकमजोरी हटाई क्षमता अभिवृद्धि गर्ने ।

माथिको विधिबाट तयार नक्सालाई त्यसको अवस्थिति र सङ्केत ठिक छ भन्ने सुनिश्चित गरी ठुलो साइजमा छापेर सूचनापाटीमा राख्नुपर्छ । यसरी नक्सा राख्दा विद्यालयको नजिकै सबै सरोकारलाले पहुँच सुनिश्चित गर्न तथा विपद् रोकथापका सम्बन्धमा विद्यालय र विद्यालयको सेवा क्षेत्रमा चेतना बढाउन सहयोग मिल्छ ।

## अनुसूची ७: विद्यालयको संरचना पहिचानका औजार

| द्रष्टव्य : प्रस्तुत औजार स्थानीय अवस्था र परिवेशका आधारमा परिमार्जन गरी उपयोग गर्न सकिनेछ । | |
|---|---|
| उद्देश्य | विद्यालयका संरचना पहिचान गर्ने र सङ्कटासन्नता लेखाजोखाका लागि तिनको प्रारम्भिक अवस्थाको जानकारी लिई अभिलेखीकरण गर्ने । |
| जिम्मेवारी | जानकारी सङ्कलन गरी फारामअनुरूप दस्तावेज तयार गर्ने जिम्मेवारी विद्यालय विपद् व्यवस्थापन समितिको हुनेछ । |
| समय | विद्यालय सुधार योजना र बृहत् विद्यालय सुरक्षा कार्ययोजना अद्यावधिक गर्ने (प्रत्येक वर्ष) । |
| सन्दर्भसामग्री | विद्यालय सुधार योजना विकास कार्यविधि (शिक्षा विभाग २०१७ख) का आधारमा तल टेबुल ६ मा दिइएको ढाँचा । |
| औजारको पूर्णता | दुई ओटा ढाँचा भर्ने र एकीकृत नक्सा तयार गर्ने ।<br>यसको एकप्रति स्थानीय सरकारका विपद् जोखिम न्यूनीकरण/बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिमार्फत पेस गर्ने, निजले बृहत् विद्यालय सुरक्षासँग सम्बन्धित तथ्याङ्कको अभिलेख राख्नेछन् । |

**टेबुल क ७.१: सुरक्षित स्थानको सङ्ख्या (स्थान): ................................ (उपयुक्त भएमा)**

| स्थान/क्षेत्रको नम्बर | क्षेत्र/स्थानको विस्तृत नाम | कैफियत |
|---|---|---|
| | | |
| | | |

**टेबुल क ७.२: संरचनाको स्वरूप**

| संरचनाको विवरण | | स्थान र अन्य विवरण | स्थान/क्षेत्रको नम्बर | अवस्था |
|---|---|---|---|---|
| १. गेट र कम्पाउन्ड पर्खाल | | | | |
| | | | | |
| | | | | |
| २. भवन | | | | |
| | | | | |
| | | | | |
| ३. शौचालय र हात धुने स्थान | | | | |
| | | | | |
| | | | | |
| ४. मन्दिर र अन्य संरचना | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५. रोकथाम संरचना (रोकथाम पर्खाल) | | | | |
| | | | | |
| | | | | |
| ६. बिजुलीका खम्बा, टावर र अन्य सम्भावित प्रकोपजन्य संरचना | | | | |
| | | | | |
| | | | | |
| ७. खुला क्षेत्र र त्यहाँ जाने बाटो | | | | |
| | | | | |
| | | | | |
| ८.नजिकैका प्रकोपको सम्भावित संरचना र प्राकृतिक अवस्था | | | | |
| | | | | |

**नक्साको रेखाङ्कन तथा तयारी**

विद्यालयको सेवा क्षेत्रलाइ समेटेको नक्साको रेखाङ्कन गरी माथिको ढाँचाअनुरूप सबै विवरण प्रस्तुत गर्नु वा देखाउनुपर्छ । भौतिक संरचनाहरूका लागि सङ्केत नम्बर राखेर नक्साको तयारी गर्नुपर्छ र माथिको टेबुल भर्नुपर्छ, जस्तै : गेट नम्बर १, भवन नम्बर क आदि ।

## अनुसूची ८: विद्यालय क्षेत्रमा रहेका प्रकोपको पहिचान र तिनको सम्मुखता लेखाजोखा

| द्रष्टव्यः यी औजारको उपयोग स्थानीय तहको परिवेश र अवस्था अनुरूप गर्नुपर्नेछ । | |
|---|---|
| औजारको उद्देश्य | आगामी तीनदेखि ५ वर्षसम्मको अवधिमा विद्यालयका संरचनका कारण कस्तो प्रकारको प्रकोपजन्य त्रासको अवस्था देखिन्छ भनेर पहिचान गर्नु । |
| जिम्मेवारी | सूचना सङ्कलन गरी दिइएको ढाँचा भर्नु विद्यालय विपद् व्यवस्थापन समितिको जिम्मेवारी हुनेछ । |
| समयावधि | विद्यालय सुधार योजनाको तयारी र बृहत् विद्यालय सुरक्षा कार्ययोजनाको अद्यावधिक वार्षिक रूपमा गर्ने । |
| सन्दर्भ दस्तावेज | विद्यालय सुधार योजनाको वार्षिकरूपमा अद्यावधिकका लागि समपूरक प्रशिक्षण सामग्री (शिक्षा विभाग २०१६ख) |
| विशेष द्रष्टव्य | सबै जानकारी विद्यालयको वार्षिक प्रकोप पात्रोमा समावेश गर्ने (बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०१८क) बाट उपयोग गर्ने । |
| औजारको पूर्णता | तल दिइएका ढाँचा भरेर । |

**टेबुल क ८.१: आगामी वर्ष हुनसक्ने प्रकोपको सम्भावना**

| क्र.सं. | प्रकोप | प्रकोप हुनसक्ने सम्भावना[1] | संरचनाको न्यून सम्मुखता[2] | संरचनाको उच्च सम्मुखता[3] | कैफियत तथा ऐतिहासिक विवरण |
|---|---|---|---|---|---|
| १. | भूकम्प | | | | |
| २. | बाढी | | | | |
| ३. | पहिरो | | | | |
| ४. | आगलागी, वनडढेलो सहित | | | | |
| ५. | हुरीबतास | | | | |
| ६. | शीतलहर तथा उच्च चिसो | | | | |
| ७. | हिमपात | | | | |
| ८. | लु (तातो हावा) | | | | |
| ९. | असिना | | | | |
| १०. | जनावर आक्रमण (बाघ, हिमचितुवा, चितुवा, हात्ती, गैँडा, सर्प आदि) | | | | |
| ११. | अन्य | | | | |

**द्रष्टव्य**

[१]सम्भावना (शून्य, न्यून, मध्यम र उच्च) । लेखाजोखा र विगतको आधारमा आगामी एक वर्षमा हुनसक्ने प्रकोपको सम्भावित अवस्था ।

[२] न्यून सम्मुखताको तात्पर्य संरचनाहरूको सम्मुखता थोरै छ (जीवन नोक्सान हुने त्रास छैन ।) ।

[३] उच्च सम्मुखताको तात्पर्य संरचनाहरू प्रकोपका कारण सिधै प्रभावित हुनेछन् र संरचनाको स्थायित्वमा खलल पैदा हुने वा भत्किने सम्भावना धेरै छ ।

## अनुसूची ९: विद्यालय भवन बाहेकका सुरक्षा संवेदनशील संरचनाहरू

| | |
|---|---|
| द्रष्टव्य: स्थानीय आवश्यकता र परिवेशअनुसार यी औजारको उपयोग गर्न सकिनेछ । लामो उत्तरका लागि थप खाली ठाउँ लिने वा थप कागज प्रयोग गर्न सकिनेछ । | |
| यस औजारको उद्देश्य | विद्यालय भवन बाहेकका सुरक्षा संवेदनशील संरचनाहरू वार्षिक रूपमा पहिचान गर्नु ।<br>बृहत् विद्यालय सुरक्षा कार्ययोजना तयारीको जानकारीसहित सुरक्षा संवेदनशील सरोकारका विषय पहिचान गर्न स्थानीय सरकारका इन्जिनियरसँग छलफल गर्नु । |
| जिम्मेवारी | विद्यालय सुधार योजना कार्यसमूह र विद्यालय विपद् व्यवस्थापन समितिले नेतृत्त्व गरी स्थानीय सरकारका इन्जिनियरको सहयोगमा लेखाजोखा गर्नेछ । |
| समय | विद्यालय सुधार योजना र बृहत् विद्यालय सुरक्षा कार्ययोजनाको वार्षिक रूपमा अद्यावधिक गर्ने । |
| सन्दर्भस्रोत | प्रस्तुत औजार दक्षिण एसियामा प्रकोपबाट विद्यालय र अस्पताल सुरक्षा औजारमा आधारित छ (UNISDR 2013) र सीडा प्रश्नावली (विश्व बैङ्क २०१५), यसलाई बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजले स्वीकार गरेको छ । |
| औजारको पूर्णता | • टेबुल क ९.१ का उत्तरमा गोलो चिह्न लगाउने,<br>• टेबुल क९.२ मा सम्बन्धित सवालको सारांश तयार गर्ने,<br>• अवस्थाको विवरणसम्बन्धी उत्तरलाई बोल्ड बनाउने । |

### टेबुल क ९.१: विद्यालयको गैह्रभवनको सुरक्षा अवस्था

| क्र.सं. | सवाल | विस्तृत विवरण |
|---|---|---|
| १. | भवन भएको स्थान र सुरक्षा | सत्र २<br>विद्यालय भवनहरूबिचको खाली स्थान पर्याप्त छ ? जसका कारण भूकम्पका समयमा आपसमा नठोक्किऊन् ।<br>सबै/केही/छैन । छैन, तर इञ्जिनीयरिङ लेखाजोखाबाट सुधारात्मक विधि अपनाइनेछ । |
| २. | विद्यालय क्षेत्रमा हुनसक्ने कुनै प्रकोप | बार्दली र सामान्यतया सुरक्षित फूलदानी, रेलिङ, छतमाथि लगाइएको टायल, बिम, विद्युत् जडान, एन्टेना र छानोको अवस्था कस्तो छ ?<br>छैन/छ । छ तर राम्ररी बाँधिएको छ । |
| ३. | भूमिको आधारक्षेत्रको वर्गीकरण र जलसतह | माटोको प्रकार : खुकुलो कालो/खुकुलो बलौटे/बलौटे/कालो र ढुङ्ग्यान खुलाउनुहोस्<br>पिट परीक्षण विधि : कडा/मध्यम/नरम/कमजोर<br>जडान विधि : कडा/मध्यम/नरम/कमजोर<br>न्यूनतम् जलसतह गहिराइ वा तल्लोसतह (वर्षको मौसम) :<br>>२ मिटर, २ मिटर, <२ मिटर, तर सम्भावित प्रभावलाई कम गरिनेछ । |

| क्र.सं. | सवाल | विस्तृत विवरण |
|---|---|---|
| ४. | बाह्य औजारको स्थायित्त्व | जेनेरेटर/पानी ट्याङ्की/थप अन्य ..................................... ।<br>१. भूकम्पबाट सर्ने सम्भावना नभएको, स्थिर र सुरक्षित छ?<br>ठिक छ/सामान्य छ/स्थिर छैन वा बाँधिएको छ/कार्यान्वयनमा नआउने<br>२. बाढीबाट सुरक्षाका लागि अग्लो रहेको:<br>राम्ररी स्थिर गरिएका छन्/सामान्य रूपमा स्थिर गरिएका छन्/स्थिर छैनन् वा बाँधिएका मात्र छन्/नचाहिने |
| ५ | छानाको संरचनाको स्थिरीकरण | एन्टेना, पानी ट्याङ्की, सोलार प्यानेल, पानी तताउने हिटर, अन्य ...........................<br>तिनीहरू राम्ररी स्थिर गरिएका छन्/सामान्य रूपमा स्थिर गरिएका छन्/स्थिर छैनन् वा बाँधिएका मात्र छन्/नचाहिने |
| ६ | कम्पाउन्ड पर्खाल<br>(प्रत्येक पर्खालको छुट्टाटुट्टै लेखाजोखा गर्ने) | पर्खालको प्रकार : इटा/टुक्रा ढुङ्गा/साधारण ढुङ्गा, काठ/अन्य ।<br>प्लास्टर : सुख्खा/माटाको प्लास्टर/सिमेन्ट प्लास्टर/इँटाको धुलाको प्लास्टर/अन्य ।<br>पर्खालको मोटाइः .......... मिटर, पर्खालको उचाइ : .................. मिटर ।<br>माथि पुरै बाँधिएको छ? छ/छैन/छैन तर अग्लो/पर्खालको चौडाइ <५ ।<br>तेर्सो प्रबलीकरण बिम दिइएको? र दूरी? ........ मिमि बार २ .......मिटर दुरी ।<br>पर्खालको सङ्कटासन्नता (स्थानीय सरकारका इन्जिनियरले भर्ने) : न्यून/मध्यम/उच्च<br>बाहिर निस्किन बाधा/कुनै कारणले क्षति भएमा सङ्कटासन्नता उन्मुख (अन्वेषण गर्ने) : न्यून/मध्यम/उच्च |

**टेबुल क ९.२: संरचनात्मक सुरक्षा लेखाजोखा सारांश १ (भवन बाहेकका अन्य सुविधा)**

| क्र.सं. | संरचना र यसका अवयवहरू | अपरिभाषित सवाल (सङ्कटासन्नताका सन्दर्भमा) | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

## अनुसूची १०: विद्यालयको संरचनात्मक सुरक्षा र तिनमा भएको त्रासको लेखाजोखा औजार

| द्रष्टव्य : यी औजारलाई स्थानीय सन्दर्भ र आवश्यकताअनुरूप परिमार्जन गरी उपयोग गर्न सकिनेछ । | |
|---|---|
| औजारको उद्देश्य | विद्यालय संरचनाको सुरक्षा अवस्था लेखाजोखा गर्ने तथा विद्यार्थी, शिक्षक र भवन उपयोग गर्नेहरूका पर्न सक्ने त्रास एवम् जोखिम पहिचान गर्न मार्गदर्शन गर्नु । |
| जिम्मेवारी | तह १ लेखाजोखा (क देखि घ नम्बरसम्म) विद्यालय आफैँले गर्ने ।<br>तह २ लेखाजोखा (ङ देखि ज नम्बरसम्म) विद्यालय विपद् व्यवस्थापन समिति र विद्यालय सुधार योजना कार्यसमूहसँग समन्वय गरी स्थानीय सरकारका इन्जिनियरले गर्ने । |
| पूर्वसर्त | तह १ को लेखाजोखा गर्ने जिम्मेवार व्यक्ति बृहत् विद्यालय सुरक्षासम्बन्धी विषयमा प्रशिक्षित हुनुपर्नेछ । |
| समय | प्रत्येक वर्ष नयाँ शैक्षिक सत्र प्रारम्भ हुनपहिले । |
| सन्दर्भस्रोत | यी औजार तलको कुरामा आधारित छन् :<br>● बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजले स्वीकार गरेको विद्यालय र अस्पताल सुरक्षाका लागि दक्षिण एसियामा प्रकोप लेखाजोखा औजार - (UNISDR 2013) र सिडा (SIDA) प्रश्नावली (World Bank 2015) ।<br>● शिक्षा विभाग (शिक्षा तथा मानव स्रोत विकास केन्द्र)को नमुना विद्यालय प्रश्नावली (DoE 2017c) ।<br>● सहरी विकास तथा भवन निर्माण विभागको भूकम्पीय सङ्कटासन्नता मूल्याङ्कन कार्यविधि (DUDBC 2011) जसलाई बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजले स्वीकार गरेको छ । |

### तह १ लेखाजोखा : प्रत्येक भवनका लागि विद्यालयद्वारा गरिने लेखाजोखा

विद्यालयका प्रत्येक भवनका लागि लेखाजोखा गर्न अपनाउनुपर्ने चरणहरू निम्नअनुसार रहेका छन् :

- विद्यालयका सबै भवनको सूची तयार गरी प्रत्येक भवनको नम्बरसहितको विवरण राख्ने (हेर्नुहोस् अनुसूची ७ को टेबुल क७.२) ।
- “क” लेखाजोखा पृष्ठभूमि जानकारी औजार पूर्ण गर्ने,
- औजार “ख” मा उल्लेख भएका बुँदामा गोलो चिह्न लगाएर आकारसहित पहिचान गर्ने,
- लेखाजोखाको पृष्ठभूमिमा औजारसम्बन्धी जानकारी पूर्ण रूपमा दिने,
- औजार “ग” मा भएको अवस्थाअनुरूप बुँदाहरूमा गोलो चिह्न लगाई संरचनाको उच्च र धेरै उच्च सङ्कटासन्न स्वरूप निर्धारण गर्ने (यो कार्य तह २ मा जानेछ ।),
- उच्च र धेरै उच्च सङ्कटासन्न भवनको सबै भागको फोटोसहितका विवरण औजार “घ” मा राख्ने ।

| (क) | संरचनात्मक लेखाजोखाको विवरण | |
|---|---|---|
| १. | भवन नम्बर | ग्लोबल पोजिसनिङ प्रणाली तथा स्थान- उत्तर/दक्षिण (GPS location -N/E): |
| २. | भवन पहिचानका लागि विशेष सङ्केत नम्बर (क्षेत्रगत नक्साअनुरूप) : | |
| ३. | नापजाँच गर्नेको नाम, पद र फोन नम्बर :<br><br>मिति, समय र सर्भे गरिएको समयको मौसमी अवस्था : | |

| (ख) | प्रकार र आकार | | |
|---|---|---|---|
| भवन नम्बर | | | |
| | | **प्रकार** | **विवरण** |
| १ | संरचनात्मक प्रकार<br><br>(मूल पद्धतिमा चिह्न लगाउनुहोस् र छोटो विवरण लेख्नुहोस्) | (क) ढलान कङ्क्रिट भवन | |
| | | (ख) गारोवाला भवन | |
| | | (ग) स्टिल प्रयोग गरी निर्मित भवन | |
| | | (घ) ढलान गरिएको गारोवाल भवन | |
| | | (ङ) फलामको खम्बा र गारोवाल भवन | |
| | | (च) काठको खम्बासहितको गारोवाल भवन | |
| | | (छ) काठको चौक लगाइको भवन | |
| | | (ज) अन्य | |
| | | भारवहन गर्ने गारो :<br>जोडाइ : इँटा/साधारण ढुङ्गा/कुँदेको ढुङ्गा/खाँदेर बनाएको माटाको इँटा/कङ्क्रिट ब्लक र अन्य :<br>मसला : सुख्खा/माटो/चुना/चुना-सुर्खी/सिमेन्ट/अन्य<br>हलुका गारो (भारवहन नगर्ने भित्री गारो) :<br>जोडाइ : इँटा/साधारण ढुङ्गा/कुँदेको ढुङ्गा/खाँदेर बनाएको माटोको इँटा/कङ्क्रिट ब्लक र अन्य :<br>मसला : सुख्खा/माटो/चुना/चुना-सुर्खी/सिमेन्ट/अन्य | |
| २ | तला | जमिनभन्दा माथिको तलाको सङ्ख्या :<br><br>जमिनमुनिको तला सङ्ख्याः | भुइँ तलाको उचाइ (मिटर):<br><br>अन्य तलाको उचाइ (मिटर) : |
| | | बुइँगल भएमा सोको क्षेत्रफल (वर्गमिटर).......... र उचाइ (मिटर) ............ | |
| ३ | भवनको आकार | लम्बाइ (मिटर) : ....... \| चौडाइ (मिटर) : ....... | उचाइ (मिटर) : .......... |
| ४ | तलाको प्रकार<br><br>(बहुतले भवनका लागि) | कडा भुइँ (कडा कङ्क्रिट ढलानको भुइँ, इँटा र कङ्क्रिटबाट बनेको भुइँ, स्टिल पातामा कङ्क्रिट बिछ्याइएको भुइँ)<br><br>अर्धकडा भुइँ (काठको तखता ओछ्याएको, स्टिलको पाता आछ्याएको)<br><br>साधारण र हल्लिने (नकसिएको काठको जडान, नकसिएको स्टिलको पाता) | |
| ५ | छानाको प्रकार | कडा ढलान (आरसीसी ढलान, आरबीसी ढलान, स्टिल प्लेटसहितको कङ्क्रिट बिछ्याएको)<br>अर्धकडा ढलान (काठको तखता ओछ्याएको, स्टिलको पाता ओछ्याएको)<br>साधारण र हल्लिने (नकसिएको काठको जडान, नकसिएको स्टिलको पाता) | |

| | | |
|---|---|---|
| ६ | निर्माण स्तर | कमजोर : भूकम्पीय सुरक्षाविधि नअपनाइएको ।<br>औसत : भूकम्पीय सुरक्षाविधि थोरै मात्र अपनाइएको, जस्तै : तेर्सोपट्टी राखेको ।<br>राम्रो : भूकम्पीय सुरक्षा विधि अपनाइएको, जस्तै : गारोको वारपार काठको बिम वा सिमेन्टको जोडाइ (नस) राखेको । चारैतिर पुरै तेर्सो बन्धन राखेको, झ्याल थोरै राखिएको र खुला भाग (५० प्रतिशतसम्म १ तलेका लागि, ४० प्रतिशतसम्म २ तलेका लागि र ३० प्रतिशतसम्म ३ तले भवनका लागि) राखिएको । |
| ७ | पहिले केही गरेको भए | छैन/ मर्मतसम्मार / पुनर्निर्माण / प्रबलीकरण/ अन्य : |
| ८ | सारांश (सङ्कटासन्नता तलाका आधारमा) | सङ्कटासन्नता स्तर : धेरै उच्च / उच्च / मध्यम / न्यून<br>अति उच्च सङ्कटासन्न र पहिले प्रबलीकरण नगरिएको भवन भएमा तत्कालै प्रबलीकरण गर्ने वा भत्काउने निर्णय गर्नुपर्छ । अन्य अवस्थामा रहेका भवनका लागि सङ्कटासन्नता कम गर्न स्थानीय तवरबाट गर्न सकिने उपयुक्त विधि वा कार्यद्वारा जोखिम न्यूनीकरणका कार्य गर्नुपर्छ । |

**(ग) संरचनाको सङ्कटासन्नता स्तर पहिचानका लागि औजार**

| **भवन नम्बर** | | | | |
|---|---|---|---|---|
| **निर्माणको प्रकार** | **संरचनाको अवस्था (कुनै एकमा गोलो चिह्न लगाउने)** | **VII स्तरको धक्का हुँदाको Intensity सम्भावित क्षति** | **IX स्तरको धक्का पर्दा हुने सम्भावित क्षति** | **सङ्कटासन्नता स्तर** |
| चुली गारो वा<br>पुरुवा ढुङ्गा जोडाइ | कमजोर<br>औसत<br>राम्रो | **DG5**<br>**DG4**<br>DG3 | **DG5**<br>**DG5**<br>DG4 | धेरै उच्च<br>धेरै उच्च<br>उच्च |
| इँटा र माटोको जोडाइ (साधारण) | कमजोर<br>औसत<br>राम्रो | **DG4**<br>DG3<br>DG2 | **DG5**<br>**DG5**<br>DG4 | धेरै उच्च<br>उच्च<br>उच्च<br>उच्च |
| इँटा र माटोको जोडाइ (राम्रो) वा<br>इटा र सिमेन्टको जोडाइ | कमजोर<br>औसत<br>राम्रो | DG3<br>DG2<br>DG1 | **DG5**<br>DG4<br>DG3 | उच्च<br>उच्च<br>मध्यम |
| इन्जिनियरिङ प्रविधि नअपनाइएको पिलरवाला भवन (४ तले) | कमजोर<br>औसत<br>राम्रो | DG2<br>DG1<br>DG1 | **DG5**<br>DG4<br>DG3 | उच्च<br>मध्यम<br>मध्यम |
| इन्जिनियरिङ प्रविधिबाट निर्मित ढलानघर (३ तले)<br>गारोवाला भवन | कमजोर<br>औसत<br>राम्रो | DG2<br>DG1<br>- | DG4<br>DG3<br>DG2 | उच्च<br>मध्यम<br>न्यून |

द्रष्टव्य १ : माथि उल्लेख नभएका फरक प्रकारका भवनको लेखाजोखा माथिकै तौरतरिका अपनाएर गर्न सकिनेछ ।

द्रष्टव्य २ : क्षतिको स्तर (Damage grades) भूकम्पीय सङ्कटासन्नता मूल्याङ्कन कार्यविधि (DUDBC 2011) अनुरूप गर्नुपर्छ । सङ्कटासन्नताको मापन सम्भावित क्षतिको स्तरलाई आधार मानेर निम्नअनुसार गरिनेछ :

अति उच्च : ७ इन्टेन्सिटी बराबरको भूकम्पको धक्का भएमा जीवनमा आघात पर्छ ।

उच्च : ९ इन्टेन्सिटी बराबरको भूकम्पको धक्का भएमा जीवनमा आघात पर्छ ।

मध्यम : ९ इन्टेन्सिटी बराबरको भूकम्पको धक्का भएमा पनि संरचनामा आंशिक क्षति भए पनि जीवनमा न्यून आघात पर्छ ।

न्यून : ९ इन्टेन्सिटी बराबरको भूकम्पको धक्का भएमा पनि जीवनमा आघात पर्ने सम्भावना न्यून हुन्छ ।

## (घ) फोटो तथा चित्र

- प्रत्येक भवनको चारैदिशा, छाना र जमिनको फोटो प्रतिवेदनसाथ राख्ने,
- तल (ग) मा दिइएको औजारको माध्यमबाट सबै क्षेत्रको प्रतिवेदन तयार गरी भवनको धेरै उच्च, उच्च, मध्यम, र न्यून सङ्केतसहितको सङ्कटासन्नता पहिचान गर्ने ।

**भवन नम्बर**

**भुइँतलाको योजनाको चित्र दुई लाइनमा, अगाडिको भाग र छेउको भागसमेत स्पष्ट हुने गरी चित्र कोर्ने**

**तह २ को लेखाजोखा**

औजार “ग” को प्रयोगबाट भएको लेखाजोखाबाट अति उच्च र उच्च सङ्कटासन्न देखिएका भवनहरूको लेखाजोखा स्थानीय सरकारका इन्जिनियरबाट गरिनुपर्छ ।

| (ङ) | **जग राख्ने ठाउँ (SITE FOR FOUNDATION (Tick)** | | |
|---|---|---|---|
| **भवन नम्बर** | | | |
| १ | **समथर भूभाग** | [ ]समथर : (पाँच डिग्रीभन्दा कम भिरालो(<5-degree slope) | [ ]मध्यम भिरालो: (२० डिग्रीसम्म (up to 20 degree) |
| | | [ ]धेरै भिरालो: (२० डिग्रीभन्दा बढी) (>20 degree) | [ ]अनुपयुक्त क्षेत्र (Depressed area) |
| | **भूभागसम्बन्धी विवरण उल्लेख गर्ने :** | | |
| २ | जगको माटो | कमजोर/भरेको | नरम |
| | | मध्यम | कडा |
| ३. द्रष्टव्य | | | |

| (च) | **सामग्री तथा कारीगरी** | | | |
|---|---|---|---|---|
| भवन नम्बर | | | | |
| १ | निर्माण | प्रारम्भ मिति : | | सम्पन्न मिति |
| | | आर्थिक सहयोग गर्ने : | | निरीक्षण गर्ने : |
| २ | **निर्माणमा आर्थिक सहयोग गर्ने** | [ ] छैन [ ] विद्यालय[ ] शिक्षा तथा मानव स्रोत विकास केन्द्र [ ] परियोजना [ ] एनआरए [ ] गैसस<br>अन्य (उल्लेख गर्नुहोस्) : | | |
| | **इन्जिनियरद्वारा निरीक्षण आवृत्ति (बारम्बारता)** | [ ] नियमित निरीक्षण, आवश्यकताअनुसार (प्रतितला बढीमा २० पटकसम्म)<br>[ ] थोरै निरीक्षण, (प्रतितला बढीमा १० पटकसम्म)<br>[ ] थोरै निरीक्षण (प्रतितला बढीमा ३ पटकसम्म) | | |
| | रेखदेख गर्ने जिम्मेवारी | [ ] छैन [ ] विद्यालय [ ] शिक्षा तथा मानव स्रोत विकास केन्द्र [ ] परियोजना [ ] एनआरए [ ] गैसस<br>अन्य (उल्लेख गर्नुहोस्) : | | |
| | | | मापन | विस्तृत विवरण |
| ३ | निर्माण सामग्रीको गुणस्तर<br>(गुणस्तर १ देखि ५ सम्म, १- न्यून गुणस्तरदेखि ५ राम्रो, U= थाहा नभएको, N= उपयोग नभएका<br>मापन उल्लेख गर्ने र विस्तृतमा लेख्ने (उत्पादन ब्रान्ड, अवलोकन, सवाल आदि) | सिमेन्ट | | |
| | | बालुवा | | |
| | | छड | | |
| | | रोडा | | |
| | | फलाम | | |
| | | इँटा | | |
| | | ढुङ्गा | | |
| | | पानी | | |
| | | काठ | | |

| | | | |
|---|---|---|---|
| ४ | सामग्री व्यवस्थापन | मिस्त्री | तालिम प्राप्त नभएको/अनुभवी/ तालिम प्राप्त |
| | | मसलाको अनुपात (गारोमा) | |
| | | प्लास्टर गरेको | छैन/माटोका/सिमेन्टको/माटाको/चुनाको/चुना-सुर्खीको |
| | | भाइब्रेटरको प्रयोग | जग/खम्बाको आधार/टाइबिम/खम्बा/बिम/ढलान |
| | | मिक्चरको प्रयोग | जग/खम्बाको आधार/टाइबिम/खम्बा/बिम/ढलान |
| | कुनै गलत प्रकारले अवलोकन भए | घन्टीमा निर्माण कार्य नभएको:<br>प्वाल प्वाल परेको ढलान :<br>मसलाको कमी : | |
| **%** | **अन्य अवलोकन** | | |
| ६. द्रष्टव्य : | | | |

| | | | |
|---|---|---|---|
| ५ | अन्य सङ्कटासन्नता र विगतमा गरेका कार्य | | |
| **भवन नम्बर :** | | | |
| | **मर्मतको आवृत्ति/ नियमितता** | आवश्यक छैन/बारम्बार (आवश्यकताअनुसार) कहिलेकाहीँ/बिरलै | |
| | मर्मतसम्भारको गुणस्तर | राम्रो/ अपर्याप्त/ धेरै कम | |
| | थप केही भए | छैन/ छानामा हलुका थप/भारी छानामा थपेको/योजना विस्तार | |
| | बाहिरी तथा स्टिलमा रङरोगन | आवश्यक छैन/नियमित/कहिलेकाहीँ/विरलै | |
| | विगतको मूल्याङ्कन | छैन/नियमित/विस्तृत रूपमा<br>नतिजा : सुरक्षित/सङ्कटासन्न/उच्च सङ्कटासन्न | गर्नेको सही:<br>गरेको मिति : |
| | प्रबलीकरण | छैन/आंशिक/पूर्ण/आवश्यक नभएका; कसले गर्ने ? | |
| | कस्तो प्रबलीकरण | बिम र पिलरलाई मारेको/बिम र पिलरमा फलामको पाताले बेरेको/तलाहरूको आकार थप गरिएको, बाँधेको, गारो मर्मत गरेको, स्टिलको बन्धन लगाएको/भवनहरूलाई छुट्याएको/अन्य | |
| | आकार | आयातकार, छोटो, लामो, अन्य : | |
| | अनियमित योजना | छैन/हल्का/ठिकै/धेरै | ? |
| | साधारण तला | छैन/हल्का/ठिकै/धेरै | ? |
| | भवनको मोहडामा अनियमितता | छैन/हल्का/ठिकै/धेरै | ? |
| | भुइँको सतहमा भिन्नता | छैन/हल्का/ठिकै/धेरै | ? |
| | गारोमुनि गारो नभएको | छैन/हल्का/ठिकै/धेरै | ? |
| | पिलर नमिलेको | छैन/हल्का/ठिकै/धेरै | ? |
| | भवनको सुर नमिलेको | छैन/हल्का/ठिकै/धेरै | ? |

| | | | |
|---|---|---|---|
| | सेवाप्रदायी तला | छैन/हल्का/ठिकै/धेरै | ? |
| | बिम र छडको दुरी | छैन/हल्का/ठिकै/धेरै | ? |
| | पिलर र छडको दुरी | छैन/हल्का/ठिकै/धेरै | ? |
| | एकअर्कामा ठकोक्किँदाको असर | छैन/हल्का/ठिकै/धेरै | न्यूनतम् दुरी (मिलिमिटर): |
| | नजिक रहेको संरचनाको जोखिम | उच्च/मध्यम/न्यून/छैन | जोडिएका संरचना |
| | भवनका अन्य आवश्यक उपयोगिता | साधारण शिक्षालय/विपद्पछिको कार्य/विपद्पछिको सेवा | |

**(ज) माथिको लेखाजोखाका आधारमा सङ्कटासन्नता लेखाजोखाको सारांश**

**भवन नम्बर**

**संरचनाको प्रकार :**

**भवन निर्माणको स्तर :**

**टेबुलको आधारमा सङ्कटासन्नताको तह (आवश्यकता भएमा कक्षाकोठादेखि विद्यालय तहको अद्यावधिक गर्ने) धेरै उच्च/उच्च/मध्यम/न्यून**

**थप लेखाजोखा र मूलभूत कारण लेख्ने**

## अनुसूची ११: विद्यालय शान्ति क्षेत्र र बाल संरक्षणका लागि चाहिने विषय

| द्रष्टव्य : अन्य थप गर्नुपर्ने महत्त्वपूर्ण विषय भए पहिचान गरी थप गर्न सकिनेछ । | |
|---|---|
| यस सूचीको उद्देश्य | बालअधिकार (हिंसा, दुरुपयोग अपहेलना र बेवास्ता) र विद्यालय शान्ति क्षेत्रका प्रमुख विषय उल्लेख गर्नु । उल्लिखित विषयमा सचेततासाथ लेखाजोखा गर्नु । मौजुदा अवस्थामा बाल संरक्षण र विद्यालय शान्ति क्षेत्रको प्रवर्द्धन गर्न पहल गर्नु । |
| सूचीका बुँदाको कार्यान्वयन कसरी गर्ने | • तल दिइएका क देखि घ सम्मका सूचीलाई समवेश गर्ने,<br>• बाल संरक्षण र विद्यालय शान्ति क्षेत्रसम्बन्धी त्रासको निराकरण गर्न लिखित रूपमा लेखाजोखा प्रतिवेदन तयारी गर्ने,<br>• पहिचान भएका विषयलाई बृहत् विद्यालय सुरक्षा कार्ययोजनामा अद्यावधिक गरी राख्ने । |
| जिम्मेवारी | लेखाजोखा गर्ने कार्यमा विद्यालय व्यवस्थापन समितिले नेतृत्त्व गर्नेछ । |
| समय | प्रत्येक वर्ष बृहत् विद्यालय सुरक्षा कार्ययोजना अद्यावधिक र विद्यालय सुधार योजना तयार गर्ने क्रममा यो कार्य गर्नुर्पे छ । |

| **(क) विद्यालयमा बाल संरक्षणसम्बन्धी सामान्य सवाल** |
|---|
| • विद्यार्थीलाई शारीरिक दण्ड दिने मौजुदा अभ्यास |
| • विद्यार्थीको खिसीट्युरी, अपहेलना, हिंसा आदि । |
| • अन्य बुँदा थप गर्ने |
| **(ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी सवाल** |
| • छात्र र छात्राका लागि अलग्गै शौचालयको अभाव |
| • किशोरी विद्यार्थीले महिनाबारीका समयमा आफूलाई विभेद गरेको अनुभूति |
| • विद्यार्थीले अनुभूत गर्ने लिङ्ग, वर्ग, जात, अपाङ्गता वा अन्य प्रकारका भेदभाव |
| • संरचना र सुविधाहरू अपाङ्गमैत्रीपना |
| • अन्य केही भए थप्ने |
| **(ग) विद्यालय राजनीतिक क्रियाकलापका लागि प्रयोग** |
| • राजनीतिक दलको ऱ्यालीमा प्रयोग हुनसक्छन् । |
| • राजनीतिक दलको बन्द र हडतालका कारण वा राजनीतिक दलबिचको द्वन्द्वका कारण विद्यालयहरू पनि बन्द हुन्छन् । |
| • विद्यार्थीलाई राजनीतिक दललाई सहयोग गर्न सहभागी गराइन्छ । |
| • अन्य केही भए थप्ने |
| **(घ) आपत्कालीन समयमा विद्यार्थीलाई उपयोग हुनसक्ने क्षेत्र** |
| • विद्यार्थीलाई द्वन्द्वरत दलहरूको कार्यमा सहभागी गराउँछन् (स्वयम् वा दबाबका कारण) । |
| • आपत्कालीन समयमा यौन हिंसा, अपहेलना, बलात्कार, यौनजन्य क्रियाकलाप र वेश्यावृत्तिमा लगाउने सम्भावना रहन्छ । |
| • आपत्कालीन समयमा बालबालिकाको बेचबिखन हुनसक्छ । |
| • आपत्कालीन समयमा बालबालिकालाई लागू औषध ओसार पसारमा प्रयोग गर्ने सम्भावना रहन्छ । |
| • अन्य केही भए थप्ने |

## अनुसूची १२: बृहत् विद्यालय सुरक्षाका लागि गैह्रसंरचनात्मक अल्पीकरणका तरिका

| | |
|---|---|
| द्रष्टव्य : बृहत् विद्यालय सुरक्षाका लागि अन्य महत्त्वपूर्ण गैह्रसंरचनात्मक अल्पीकरणका थप कुरा भए थप गर्न सकिनेछ । | |
| सूचीको उद्देश्य | विद्यालय सुरक्षाका लागि कार्यान्वयन गर्न सकिने प्रमुख गैह्रसंरचनात्मक अल्पीकरणका कार्य निर्धारित गर्नु । |
| सूचीको प्रयोग कसरी गर्ने | बृहत् विद्यालय सुरक्षा कार्ययोजना तयार गर्दा दिइएका बुँदाहरूलाई लिने र स्थानीय सन्दर्भ तथा आवश्यकताअनुसार थप गर्ने । |
| जिम्मेवारी | विद्यालय विपद् व्यवस्थापन समिति |
| समय | प्रत्येक वर्ष बृहत् विद्यालय सुरक्षा कार्ययोजना अद्यावधिक र विद्यालय सुधार योजना तयार गर्ने क्रममा यो कार्य गर्नुपर्ने छ । |
| सन्दर्भसामग्री | बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज भाग २ बाट लिइएको छ (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०१८क) |

**(क) कक्षाकोठा र विद्यालय भवनभित्र**

१. टेबुल, दराज, कम्प्युटर, पङ्खा, फूलदानी, पानी ट्याङ्की, विषादीजस्ता जोखिमयुक्त वस्तुलाई स्थिर र बलियोसँग बाँध्ने वा सुरक्षित बनाउने,

२. कक्षाकोठाको ढोकाको मर्मतसम्भार गर्ने र प्रत्येक कोठाको ढोका सजिलैसाग बाहिरपट्टी खुल्ने सुनिश्चित गर्ने,

३. डेस्क र बेन्च एकसाथ जोडिएका भए तिनलाई छुट्याउने र विद्यार्थीलाई सजिलैसँग हिँड्न वा घुम्न मिल्ने गरी पुनःव्यवस्थापन गरी मिलाउने,

४. गह्रौं बस्तुलाई शिरभन्दा तल पर्नेगरी राख्ने र सकेसम्म भुइँ तलामा राख्ने व्यवस्था मिलाउने,

५. विद्युतीय वायरिङलाई व्यवस्थिति गर्ने,

६. ग्याँस, मटीतेल, पेट्रोलजस्ता प्रज्ज्वलनशील पदार्थलाई कक्षाकोठा, अन्य आवास क्षेत्र वा विद्यार्थीको पहुँचभन्दा अलग्गै वा छुट्टै ठाउँमा व्यवस्थित गरी राख्ने,

७. झ्यालढोका, छानो आदिलाई बलियो र सुरक्षित बनाउन आवश्यक हुक, कब्जा वा अन्य विधिले बाँध्ने,

८. विद्यालय भवन र अन्य संरचनाको नियमित मर्मतसम्भार गर्ने ।

**(ख) विद्यालय परिसरमा**

१. धेरै वर्ष भएका रुखहरू हटाउने, सुकेका हाँगा र भाँच्चिएका हाँगाहरू काट्ने, धुलो तथा गेग्र्यानलाई विद्यालय परिसरबाट हटाउने,

२. विद्यालय चउरको सतह समान र एकनासको बनाउने, खाल्डाखुल्डी पुर्ने र सर्प वा अन्य विषालु किराको जोखिम कम गर्न झाडी वा घाँस नियमित रूपमा काट्ने,

३. विद्यालय र वनका बिचमा अग्निनियन्त्रण रेखा बनाउने र कुलेसो बनाएर त्यसलाई नियमित रूपमा सफा गर्ने,

४. आगो बाल्ने स्थान (जस्तै : चमेनागृहको चुलो) प्रज्ज्वलनशील पदार्थ, नरम वा तुरुन्तै बल्ने काठ वा त्यस्तो काठबाट बनेका संरचना र भण्डारगृहभन्दा टाढा बनाउने,

५. विद्यालय आसपास र परिसरमा सचित्र चेतावनी सङ्केत राख्ने, जस्तै : विद्यालय क्षेत्र/बालबालिका हिँड्डुल गर्ने क्षेत्र/बिस्तारै हाँक्नुहोस्/गति सीमित वा ५ किलोमिटर प्रतिघण्टा आदि ।

६. विद्यालयबाट निस्किने फोहो सुरक्षित व्यवस्थापन गर्ने,

७. विद्यालय परिसर वरिपरि वृक्षरोपण गर्ने,

८. पहिरो, बाढी र ढुङ्गा खस्ने क्षेत्रमा ग्याबिन पर्खाल तथा सुरक्षा तटबन्ध लगाउने,
९. विद्यालय परिसरबाट पानी सहजै बग्नेगरी निकासको व्यवस्था गर्ने,
१०. विद्यालयको खानेपानी र सरसफाइ सुविधाको नियमित रूपमा मर्मतसम्भार गर्ने ।

**(ग) निम्नलिखित संरचनाको स्थायित्त्वका लागि गरिने अल्पीकरणका कार्यमा स्थानीय सरकारले सहयोग गर्नुपर्छ :**

१. विद्यालय परिसरलाई पर्खाल, फेन्सिङ र गेट लगाएर सुरक्षित बनाउने,
२. पहिरो र बाढीको जोखिम रहेका विद्यालयले आवश्यकताअनुसार ग्याबिन पर्खाल वा संरक्षण बारद्वारा पहिरो र बाढी नियन्त्रण गर्ने,
३. पानी निकासका लागिउपयुक्त ढल वा निकासको व्यवस्था मिलाउने,
४. विपद् जोखिम लेखाजोखा, जोखिम न्यूनीकरणका लागि शिक्षक, प्रधानाध्यापक, कर्मचारी र विद्यार्थीको क्षमता अभिवद्धि गर्ने,
५. शौचालय, कक्षाकोठा र अन्य संरचना बाल तथा अपाङ्गमैत्री बनाउने,
६. बार्दली वा भऱ्याङमा रेलिङ लगाउने,
७. बाढीको जोखिम भएको क्षेत्रमा खानेपानी तथा सरसफाइसम्बन्धी सुविधालाई अग्लो पारी निर्माण गर्ने ।

## अनुसूची १३: संरचनात्मक अल्पीकरणका क्रियाकलाप र जिम्मेवार निकायको सूची

| | |
|---|---|
| द्रष्टव्यः बृहत् विद्यालय सुरक्षाका लागि संरचनागत अल्पीकरणका क्रियाकलाप आवश्यकताअनुसार थप गर्न सकिनेछ । | |
| परीक्षण सूचीको उद्देश्य | विद्यालय सुरक्षाका लागि विद्यालयमा कार्यान्वयन गर्नुपर्ने संरचनागत अल्पीकरणका मुख्य कार्य निर्धारण गर्नु । |
| परीक्षण सूचीको प्रयोग | ● विद्यालय संरचनाहरूको अवस्था तलको दायाँ कोलममा पहिचान गरिएको छ । त्यसलाई पुनरावलोकन गरी स्थान र परिवेश अनुरूप सुधार गर्न सकिनेछ ।<br>● यी सूचना र जानकारीहरू बृहत् विद्यालय सुरक्षा कार्ययोजना तयारी तथा अद्यावधिक गर्दा उपयोग गर्नुपर्छ । |
| जिम्मेवारी | विद्यालय विपद् व्यवस्थापन समिति |
| समयावधि | प्रत्येक वर्ष बृहत् विद्यालय सुरक्षा कार्ययोजना अद्यावधिक र विद्यालय सुधार योजना तयार गर्ने क्रममा यो कार्य सम्पन्न गर्नुपर्छ । |

टेबुल क १३.ज्ञ : संरचनात्मक जोखिम अल्पीकरण र जिम्मेवार निकाय

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कुन संरचनासँग उपयुक्त हुन्छ |
|---|---|---|---|
| (क) भवन | | | |
| १ | उच्च जोखिममा रहेका संरचना प्रबलीकरण गर्ने । प्रबलीकरण गरेर पनि नहुने भए नयाँ निर्माण गर्ने (ढुङ्गा र सिमेन्ट वा ढुङ्गा र माटाको जडानबाट बनेका बहुतले भवन) । | स्थानीय सरकार | |
| २ | लामो पर्खाललाई टेवा दिई प्रबलीकरण गर्ने । | स्थानीय सरकार | |
| ३ | भवनका जोडी भएका त्रिकोणात्मक संरचना हटाउने । | विद्यालय र स्थानीय सरकार | |
| ४ | भवनको कुनाका कमजोर जोडाइलाई स्टिच गर्ने । | विद्यालय र स्थानीय सरकार | |
| ५ | भवनको मर्मतसम्भार नियमित रूपमा गर्ने । | विद्यालय र स्थानीय सरकार | |
| ६ | छानोलाई बलियोसँग बाँध्ने (हुरीबतासबाट बचाउन) । | विद्यालय र स्थानीय सरकार | |
| ७ | कक्षाको भुइँमा छापिएका फल्याक वा भुइँलाई राम्ररी बाँधेर बलियो बनाउने (हुरीबतासबाट बचाउन) । | विद्यालय र स्थानीय सरकार | |
| ८ | भाँच्चिन लागेका वा कमजोर फलाम वा काठलाई प्रतिस्थापन गर्ने (तेर्सो वा ठाडो बिम, कमजोर पाता, बल्टु आदि) । | विद्यालय र स्थानीय सरकार | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कुन संरचनासँग उपयुक्त हुन्छ |
|---|---|---|---|
| ९ | दुई भवनबिचको खाडल पुरिएको भए त्यसलाई हटाउने । | विद्यालय | |
| १० | भवन वा अन्य संरचनात्मक सुविधालाई सुरक्षापर्खाल लगाएर बलियो बनाउने । | विद्यालय र स्थानीय सरकार | |
| ११ | भवन रहेको जमिन र भुइँतलामा पानी नपस्नेगरी वा पसेको पानी सहज रूपमा निकास हुने व्यवस्था गर्ने । | विद्यालय | |
| १२ | भवनभित्रका गैह्रसंरचनात्मक प्रकोपको व्यवस्था मिलाउने । | विद्यालय | |
| १३ | बार्दलीको रेलिङलाई राम्ररी बाँध्ने । | विद्यालय र स्थानीय सरकार | |
| १४ | पर्खालको अग्लो र कमजोर भागलाई बलियोसँग स्थिर बनाउने । | विद्यालय | |
| १५ | पर्खालको खुल्ने भागलाई घटाउने । | विद्यालय र स्थानीय सरकार | |
| १६ | पर्खालका अस्थायी बन्धनलाई स्थिर बनाउने । | विद्यालय र स्थानीय सरकार | |
| १७ | छानाको पानी रसाउने ठाउँलाई पानी नरसाउनेगरी मर्मत गर्ने । | विद्यालय र स्थानीय सरकार | |
| १८ | भऱ्याङ सुधार गर्ने । | विद्यालय र स्थानीय सरकार | |
| १९ | पर्खालको प्वाललाई स्टिल वा सिमेन्टले टाल्ने । | विद्यालय र स्थानीय सरकार | |
| २० | ट्रस वा छानोको कमजोर संरचनाभए प्रबलीकरण गर्ने । | विद्यालय र स्थानीय सरकार | |
| | अन्य केही भए थप गर्ने । | | |
| (ख) प्रकोप | | | |
| १ | बाढीको जोखिम कम गर्न संरक्षण संरचना र नदी तटबन्ध निर्माण गर्ने । | स्थानीय सरकार | |
| २ | डुबान नियन्त्रणका लागि ढलनिकासको व्यवस्थामा सुधार गर्ने । | विद्यालय | |
| ३ | आगलागीको जोखिमबाट बचाउन चमेनागृह र पुस्तकालय भवन अलग्गै बनाउने । | विद्यालय | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कुन संरचनासँग उपयुक्त हुन्छ |
|---|---|---|---|
| ४ | सडकबत्ती राख्ने । | स्थानीय सरकार | |
| ५ | पहिरो वा ढुङ्गा खस्न नदिन संरक्षण पर्खाल लगाउने । | स्थानीय सरकार | |
| ६ | ठुला रुखको काँटछाँट गर्ने वा काटेर हटाउने । | विद्यालय | |
| ७ | विद्युतीय पोल र तारहरूलाई आवश्यकताअनुसार स्थानान्तरण गर्नुपर्ने । | विद्यालय र स्थानीय सरकार | |
| ८ | विद्यालय भवनबाहिर निस्किने बाटो अवरुद्ध नहुने र खुला रहने बनाउने | विद्यालय | |
| ९ | नजिकै रहेको सङ्कट उत्पन्न गर्ने संरचना वा वस्तुको अल्पीकरण गरिएको छ (रुख, टावर, बिजुली वा टेलिफोनको खम्बा आदि) । | विद्यालय र स्थानीय सरकार | |
| | अन्य केही भए उल्लेख गर्ने | | |
| (ग) अन्य संरचना | | | |
| १ | बाहिररहेका औजारहरू स्थायी रूपमा राखिएको छ (जेनेरेटर, पानीट्याङ्की, होर्डिडबोर्ड आदि)? | विद्यालय | |
| २ | बलियो आधारसहितको कम्पाउड पर्खाल छ ? | विद्यालय, स्थानीय सरकार | |
| ३ | अन्य केही भए उल्लेख गर्ने | | |

## अनुसूची १४ : विद्यालय सुरक्षा संरचनात्मक सुरक्षा कार्ययोजना औजार

| | |
|---|---|
| द्रष्टव्यः प्रस्तुत औजार स्थानीय आवश्यकता र परिवेशका आधारमा स्वीकार गर्ने । | |
| उद्देश्य | विद्यालय भवन र अन्य संरचना निर्माणमा गुणस्तर सुनिश्चित गर्न विद्यालय सुरक्षा संरचनात्मक सुरक्षा कार्ययोजना तयारी खाका । |
| कसरी पूरा गर्ने | क्रियाकलापको सूची, बजेटअनुमान तयारी र तलको खाका पूर्णरूपमा भर्ने । |
| जिम्मेवारी | विद्यालय विपद् व्यवस्थापन समिति |
| पूर्वसर्त | संरचनात्मक लेखाजोखाबाट प्राप्त नतिजका आधारमा दिइएको खाका पूर्ण रूपमा भर्ने । |
| समयावधि | बृहत् विद्यालय सुरक्षा कार्ययोजना अद्यावधिकसहित विद्यालय सुधार योजना तयार गर्नेक्रममा हरेक वर्ष यो कार्य गर्नुपर्ने छ । |

| | सुरु तथा सम्पन्न मिति | क्रियाकलाप | लक्षित भौतिक संरचना | अनुमानित बजेट | स्थानीय सरकारबाट आवश्यक पर्ने आर्थिक सहयोग | अन्य आवश्यक कार्य |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

## अनुसूची १५: संरचनात्मक कार्यमा गुणस्तर सुनिश्चितता मार्गदर्शन

| द्रष्टव्य : स्थानीय परिवेश र आवश्यकताअनुसार प्रशिक्षण विषय र सामग्रीलाई विशिष्टीकरण गर्न सकिनेछ। | |
|---|---|
| मार्गदर्शनको उद्देश्य | विद्यालयमा संरचनात्मक कार्यको गुणस्तर सुनिश्चित गर्न मार्गदर्शन गर्नु । |
| जिम्मेवारी | विद्यालय विपद् व्यवस्थापन समिति । |
| समयावधि | प्रत्येक वर्ष जब बृहत् विद्यालय सुरक्षा कार्ययोजना अद्यावधिकसहित विद्यालय सुधार योजना तयार गरिन्छ । |
| सन्दर्भसामग्री | बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०१८क) बाट स्वीकृत गरिएको । |

| | क्रियाकलापको प्रकार | एकीकृत सन्दर्भसामग्री | जिम्मेवार निकाय | आवश्यक दस्तावेज |
|---|---|---|---|---|
| १ | नयाँ भवनका लागि स्थानको छनोट | निर्माण अनुगमन तथा रेखदेख कार्यविधिहरू (CLPIU, ADB and NSET (2016).) | विद्यालयले स्थानको छनोट गर्ने । स्थानीय सरकारले छनोट स्वीकृत गर्ने । | स्थानीय सरकारबाट स्थान छनोटको लिखित स्वीकृति |
| २ | मौजुदा संरचनामा नयाँ निर्माणको डिजाइन र रूपान्तरण (थपसमेत) । प्रकोप उत्थानशीलताको अनिवार्यता | डिजाइन अनिवार्य रूपमा निर्माण अनुगमन र रेखदेख कार्यविधि (CLPIU, ADB and NSET (2016), अनुरूप हुनुपर्ने छ (नेपालमा विद्यालय भवनका लागि डिजाइनका प्रकार कार्यविधि (शिक्षा विभाग २०१६क) तथा राष्ट्रिय भवन संहिता एवम् स्वीकृत डिजाइनका प्रकार) | विद्यालय र स्थानीय सरकार । विद्यालयले स्थानीय सरकारसँग डिजाइन स्वीकृतिका लागि अनुरोध गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (भवन)बाट स्वीकृत मापदण्ड । |
| ३ | निर्माण सामग्री र डिजाइन बमोजिम निर्माणको रेखदेख | स्वीकृत डिजाइन दस्तावेज | विद्यालय र स्थानीय सरकारका प्राविधिक | विद्यालयको अनुगमन प्रतिवेदन र प्राविधिकको रेखदेख प्रतिवेदन |
| ४ | प्रकोप उत्थानशील प्रबलीकरण | नेपालमा भवनको भूकम्पीय प्रबलीकरण कार्यविधि (सहरी विकास तथा भवन निर्माण विभाग २०१६) | स्थानीय सरकारको प्राविधिकबाट विद्यालयको आवश्यकता पूरा हुनेगरी डिजाइन तयारी | प्रबलीकरण डिजाइन दस्तावेजको स्वीकृति |

| | | | | |
|---|---|---|---|---|
| ५ | मर्मतसम्भार र सङ्कटासन्नता न्यूनीकरण | बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०१८क) अनुरूप विद्यालय सुरक्षा लेखाजोखा । | विद्यालय | विद्यालयले बनाएको क्रियाकलापको स्वीकृति |
| ६ | विद्यालयको कार्यक्षेत्र योजना | न्यूनतम् विद्यालय सुरक्षा प्योकजका सबै पक्ष | विद्यालय र स्थानीय सरकार | विद्यालय परिसरको समग्र संरचनात्मक सुरक्षाको स्वीकृति |
| ७ | विद्यार्थीलाई संरचनात्मक सुरक्षाबारे शिक्षित गराउने (सकेसम्म विद्यार्थीकै संलग्नतामा) | न्यूनतम् विद्यालय सुरक्षा प्याकेज | विद्यालय | स्थानीय सरकारद्वारा स्वीकृत प्रशिक्षण र शैक्षिक योजना |
| ८ | डकर्मी र निर्माण प्रशिक्षण(स्थानीय सरकारको कार्य गर्ने सक्षमता) | निर्माण अनुगमन र रेखदेख कार्यविधि (CLPIU, ADB and NSET 2016) र राष्ट्रिय भवन संहिता (NBC) मध्ये कुनै पनि कार्यविधि प्रयोग गर्न सकिनेछ । | स्थानीय सरकार | स्थानीय सरकारद्वारा प्रशिक्षण ढाँचा, स्रोत र डकर्मी प्रशिक्षण प्रमाणपत्र |

## अनुसूची १६: बृहत् विद्यालय सुरक्षा कार्ययोजना कार्यान्वयनको वार्षिक प्रतिवेदनको ढाँचा

| द्रष्टव्यः स्थानीय परिवेश र आवश्यकताअनुसार समायोजन गरी उपयोग गर्न सकिनेछ । | |
|---|---|
| औजारको उद्देश्य | बृहत् विद्यालय सुरक्षा कार्ययोजना कार्यन्वयनको वार्षिक प्रतिवेदनसहित क्रियाकलापको तयारी खाका उपलब्ध गराउनु । |
| कसरी पूरा गर्ने | बृहत् विद्यालय सुरक्षा कार्ययोजनाको वर्तमान क्रियाकलाप र खाका भरेर तयार गर्ने । |
| जिम्मेवारी | विद्यालय विपद् व्यवस्थापन समिति |
| समयावधि | बृहत् विद्यालय सुरक्षा कार्ययोजना अद्यावधिकसहित विद्यालय सुधार योजना तयार गर्ने समय । |

| क्र.सं. | सुरु मिति | सम्पन्न मिति | क्रियाकलाप | लक्षित भौतिक संरचना | जम्मा बजेट | बाह्य सहयोग | क्रियाकलाप प्रतिवेदन[1] |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

[1] क्रियाकलाप प्रतिवेदनमा बजेट, संलग्न व्यक्तिको नाम, समयावधि, अनुमानमा आएको भिन्नता, कुनै अनुभव वा सिकाइ र भविष्यमा गर्नुपर्ने कामका लागि सुझावसहित विस्तृत विवरण समावेश गरिनुपर्छ ।

## अनुसूची १७: विद्यालय पात्रोमा बृहत् विद्यालय सुरक्षा समायोजन मार्गदर्शन

| | |
|---|---|
| यस अनुसूचीको उद्देश्य | बृहत् विद्यालय सुरक्षा कार्यक्रमलाई विद्यालयका वार्षिक कार्यक्रममा समायोजन गर्नु । |
| कसरी तयार गर्ने | • विद्यालय सुधार योजना विकास कार्यविधि (शिक्षा विभाग २०१७ख) लाई आधार मान्ने,<br>• विद्यालयका कर्मचारीको जेष्ठ महिनाको तलब बृहत् विद्यालय सुरक्षा कार्ययोजनासहित विद्यालय सुधार योजना पेस गरेपछि मात्र भुक्तानी गर्ने,<br>• विद्यालय पात्रोमा समावेश गर्नका लागि जलवायु परिवर्तन अनुकूलनसम्बन्धी क्रियाकलापको पहिचान गर्ने जिम्मेवारी विद्यालय विपद् व्यवस्थापन समितिसँग रहन्छ । यी क्रियाकलाप बृहत् विद्यालय सुरक्षा कार्ययोजनाअनुरूप सम्पन्न गर्नुपर्ने,<br>• विद्यालय पात्रोमा बृहत् विद्यालय सुरक्षाका प्रमुख क्रियाकलाप समावेश गर्ने कार्य बहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षकको जिम्मेवारी हुने । |
| जिम्मेवारी | विद्यालय सुधार योजना कार्यसमूह |
| पूर्वसर्त | विद्यालयले उसको वार्षिक योजना तयार गरेको हुनुपर्छ र बृहत् विद्यालय सुरक्षा कार्ययोजना अद्यावधिक गरेको हुनुपर्छ । |
| समयावधि | विद्यालय सुधार योजना र बृहत् विद्यालय सुरक्षा कार्ययोजना अद्यावधिक गरिने समय । |
| सन्दर्भसामग्री | विद्यालय सुधार योजना विकास मार्गदर्शन (शिक्षा विभाग २०१७ख) |

**टेबुल क १७.१ विद्यालय पात्रोमा समावेश गर्ने बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरण क्रियाकलाप**

| विद्यालय पात्रोमा समावेश गर्ने बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरण क्रियाकलाप | क्रियाकलाप सङ्ख्या | कैफियत |
|---|---|---|
| सामन्य पुनःस्मरण | | • कम्तीमा पनि १९२ शिक्षण सिकाइ दिन पूरा भएको सुनिश्चित गर्ने,<br>• विद्यालय पाठ्यक्रममा विद्यालय सुरक्षा/विपद् जोखिम न्यूनीकरण पाठ समावेश गर्ने,<br>• विद्यालय हाताभित्र विद्यालय शान्ति क्षेत्र प्रतिबद्धतालाई सबैले देख्नेगरी राख्ने । |
| कम्तीमा पनि २ ओटा भूकम्पको प्रतिकार्य र २ ओटा स्थानीय प्रकोपको प्रतिकार्य | ४ ओटा | • प्रकोप सङ्कटासन्नता तथा क्षमता लेखाजोखा अभ्यास र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको प्रतिवेदनका आधारमा स्थानीय स्तरका प्रकोपको पहिचान गर्ने ।<br>• कृत्रिम घटना अभ्यासमा स्थानीय सरकारका प्रतिनिधिलाई आमन्त्रण गर्ने । |

| | | |
|---|---|---|
| राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसको अयोजना (भूकम्प सुरक्षा र विश्व वातावरण दिवस) | २ ओटा | ● सम्बन्धित वर्षको नारा वा अवधारणाका आधारमा |
| दिवसमा विद्यार्थीलाई बहत् विद्यालय सुरक्षा क्रियाकलापसम्बन्धी विषय समेटेर हाजिरीजबाफ, चित्रकला, वक्तृत्त्वकला, नाच, गीतजस्ता प्रतियोगिता र विपद् जनचेतना अभिवृद्धिका लागि लुडोजस्ता खेलमा सहभागी गराउने | १ ओटा | ● विद्यालय अभयास र गृहकार्यमा बृहत् विद्यालय सुरक्षा सम्बन्धी रमाइला क्रियाकलाप समावेश गर्ने,<br>● बालिका, अपाङ्ता भएका बालबालिका, गरिब र दलित परिवारका बालबालिकालाई सहभागी हुन उत्प्रेरित गर्ने । |
| विद्यालय सुरक्षा विधि र प्रवर्द्धनात्मक कार्यक्रमहरू<br><br>अतिथि प्रवचन र प्रदर्शनीजस्ता कार्यक्रम | प्रत्येकमा १ ओटा | ● विद्यालय र स्थानीय जोखिमको प्रयोगात्मक प्रदर्शन गर्ने,<br>● सुरक्षाविधि अपनाउने आवश्यकताबारे प्रयोगात्मक प्रदर्शनी गर्ने,<br>● छात्रा र अपाङ्गता भएका विद्यार्थीका लागि सुरक्षा उपायबारे प्रदर्शन अभ्यास गर्ने । |
| स्थानीय स्तरका विपद् प्रभावित र विपद्को जोखिम रहेका क्षेत्रको अवलोकन भ्रमण | १ ओटा | ● प्रकोप र विपद् जोखिम न्यूनीकरणसम्बन्धी प्रयोगात्मक ज्ञानका लागि परियोजना कार्यक्रम समावेश गर्ने । |
| अभिभावक र विद्यालय व्यवस्थापन समितिका सदस्यबिच बृहत् विद्यालय सुरक्षासम्बन्धमा अन्तरक्रिया सत्रको सञ्चालन | ४ ओटा | ● गुनासो सुन्ने, सिफरिस पद्धति, बाल तथा अपाङ्गता मैत्री खुला स्थान, आचारसंहिता, मनोसामाजिक सहयोग र पारिवारिक पुनर्मिलन प्रक्रियालाई पूर्णता दिने । |
| विद्यालय र स्थानीय समुदायमा बृहत् विद्यालय सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रमको आयोजना | | |
| बाल संरक्षणसम्बन्धमा विद्यालय शिक्षक र अन्य कर्मचारीलाई अभिमुखीकरण गर्ने । | | |

**अनुसूची १८ : विद्यालय आपत्कालीन स्थानान्तरण योजना तयारी मार्गदर्शन**

| | |
|---|---|
| अनुसूचीको उद्देश्य | द्रष्टव्य : विद्यालय आपत्कालीन स्थानान्तरण योजना कासरी तयार गर्ने भन्ने स्पष्ट पार्ने । |
| कसरी तयार गर्ने | विद्यालय आपत्कालीन स्थानान्तरण योजना तयार गर्न विद्यालय विपद् व्यवस्थापन समिति जिम्मेवार हुनेछ । |
| पूर्वशर्त | विद्यालयले प्रत्येक वर्ष आफ्नो वार्षिक योजना तयार गर्नुपर्नेछ र बृहत् विद्यालय सुरक्षा योजना अद्यावधिक गर्नुपर्नेछ । |
| समयावधि | विद्यालय सुधार योजना र बृहत् विद्यालय सुरक्षा योजना प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्नेछ । |
| सन्दर्भस्रोत | विद्यालय सुधार योजना विकास कार्यविधि (शिक्षा विभाग २०१७ ख) |

**विद्यालय आपत्कालीन स्थानान्तरण योजनाका चरणहरू निम्नअनुसार रहेका छन् :**

१. विद्यालयका सबै भवनको प्रत्येक तलाको सतहको योजना नक्साङ्कन गर्ने,
२. स्थानान्तरण मार्ग पहिचान गर्ने । त्यसको नक्सा बनाउने र भेला हुने सुरक्षित स्थान पहिचान गर्ने,
३. देखिने ठाउँमा नक्सालाई बोर्डका रूपमा राख्ने र विद्यार्थी तथा शिक्षकलाई यसबारे जानकारी गराउने,
४. सबै प्रकारका विपद्को समयमा सुरक्षित निस्किने बाटोको स्पष्ट सङ्केत र योजना राख्ने,
५. प्रकोप, सङ्कटासन्नता र क्षमता लेखाजोखाबाट प्राप्त नतिजाअनुसार भूकम्प, आगलागी, बाढी, पहिरोजस्ता प्रत्येक सम्भावित विपद्को समयमा स्थानान्तरण प्रक्रियाको सूची बनाउने (हेर्नुहोस् अनुसूची ६),
६. स्थानान्तरणका लागि कसले नेतृत्व गर्ने भन्ने निश्चित गर्ने (सम्भवतः प्रत्येक कक्षाका लागि कक्षा शिक्षक उपयुक्त हुनसक्छ),
७. अपाङ्गता भएका विद्यार्थीको सुरक्षित स्थानान्तरणका लागि अनुसूची २० मा उल्लेख भएका बुँदाहरूलाई अनुसरण गर्ने,
८. स्थानान्तरणका समयमा नदौडिकन, आफ्नो व्यक्तिगत सुरक्षालाई ध्यान दिँदै र धैर्यताका साथ तर छिटो बाहिर निकाल्ने,
९. शौचालय र स्नानघर परीक्षण गर्ने (त्यहाँ कुनै व्यक्ति चेपिएको वा थुनिएको हुनसक्छ ।),
१०. आपत्कालीन समयमा सूचना तथा सञ्चार प्रणाली (जस्तै : मोबाइल फोन) चलेको कुरा सुनिश्चित गर्ने,
११. विपद्पछि अभिभावक वा बालबालिकाका मातापितालाई कसले सम्पर्क गर्ने भन्ने सुनिश्चित गर्ने,
१२. प्रत्येक विपद्बाट उत्पन्न हुने आपत्कालीन समयमा स्थानान्तरणपछि भेला हुने र सकेसम्म नजिकै अर्को सुरक्षित वैकल्पिक क्षेत्रको पहिचान गर्ने,
१३. आपत्कालीन समयकालागि नजिकै रहेको स्थानीय सरकार र रेडक्रसको आश्रयस्थलको विवरण राख्ने ।

## अनुसूची १९: विपद् प्रतिकार्यका लागि आधारभूत कार्यविधिमा समावेश हुने विषयहरू

| द्रष्टव्य:अन्य विषयवस्तु पहिचान गरी थप गर्न सकिनेछ। | |
|---|---|
| उद्देश्य | विपद्का समयमा जिम्मेवार व्यक्ति र उसको जिम्मेवारी पहिचान गरी कार्य सुनिश्चित गर्नु । |
| कसरी प्रयोग गर्ने | विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, बृहत् विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षक आफ्नो जिम्मेवारीप्रति सचेत रहेको सुनिश्चित गर्ने काम विद्यालय विपद् व्यवस्थापन समितिले गर्नुपर्नेछ। |
| समयसीमा | विद्यालय व्यवस्थापन समिति र तीन पदाधिकारीले हरेक वर्ष यसलाई पुनरावलोकन गरी सिकाइ र आवश्यकताअनुसार आफ्नो जिम्मेवारी अद्यावधिक गर्ने कुरालाई विपद् व्यवस्थापन समितिले सुनिश्चित गर्नुपर्नेछ। |

**(क) विद्यालय व्यवस्थापन समितिसहित विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षक**

- विद्यालय व्यवस्थापन समिति र विद्यालय विपद् व्यवस्थापन समितिको आपत्कालीन बैठक बोलाउने र तीन ओटै कार्यदललाई सक्रिय बनाउने,
- विपद् भएको खबर तत्काल सुरक्षा निकायमा दिई विद्यार्थीको सुरक्षालाई प्राथमिकता दिने,
- विपद् भएको जानकारी तत्कालै स्थानीय सरकारलाई दिने,
- स्थानीय स्वास्थ्य सेवा, रेडक्रस, प्रहरी र अन्य निकायलाई तत्कालै तथा छोटो समयका लागि सहयोग प्राप्त गर्न समन्वय गर्ने,
- क्षति तथा आवश्यकता लेखाजोखा गर्ने,
- यदि विद्यालय भवन असुरक्षित छ भने विद्यालय पुन:सञ्चालन गर्न अस्थायी सिकाइ केन्द्रका लागि सुरक्षित स्थानको पहिचान गर्ने,

**(ख) प्रधानाध्यापक**

- विद्यालय आपत्कालीन योजना क्रियाशील बनाउने (हेर्नुहोस् अनुसूची १८),
- विद्यार्थी र शिक्षकको गणना गर्ने,
- स्वास्थ्य सेवा प्रदायक, रेडक्रस, प्रहरी र अन्य स्थानीय संस्थाहरूसँग समन्वय गर्न नेतृत्व गर्ने,
- विद्यार्थी र शिक्षकलाई मनोसामाजिक सहयोग गर्न सहयोगकर्तासहित विपद् जोखिम न्यूनीकरणमा कार्य गर्ने संस्थाहरूसँग समन्वय गर्ने,
- बालबालिकाको सुरक्षासम्बन्धी जानकारी अभिभावकलाई दिने,
- विशेषगरी सम्पर्क बाहिर रहेका अभिभावकको बच्चा र अपाङ्गता भएका, किशोरकिशोरी, एकल परिवार, बच्चालाई स्तनपान गराउने वा गर्भवतीलगायत उच्च सङ्कटासन्न अवस्थाका विद्यार्थीलाई विशेष सहयोग र संरक्षण गर्ने,
- लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षकको सहयोगमा उच्च सङ्कटासन्न विद्यार्थी र शिक्षकको आवश्यकता पहिचान गर्ने,
- सहमत भएको प्रक्रियाअनुसार विद्यार्थीहरू आफ्ना मातापिता वा अभिभावकसँग भेट भएको कुरा सुनिश्चित गर्ने (हेर्नुहोस् अनुसूची २३),
- विद्यालय निरन्तरता वा शिक्षण सिकाइलाई पुन:स्थापित गर्न नेतृत्त्वदायी भूमिका निर्वाह गर्ने,
- स्थानीय सरकार वा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई नियमित सूचना अद्यावधिक गर्ने वा प्रदान गर्ने ।

(ग) **बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षक**

- प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई चाहेको सहयोग गर्ने,
- घाइतेहरूका लागि प्राथमिक उपचारको बन्दोबस्त मिलाउने,
- विद्यार्थी गन्ने र मातापिता वा अभिभावकसँग पुनर्मिलन गराउने कार्यमा सहयोग गर्ने,
- क्षति र आवश्यकता लेखाजोखा गर्ने कार्यमा सहयोग गर्ने,
- विद्यालयको पुनःसञ्चालनका लागि खुला स्थानको व्यवस्था गर्न प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने,
- सुरक्षित आश्रयस्थलका रूपमा विद्यालय प्रयोग हुँदा शिक्षण सिकाइमा बाधा पर्न नदिन विद्यालय विपद् व्यवस्थापन समिति र प्रधानाध्यापकबिच समन्वय गर्ने ।

(घ) **लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षक**

- उच्च सङ्कटासन्न विद्यार्थीको आवश्यकता पहिचान गर्ने (मुख्य विषयका लागि माथिको टेबुल हेर्नुहोस्),
- मनोसामाजिक परामर्श सहयोग आवश्यक पर्ने विद्यार्थी र शिक्षकको पहिचान गरी उच्च आवश्यकता पर्नेहरूको प्राथमिकीकरण गर्ने ।

**अनुसूची २०: अपाङ्गता भएका मानिसलाई सुरक्षित स्थानमा लैजान ध्यान दिनुपर्ने विषय**

| द्रष्टव्य: स्थानीय आवश्यकता र परिस्थितिअनुसार अतिरिक्त विषय भएमा थप गर्न सकिनेछ। | |
|---|---|
| उद्देश्य | विपद् भएको अवस्थामा अपाङ्गता भएका विद्यार्थी र शिक्षकलाई विशेष रेखदेखको आवश्यकता पहिचान गर्नु। लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षकले यसमा उल्लेख भएका विषयमा वर्षमा दुईपटक अन्तरक्रियात्मक सत्र चलाएर छलफल गर्नु। |
| सूचीको प्रयोग कसरी गर्ने | बृहत् विद्यालय सुरक्षा प्रशिक्षण र अन्तरक्रियात्मक सत्रको ढाँचा तयार गर्दा यी विषय उपयोग गर्ने। |
| जिम्मेवार व्यक्ति | लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षकले प्रशिक्षण तथा अभिमुखीकरण योजना तयार गर्दा यी विषयलाई समावेश गर्न सहयोग गर्नुपर्छ। |
| सन्दर्भसामग्री | यी विषयलाई विद्यालय सुरक्षा शिक्षक प्रशिक्षण पुस्तक (शिक्षा तथा मानव स्रोत विकास केन्द्र २०१६/२०१७) बाट लिइएको छ। |

विपद्पछि खासगरी अपाङ्ता भएका विद्यार्थी र शिक्षकलाई विद्यालय भवनबाट सुरक्षित स्थानमा स्थानान्तरण गराउनु संवेदनशील कार्य हुनेछ। त्यसकारण सुरक्षित स्थानान्तरण योजना (अनुसूची १८) लाई आधार मानेर अपाङ्गता भएका व्यक्तिाई सुरक्षित स्थानमा लैजानुपर्छ :



**ह्वीलचेयर प्रयोगकर्ता** : ह्वीलचेयर प्रयोगकर्तालाई यदि कुनै मानिसले भेटेमा सुरक्षित स्थानमा पुऱ्याउनुपर्छ। यस्ता व्यक्तिलाई विद्यालय भवनभित्र पस्ने र बाहिर निस्किने बाटालाई ऱ्याम्प राखेर अपाङ्गतामैत्री बनाउने योजना बनाउनुपर्छ। यसका लागि विद्यालय सुधार योजनामा स्रोत विनियोजन गर्नुपर्छ। ह्वीलचेयर कसले गुडाउने भन्ने पहिले नै निश्चित गर्नुपर्छ र तिनीहरूले सुरक्षित तरिकाबाट ह्वीलचेयर चलाउन जानेको हुनुपर्छ।



**आँखा नदेख्ने विद्यार्थी** : सुरक्षित स्थानान्तरणका समयमा आँखा नदेख्नेहरूका लागि विशेष ध्यान दिनुपर्छ। उनीहरू आफूले सँधै प्रयोग गरिरहेको क्षेत्रमा स्वतन्त्र रूपमा हिँड्न वा घुम्न सक्छन् तर भूकम्प वा अन्य कुनै विपद्का समयमा उनीहरू कुनै पनि स्थानमा, विशेषगरी थाहा नभएको ठाउँमा ढुक्क र सहज रूपमा हिँड्न सक्दैनन्। कृत्रिम अभ्यासका क्रममा उनीहरू सुरक्षित रूपमा बाहिर वा सुरक्षित स्थानमा जान सक्लान् तर विपद्को समयमा उनीहरूलाई विशेष सहयोग आवश्यक पर्छ। कृत्रिम घटना अभ्यासका क्रममै आँखा नदेख्ने विद्यार्थीलाई कस्तो सहयोगको आवश्यकता पर्छ भन्ने पहिचान गर्नुपर्छ।



**कम सुन्ने विद्यार्थी** : बहिरा विद्यार्थीहरू विपद्को जोखिमबारे कुनै सहयोगविना नै सजिलै बुझ्न सक्छन् र आफैँ भवनबाट बाहिर जान सक्छन्। तथापि जोखिमयुक्त स्थान खाली गर्ने कृत्रिम अभ्यासका क्रममा भनिएका कुरा उनीहरूले सुन्न कठिन हुनेछ। त्यसकारण उनीहरूलाई बुझाउन चित्र, फोटोचित्र वा सङ्केत चिह्नहरूको प्रयोगबाट अभ्यासका विभिन्न चरणमा के गरियो भनेर बुझाउनुपर्छ।



**बौद्धिक अपाङ्गता भएका विद्यार्थी :** बौद्धिक अपाङ्गता भएका विद्यार्थीलाई सुरक्षित स्थानमा जानका लागि खासै समस्या नहुन सक्छ। तर उनीहरूले कृत्रिम घटना अभ्यासका विभिन्न चरणमा के भयो र यसको के महत्त्व छ भन्ने कुरा दोहोऱ्याइरहन सक्छन्। उनीहरूलाई कृत्रिम घटना अभ्यासका प्रत्येक चरणमा गरिएका क्रियाकलाप राम्ररी बुझाउँदै विपद् पर्दा गर्नुपर्ने कुरा बुझाउनुपर्छ।

## अनुसूची २१ : बाल संरक्षण र विद्यालय शान्ति क्षेत्र सम्बन्धी आचारसंहितामा समावेश हुने विषयवस्तु

| द्रष्टव्य :अन्य महत्त्वपूर्ण विषय पहिचान गरी थप्न सकिनेछ । | |
|---|---|
| विषयवस्तुको उद्देश्य | पहिचान भएका केही बुँदाहरू<br>● प्रत्येक विद्यालयले बाल संरक्षण आचार संहिता तयार गर्ने,<br>● सबै स्थानीय तहले विद्यालय र राजनीतिक दलसँगको समन्वय तथा सल्लाहमा विद्यालय शान्तिक्षेत्र आचारसंहिता तयार गर्ने । |
| जिम्मेवारी | आचारसंहिताको तयारी कार्यमा प्रधानाध्यापकको नेतृत्त्व हुनुपर्नेछ । |
| समयावधि | सामान्यतया अनुभव र सिकाइका आधारमा आचारसंहितालाई पुनरावलोकन गरी अद्यावधिक गर्नुपर्नेछ । |

**१. बाल संरक्षणसम्बन्धी आचार संहिताका विषयवस्तु (विद्यालयले बनाउने)**

- शिक्षक र विद्यार्थीले लिङ्ग, उमेर, भौगोलिक क्षेत्र र जातीयताका आधारमा हेला भावले सम्बोधन नगरी आपसमा सम्मानपूर्वक संवाद गर्ने,
- कक्षाकोठामा विद्यार्थीमैत्री र सहभागितामूलक सिकाइ वातावरण स्थापित गर्ने,
- शिक्षकले अभिभावकलाई तिनका बच्चाको प्रगतिबारे नियमित रूपमा सूचना प्रदान गर्ने,
- शिक्षकले विद्यार्थीलाई कुनै प्रकारको शारीरिक या मानसिक यातना नदिने (यस्तो यातना दिन नपाउने व्यवस्था नेपालको कानुनले नै सुनिश्चित गरेको छ ।),
- कुनै पनि विद्यार्थीलाई जात, उमेर, लिङ, क्षेत्र, शारीरिक अवस्था वा यौनजन्य वा राजनीतिक दबाब नदिने,
- शिक्षकले विद्यार्थीलाई हतोत्साहित नगर्ने वा अनुमतिबिना नछुने,
- शिक्षकले आफ्ना विद्यार्थीसँग मजाक गर्न वा यौनजन्य सम्बन्ध नराख्ने,
- शिक्षकले विद्यार्थीलाई कुनै पनि हानीबाट बचाउने (किनभने विद्यार्थी उनीहरूको रेखदेखमा रहेका हुन्छन् ।),
- विद्यार्थीबिच हुने खिसीट्युरी र एकअर्कामाथि हुनसक्ने हिंसाबाट विद्यालयलाई शून्य सहनशीलता कायम गर्ने मान्यतालाई प्रत्याभूत गर्ने ।


**२. विद्यालय शान्तिक्षेत्र आचार संहिता**मा राख्नुपर्ने विषय (विद्यालय र राजनीतिक दलहरूसँग समन्वय गरी स्थानीय सरकारले तयार गर्ने)

- विद्यालयका सवारीसाधनसहित विद्यालय क्षेत्र र सम्पत्तिको उपयोग कुनै पनि राजनीतिक गतिविधिमा प्रयोग नगर्ने,
- कुनै पनि राजनीतिक स्वार्थपूर्तिमा विद्यालय व्यवस्थापन समितिलाई प्रेरित नगर्ने,
- विद्यार्थी, शिक्षक तथा कर्मचारीले कुनै पनि राजनीतिक क्रियाकलापमा सहभागी हुने र राजनीतिक ऱ्याली तथा अभियानमा नलाग्ने र राजनीतिक दलले लाग्नका लागि प्रेरित नगर्ने,
- राजनीतिक दलले बन्द वा हड्ताल गर्ने निर्णय गरेमा विद्यालय र विद्यार्थीले त्यसमा सहभागी हुनु नपर्ने (बन्द वा अन्य घटनाका समयमा पनि विद्यालय बन्द नगरियोस् ।),
- सबै राजनीतिक दल, तिनका भातृ सङ्गठन र अन्य राजनीतिक सरोकारवालाले नेपालको संविधानले प्रदान गरेको बाल अधिकार र सुरक्षित वातावरण कायम गर्न सम्मानसहित प्रतिबद्धता जनाउने ।

## अनुसूची २२ : हिंसा वा दुर्व्यवहारबाट पीडित बालबालिकालाई सहयोग गर्ने विधि तथा प्रक्रिया

| | |
|---|---|
| द्रष्टव्य : स्थानविशेष र आवश्यकताअनुसार सिफारिस गरिने अन्य कुनै महत्त्वपूर्ण स्थान थप्न सकिनेछ । | |
| चित्रको (Flowchart) उद्देश्य | सम्भावित हिंसा वा दुर्व्यवहारबाट पीडित बाबालिकालाई उपयुक्त रेखदेख र संरक्षण सुनिश्चित गर्ने ढाँचा प्रस्तुत गर्नु । |
| सारांश | बालबालिकालाई कक्षा शिक्षकको सहयोगमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षकबाट प्रत्यक्ष सहयोगको अपेक्षा गर्न सक्छन् । बालबालिकाले आफ्ना समस्या गुनासो वा सुझाव पेटिकामार्फत पनि प्रस्तुत गर्न सक्नेछन् । |
| द्रष्टव्य | लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षकले बालबालिकालाई आफ्नो कक्षा शिक्षकबारे पनि सुझाव पेटिकामार्फत गुनासो पेस गर्नसक्ने विषयमा सहजीकरण गर्नुपर्छ । |

### विद्यालयमा बाल संरक्षणका लागि सिफारिस पद्धितका लागि सुझाव चित्र (Flowchart)



## अनुसूची २३ : अभिभावक वा आमाबाबुसँग विद्यार्थीको पुनर्मिलन प्रक्रिया

<table>
<tr><td colspan="2">द्रष्टव्य : यहाँ उल्लेख भएबाहेक विद्यार्थी र मातापिता वा अभिभावकसँग पुनर्मिलन गराउने थप प्रक्रिया पहिचान भएमा थप गर्न सकिनेछ ।</td></tr>
<tr><td>प्रक्रियाको उद्देश्य</td><td>विपद् पछि विद्यार्थी र मातापिता वा अभिभावकसँग पुनर्मिलन गराउन आवश्यक विशिष्ट प्रक्रिया सुनिश्चित गर्नु ।</td></tr>
</table>

**चरण**

- बृहत् विद्यालय सुरक्षा शिक्षकले मातापिता तथा अभिभावकले आफ्ना बालबालिका सहजै लिनसक्नेगरी पुनर्मिलन क्षेत्रको पहिचान गरी जानकारी दिनुपर्छ । पुनर्मिलन क्षेत्र घटनास्थालबाट टाढा हुनुपर्छ । स्मरण रहोस् यस्तो स्थान प्राथमिक उपचारस्थल भए अझ उपयुक्त हुनेछ ।
- विद्यार्थीको सूची अद्यावधिक गर्ने जसमा मातापिता तथा अभिभावकको विस्तृत सम्पर्क विवरण रहोस् । यस्तो सूची नयाँ शैक्षिक सत्र प्रारम्भ भएसँगै आवश्यकताअनुसार अद्यावधिक गर्नुपर्छ ।
- अद्यावधिक सूचीको एकप्रति विद्यालय व्यवस्थापन समितिका सदस्यहरू, प्रधानाध्यापक, बृहत् विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षकसँग र एक वा दुई प्रति विद्यालयको कार्यालयमा राख्नुपर्छ ।
- विद्यालयका एकजना कर्मचारीलाई पुनर्मिलन प्रमुखका रूपमा नियुक्ति गर्नुपर्छ । उनले विद्यार्थी र अभिभावकको पहिचानका लागि आवश्यकता परेमा नामसहितको सूची वा चित्रको उपयोग गर्नसक्नेछन् ।
- विद्यार्थीलाई पुनर्मिलन स्थलसम्म लैजानका लागि विद्यालयका कुनै शिक्षक वा अर्को एक जना कर्मचारीलाई जिम्मेवारी दिनुपर्छ ।
- मातापिता तथा अभिभावकलाई पुनर्मिलन स्थलबारे बृहत् विद्यालय सुरक्षासम्बन्धी अन्तरक्रियात्मक कार्यक्रमका समयमा जानकारी दिनुपर्छ । यसका साथै बालबालिकाको नाम जिम्मेवार अधिकारीलाई दिने व्यवस्था मिलाउनुपर्छ ।
- जिम्मेवार शिक्षक वा कर्मचारीले मातापिताको पहिचान गरी उनीहरूका बालबालिका जिम्मा लगाउँदा बालबालिका बुझिलिएको उल्लेख गरी निश्चित फाराममा सही गराउनुपर्छ ।
- मातापिता वा अभिभावकको सूचीमा नाम नभएका मानिसलाई बाबालिका जिम्मा दिनु हुँदैन । राम्रै नियत भएका उनीहरूका आफन्त वा साथीहरूले बालबालिकालाई घरमा छोडिदिने आश्वासन दिन सक्छन् तथापि बच्चा सकुशल घरमा पुग्छन् वा ती व्यक्ति परिवारका सदस्य वा नजिकको आफन्त हुन् भन्ने कुराको विश्वास कर्मचारी वा शिक्षकमा हुनुपर्छ ।
- यदि कुनै बालबालिकालाई प्राथमिक उपचार आवश्यक भएर त्यहाँ लगिएको छ भने मातापिता वा अभिभावकलाई पुनर्मिलनका लागि प्राथमिक उपचारस्थलमै लैजानुपर्छ ।
- कसैलाई मानसिक स्वास्थ्य सहयोग आवश्यक छ वा आपत्कालीन परामर्शकर्ता आवश्यक परेको छ भने त्यस्तो कार्य प्राथमिक उपचार स्थलमा नै गराउनुपर्छ ।
- कुनै मातापिता वा अभिभावक पुनर्मिलन प्रक्रियाका सम्बन्धमा सहयोगी नहुनसक्छन् । यस अवस्थामा वादविवाद गर्न नपर्ने गरी प्रक्रिया पूरा गर्नुपर्ने सम्बन्धमा विद्यालय व्यवस्थापन समिति-अभिभावक अन्तरक्रिया सत्रमा छलफल चलाएर यो प्रक्रिया बालबालिकाको सुरक्षा नै विद्यालयको प्रमुख दायित्त्व रहेको कुरा बुझाउनुपर्छ । यस विषयलाई शैक्षिक सत्र सुरु हुँदा अभिभावक वा विद्यार्थीलाई वितरण गरिने पाठ्यपुस्तक वा कापीमा नै उल्लेख गर्नु उपयुक्त हुनेछ ।
- पुनर्मिलन स्थलमा सुरक्षा गार्ड राख्न सकिएमा राम्रो काम हुनेछ ।

## अनुसूची २४ : बृहत् विद्यालय सुरक्षाका सम्बन्धमा विद्यालय व्यवस्थापन समितिर अभिभावकबिच अन्तरक्रिया सत्र सञ्चालन मार्गदर्शन

| द्रष्टव्य : स्थानीय परिवेश र आवश्यकताअनुसार अन्य विषय थप गर्न सकिनेछ। | |
|---|---|
| अनुसूची २४ को उद्देश्य | बृहत् विद्यालय सुरक्षाका सम्बन्धमा विद्यालय व्यवस्थापन समिति र अभिभावकबिच हुने अन्तरक्रियाका विषयवस्तुका लागि मार्गदर्शन गर्नु । |
| अन्तरक्रिया सत्रको उद्देश्य | अभिभावकालाई बृहत् विद्यालय सुरक्षाबारे जानकारी गराउनु र त्यससम्बन्धी सवाललाई कसरी सम्बोधन गर्ने भनने विषयमा छलफल गर्नु। विद्यालय व्यवस्थापन समिति र अभिभावकबिच बृहत् विद्यालय सुरक्षाबारे अन्तरक्रिया सत्र सञ्चालनले यसबारे जनचेतना अभिवृद्धि भई दुवै पक्षमा बृहत् विद्यालय सुरक्षा तथा यसका सवालको पहिचान एवम् सम्बोधन गर्ने बाटो तयार हुनेछ । |
| तयारी | विद्यालयले बृहत् विद्यालय सुरक्षा अन्तरक्रियामा स्थानीय सरकारका विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिलाई आमन्त्रण गर्ने । |
| सहभागीहरू | विद्यालय परिवारको नेतृत्वमा विद्यालय व्यवस्थापन समिति, अभिभावक र स्थानीय समुदायका सदस्य । |
| जिम्मेवारी | अन्तरक्रिया कार्यक्रमको सञ्चालन बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षकले गर्नेछन् । |
| समय | विद्यालय समयमा वा अभिभावकहरूका लागि उपयुक्त समयमा । |

| अन्तरक्रियाको विषय | सवालबारे जानकारी र छलफल | कसरी |
|---|---|---|
| १. बृहत् विद्यालय सुरक्षा | • बृहत् विद्यालय सुरक्षाबारे तार्किक सन्दर्भ<br>• बृहत् विद्यालयका तीन स्तम्भ (सुरक्षित सिकाइ सुविधा, विद्यालय विपद् व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशील शिक्षा)<br>• स्थानीय प्रकोप, मौसमी पूर्वतयारी (उदाहरणका लागि पूर्वमनसुन पूर्वतयारी, खडेरीको मौसममा आगलागी नियन्त्रणको पूर्वतयारी), आपत्कालीन समयको सूचना तथा सञ्चार वृक्षको अद्यावधिकीकरण, जलवायु परिवर्तन अनुकूलन, विपद् प्रतिकार्य पद्धति, मनोसामाजिक परामर्शसम्बन्धी तौरतरिका । | • बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षकद्वारा प्रस्तुति र प्रश्नोत्तर तथा छलफल |
| २. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र बाल संरक्षण | • विभेद र खिसीट्युरी वा जिस्क्याउने<br>• लिङ्गमा आधारित विशिष्ट आवश्यकता<br>• सामान्य र आपत्कालीन अवस्थामा बाल संरक्षण<br>• बृहत् विद्यालय सुरक्षामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाल<br>• महिला, अपाङ्गता भएका, एकल व्यक्ति परिवारका गरिब विद्यार्थीहरू, बच्चालाई स्तनपान गराउने वा गर्भवती महिला र विद्यार्थीलाई आवश्यक परेमा मनोसामाजिक परामर्शका लागि सिफारिस पद्धति ।<br>• पुनर्मिलन प्रक्रिया (अनुसूची २३) | • लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षकद्वारा नेतृत्व |

| | | |
|---|---|---|
| ३. विद्यालय शान्ति क्षेत्र | • विद्यालय शान्ति क्षेत्रको अवधारणा<br>• विद्यालय शान्तिक्षेत्रका सम्बन्धमा विद्यालय र स्थानीय सरकारको प्रतिबद्धता | • स्थानीय सरकारका लिखित प्रतिबद्धता सुनिश्चित गर्ने |
| ४. विद्यालय सुधार योजना | • बृहत् विद्यालय सुरक्षा योजना<br>• बृहत् विद्यालय सुरक्षा योजनाको कार्यान्वयन योजना | • प्रधानाध्यापक वा विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिद्वारा प्रस्तुति र प्रश्नोत्तर वा छलफल |

## अनुसूची २५ : विपद् प्रतिकार्यका लागि पूर्वतयारी क्रियाकलापको सारसङ्क्षेप

| | |
|---|---|
| द्रष्टप्व्य : स्थानीय अवस्था र आवश्यकताअनुसार पूर्वतयारीका अन्य क्रियाकलाप पहिचान गरी थप्न सकिने छ । | |
| उद्देश्य | भविष्यमा हुनसक्ने विपद्को अवस्थाका लागि कार्यान्वयन गर्नसकिने क्रियाकलापको निर्धारण गर्नु । यस सूचीमा भएका क्रियाकलापलाई पुनरावलोकन गरी अन्य क्रियाकलाप पहिचान गरी कार्यान्वयन गर्नँ । |
| सूचीको प्रयोग कसरी गर्ने | यस सूचीको उपयोग अन्तरक्रिया, अभिमुखीकरण र प्रशिक्षण सत्रका लागि पनि गर्न सकिन्छ । |
| समयावधि | विद्यालय विपद् व्यवस्थापन समितिले वार्षिक रूपमा यस सूचीलाई अद्यावधिक गर्ने । |
| सन्दर्भ दस्तावेज | बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज, भाग २ कार्यान्वयन गर्ने (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०१८क) |

**(क) विद्यालय तह - कम्तीमा पनि पहिलो सात ओटा बुँदाको कार्यान्वयन गर्ने**

१. विपद्को अवस्थामा तत्काल भेला हुने स्थान निर्धारण गर्ने र सुरक्षित स्थानको पहिचान गरी त्यहाँ पुग्ने बाटाको नक्सा बनाउने (त्यस्तो नक्सा विद्यालयको हाताभित्र सबैले देख्ने स्थानमा होर्डिङ बोर्ड बनाएर राख्ने जसका बारेमा शिक्षा, विद्यार्थीसहित विद्यालय परिवारलाई जानकारी होस् । यो पनि अनुसूची १८ को बुँदा नं. १ मा उल्लेख भएअनुसार स्थान खाली गर्ने योजना हो ।),

२. भूकम्प र स्थानीय तहमा हुने अन्य विपद्बाट सुरक्षित रहने उपायको प्रवर्द्धनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षकहरू, अभिभावकहरू र विद्यार्थीको सहभागितामा कम्तीमा पनि वर्षमा चारपटक नियमित रूपमा कृत्रिम घटना अभ्यास गर्ने,

३. प्राथमिक उपचार सामग्री तयार गर्ने र त्यसको उपयोगका लागि शिक्षक तथा विद्यार्थीलाई प्रशिक्षण दिने,

४. विद्यालयले प्रत्येक विद्यार्थी, तिनको अभिभावकको सम्पर्क विवरण वा फोन नम्बरसहितको सूची तयार र अद्यावधिक गर्ने,

५. सबै विद्यार्थीलाई नामकार्ड र सिट्ठी वितरण गरी त्यसको उचित उपयोग गर्न सिकाउने । नामकार्डमा अभिभावको नाम, ठेगाना र सम्पर्क नम्बर पनि राख्ने,

६. आपत्कालीन समयका लागि प्रहरी, स्वास्थ्य सेवा प्रदायक, रेडक्रस सोसाइटी र अन्य सहयोगी संस्थाहरूको नाम, ठेगाना र सम्पर्क विवरणसहितको सूची तयार गर्ने (हेर्नुहोस् अनुसूची २६),

७. प्रकोपअनुरूप विशिष्ट कार्यविधि तयार गर्ने र विद्यालयमा सबैले देख्ने स्थानमा राख्ने,

८. छात्राहरूका लागि सेनिटरी प्याड मौज्दातमा राख्ने र त्यसको प्रयोग विशर्जन गर्ने उपयुक्त व्यवस्था गर्ने,

९. बाढीका कारण सङ्कटासन्न रहेका विद्यालयमा पुराना पाठ्यपुस्तक र प्रशिक्षण तथा सिकाइ सामग्रीलाई सुरक्षित स्थानमा राख्ने व्यवस्था मिलाउने,

१०. बाढीबाट सङ्कटासन्न विद्यालयमा दराज राख्ने र दस्तावेजहरूलाई सम्भावित डुवानतहभन्दा अग्लो स्थानमा राख्ने व्यवस्था मिलाउने,

११. आगलागी नियन्त्रणका उपायका लागि पानी भरिएको बाल्टीन, साबेल, बालुवा र अन्य उपयोगी सामग्री सहज स्थानमा वा आगलागी हुने अवस्था भएमा तिनको प्रयोग गर्नसक्ने गरी राख्ने,

१२. विद्यालयलाई अस्थायी आश्रयस्थलका रूपमा उपयोग गर्ने सम्बन्धमा विद्यालयले स्थानीय सरकारलाई न्यूनतम् मापदण्डमा सहमति गराउने र अस्थायी आश्रयस्थलका लागि विकल्प पहिचान गर्ने,

१३. आपत्कालीन प्रतिकार्यका समयमा उपयोग गर्न सक्नेगरी विपद् व्यवस्थापन कोषको स्थापना गर्ने,

१४. आपत्कालीन समयपछि विद्यार्थीलाई मनोसामाजिक सेवा वा परामर्शकालागि छुट्टै कोठाको व्यवस्था गर्ने,

१५. मनोसामाजिक परामर्शकर्ता वा सहयोगीको सूची र सम्पर्क विवरण अद्यावधिक गरी राख्ने,

१६. कक्षा समयमा कक्षाकोठालाई खुला तथा ढोकालाई खुला राख्ने,

१७. ढोका वा झ्यालको छिड्किनी वा साँचो बालबालिकाको पहुँचमा रहनेगरी मिलाउने ।

**(ख) स्थानीय सरकारको तहमा : कम्तीमा पनि पहिलो सात ओटा बुँदाको कार्यान्वयन गर्ने**

१. विद्यालय सुरक्षाका लागि विपद् जोखिम व्यवस्थापन र आपत्कालीन समयको शिक्षा तथा बृहत् विद्यालय सुरक्षासम्बन्धी विषयको प्रशिक्षित शिक्षकको व्यवस्था गर्ने,

२. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालय विपद् व्यवस्थापन उपसमिति, बृहत् विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षकको सम्पर्क नम्बरसहितको सूची अद्यावधिक गरी राख्ने,

३. आपत्कालीन समयका निमित्त सञ्चार व्यवस्थाका लागि भीस्याट फोन, मोबाइल फोन, टेलिफोन वा तारहित सञ्चार साधानको व्यवस्था गर्ने,

४. खोज तथा उद्धारका लागि प्रशिक्षित स्वयम्सेवक समूहको गठन गर्ने,

५. आपत्कालीन समयका लागि औषधी, मानव संसाधन र आवश्यक उपकरणको प्रबन्ध गर्ने,

६. बाढीबाट सङ्कटासन्न रहेका विद्यालयमा वर्षामापन संयन्त्रको स्थापना तथा अनुगमन र त्यसलाई पूर्वसूचना प्रणालीसँग आबद्ध गरी विद्यालयसँग समन्वय गर्ने,

७. वारुणयन्त्र वा अग्नि नियन्त्रण संयन्त्रको स्थापना तथा अद्यावधिक गर्ने र त्यसका लागि दक्ष मानवस्रोतको व्यवस्था गर्ने,

८. विद्यार्थीका लागि कापी, पेन्सिल, पुस्तक र आधारभूत बालविकास सामग्रीजस्ता शैक्षिक निरन्तरताका निमित्त आवश्यक पर्ने सामग्रीको पूर्वमौज्दात गर्ने,

९. त्रिपाल, डोरी, ह्याम्मर, आरा, साबेल, कीलाकाँटीजस्ता अस्थायी सिकाइ केन्द्रका लागि आवश्यक पर्ने सामग्रीहरू पूर्वभण्डारण गर्ने,

१०. डोरी, डुङ्गा, लाइफ ज्याकेट, स्ट्रेचरजस्ता उद्धारसामग्री सुरक्षित र सहज रूपमा उपलब्ध हुने स्थानमा भण्डारण गर्ने,

११. विपद्को समय र त्यसपछि विद्यालयलाई आश्रयस्थल बनाउनुभन्दा अस्थायी आश्रयस्थलका लागि वैकल्पिक स्थान पहिचान गर्ने,

१२. मनोसामाजिक परामर्श र सेवामा पहुँचका लागि विद्यार्थीलाई सहजीकरण गर्ने ।

## अनुसूची २६: बृहत् विद्यालय सुरक्षा साझेदार तथा सरोकारवालाका सूचीकरण ढाँचा

| | |
|---|---|
| द्रष्टव्य : प्रस्तुत औजार स्थानीय तहको अवस्था र आवश्यकताअनुरूप परिमार्जन गरी प्रयोग गर्न सकिनेछ । | |
| अनुसूची २६ को उद्देश्य | बृहत् विद्यालय सुरक्षामा सहयोग गर्ने निकायहरूको अभिलेखीकरण गर्न ढाँचा प्रदान गर्ने । |
| जिम्मेवारी | बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षकल सूची तयारी गर्नुपर्छ । |
| समयावधि | सूचीलाई प्रत्येक वर्ष परीक्षण गरी अद्यावधिक गर्नुपर्छ । |
| सन्दर्भस्रोत | विद्यालय सुधार योजनाको वार्षिक अद्यावधिकीकरण र विपद् पूर्वतयारीका लागि सन्दर्भसामग्रीलाई समपूरक प्रशिक्षण सामग्रीबाट उपयोग गर्न सकिन्छ (शिक्षा विभाग २०१६ख) । |

**टेबुल-क२६: बृहत् विद्यालय सुरक्षा साझेदार तथा सरोकारवालाको सूची**

| कार्यालय | | सम्पर्क व्यक्ति र पद | सम्पर्क नम्बर | स्थान तथा कसरी सम्पर्क गर्ने | कैफियत |
|---|---|---|---|---|---|
| **संस्थाहरू** | प्रहरी | | | | |
| | स्वास्थ्य संस्था | | | | |
| | स्थानीय सरकारको कार्यालय | | | | |
| | अग्नी नियन्त्रण विभाग | | | | |
| | रेडक्रस | | | | |
| **अन्य सम्बन्धित संस्थाहरू** | | | | | |

## अनुसूची २७ : विद्यालयको प्रशिक्षण आवश्यकता लेखाजोखा गर्ने मार्गदर्शन

| | |
|---|---|
| अनुसूची २७ को उद्देश्य | विद्यालयमा प्रशिक्षणका विषयवस्तु, पाठ्यक्रम र अभिमुखीकरणका लागि प्रशिक्षण आवश्यकता लेखाजोखा कसरी गर्न सकिन्छ भन्ने स्पष्ट पार्नु । |
| जिम्मेवारी | प्रशिक्षण लेखाजोखा प्रधानाध्यापक वा सहायक प्रधानाध्यापकले गर्नुपर्छ । |
| समयावधि | प्रक्षिण सञ्चालन गर्नुभन्दा छ साता पहिले |
| सर्न्दभस्रोत | विद्यालय सुधार योजना तर्जुमा कार्यविधि (शिक्षा विभाग २०१७ख) |

लेखाजोखाले तत्कालीन आवश्यकता, वर्तमान प्रतिबद्धता, प्रशिक्षण विधि र समय तथा लागत र प्रभावकारितालाई प्रतिबिम्बित गर्नुपर्छ ।

प्रशिक्षण (सकेसम्म प्रधानाध्यापक) ले शीघ्र प्रशिक्षण आवश्यकताको लेखाजोखा गर्न देहायका चरणमा काम गर्नुपर्छ :

- प्रशिक्षार्थीहरूलाई एउटै समूहमा आबद्ध गराउने,
- प्रत्येक प्रशिक्षार्थीलाई प्रशिक्षण आवश्यकताको महत्त्वबारे १० ओटा बुँदा लेख्न लगाउने,
- प्रशिक्षार्थीका लागि प्रशिक्षणको आवश्यकता पहिचान गर्न उनीहरूलाई देहायका सहयोग गर्ने :
    - विद्यालयको बृहत् विद्यालय सुरक्षा लक्ष्य र उद्देश्य आदानप्रदान गर्ने,
    - विगतका प्रशिक्षणबाट प्राप्त उपलब्धिबारे छलफल गर्ने,
    - सिप र प्रतिबद्धतामा देखिएका कमीकमजोरीबारे छलफल गर्ने,
    - उपयुक्त प्रशिक्षणविधि र प्रशिक्षण समयसम्बन्धमा छलफल गर्ने ।
- पहिचान भएका आवश्यकताको पुनरावलोकन गर्ने,
- समूह प्रशिक्षण आवश्यकतालाई प्राथमिकीकरण गर्न मत दिने,
- आवश्यकता पहिचानकालागि उपयुक्त सहभागी छनोट गर्ने,
- महत्त्वका आधारमा प्रशिक्षण आवश्यकताका सूची तयार गर्ने ।

# अनुसूची

# खण्ड ख

## स्थानीय सरकारका लागि बृहत् विद्यालय सुरक्षा कार्यविधि कार्यान्वयन मार्गदर्शन औजार

## अनुसूची २८ : स्थानीय सरकारका विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिको कार्य विवरण

| | |
|---|---|
| द्रष्टव्य : स्थानीय तहका आवश्यकता र अवस्थाअनुसार यस कार्य विवरणलाई स्थानीय सरकारले परिमार्जन गर्नसक्नेछ । | |
| कार्य विवरणको उद्देश्य | बृहत् विद्यालय सुरक्षाका सवाललाई दृष्टिगत गरी स्थानीय सरकारका विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिको भूमिका र जिम्मेवारीलाई आधिकारिकता प्रदान गर्नु । |
| पूर्वसर्त | प्रत्येक स्थानीय सरकारले अनिवार्य रूपमा विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्ति तोक्ने । |
| जिम्मेवारी | यस कार्य विवरणलाई अन्तिम रूप दिएर हस्ताक्षर गर्नु स्थानीय सरकारका कार्यकारी प्रमुखको जिम्मेवारी हुन्छ । |
| समयावधि | नियुक्तिका क्रममा कार्य विवरणमा हस्ताक्षर गर्नुपर्नेछ र यसलाई प्रत्येक वर्ष पुनरावलोकन गर्नुपर्ने छ । |
| विशेष द्रष्टव्य | विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिको भूमिका स्थानीय शिक्षा ऐन र नियममा नै सुनिश्चित गर्नुपर्छ । |
| सन्दर्भस्रोत | स्थानीय सरकार सञ्चालन ऐन, २०७५ (सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०१७) र स्थानीय विपद् तथा जलवायु उत्थानशील याजना तर्जुमा कार्यविधि, २०७४ (सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०१८) । |

**विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिको भूमिका र जिम्मेवारी**

१. विद्यालयमा आधारित बृहत् विद्यालय सुरक्षा र समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणसम्बन्धी क्रियाकलापको पहिचान, योजना तर्जुमा र कार्यान्वयनमा स्थानीय सरकारको प्रतिनिधित्त्व गरी स्थानीय सरकारको सम्पर्क व्यक्तिका रूपमा कार्य गर्ने,

२. शिक्षा समितिको सदस्य सचिवका रूपमा काम गर्ने,

३. स्थानीय विद्यालयहरूको स्थान, शैक्षिक तह, विद्यार्थीको सङ्ख्या, बृहत् विद्यालय सुरक्षा कार्ययोजनासहित विद्यालय सुधार योजनाको अवस्था, लोखाजोखाका आधारमा देखिएको विद्यालयको जोखिमको तह (न्यून/मध्यम/उच्च), विद्यालयले चाहेको सहयोग, गरिएको सहयोग, बजेट विनियोजन, प्रशिक्षित वा अप्रशिक्षित सम्पर्क शिक्षकहरूसहितको विवरण स्पष्ट हुने एकीकृत अभिलेख राख्ने,

४. बृहत् विद्यालय सुरक्षासम्बन्धमा स्थानीय सरकारलाई अभिमुखीकरण गर्ने,

५. सबै विद्यालयमा बृहत् विद्यालय सुरक्षा कार्यलाई प्रभावकारी बनाउन सहयोगका साथै अनुगमन तथा मूल्याङ्कनका लागि वार्षिक योजना बनाउने,

६. विद्यालय परिवार र समुदायबिच हुने अन्तरक्रियामा सहभागी हुने,

७. विद्यालयको संरचनात्मक लेखाजोखा, निर्माण डिजाइन, लागत अनुमान, अनुगमन र गुणस्तर सुनिश्चिततासहित विद्यालयको जोखिम अल्पीकरणका कार्यका लागि इन्जिनियरसँग समन्वय र सहकार्य गर्ने,

८. स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बृहत् विद्यालय सुरक्षालाई समायोजन गर्ने,

९. सबै प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका सदस्यको पूरा सम्पर्क विवरण अद्यावधिक गर्ने,

१०. स्थानीय सरकारद्वारा आपत्कालीन समयको शिक्षाका लागि राखिएका आवश्यक सामग्री र साधनको सूची र पूर्वभण्डारण अवस्थालाई अद्यावधिक गर्ने,

११. स्थानीय तहमा कार्यरत सहयोगी निकायहरूको सम्पर्क विवरण र सहयोगको विवरणसहितको सूची अद्यावधिक गर्ने,

१२. बृहत् विद्यालय सुरक्षा वार्षिक प्रतिवेदन तयार गरी स्थानीय सरकारको शिक्षा व्यवस्थापन सूचनाप्रणालीमा प्रविष्ट गराउने,

१३. बृहत् विद्यालय सुरक्षासम्बन्धी नियमित प्रतिवेदन प्रादेशिक र सङ्घीय सरकारलाई बुझाउने गरी सम्पर्क व्यक्तिका रूपमा काम गर्ने,

१४. विद्यालय शान्ति क्षेत्रसम्बन्धी स्थानीय सरकारको घोषणापत्र तयारी, हस्ताक्षर र सार्वजनिक गर्ने कार्यमा नेतृत्त्वदायी भूमिका निर्वाह गर्ने,

१५. सबै विद्यालयमा बाल संरक्षणको संवर्धन र प्रवर्द्धन सम्बन्धी कार्यका अनुगमन गर्ने ।

| **कार्यकारी अधिकृत** | **विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्ति** |
|---|---|
| **नाम :** | **नाम :** |
| **हस्ताक्षर :** | **हस्ताक्षर :** |
| **मिति :** | **मिति :** |

## अनुसूची २९ : बृहत् विद्यालय सुरक्षाका सम्बन्धमा स्थानीय सरकारका प्रतिनिधिलाई अभिमुखीकरण मार्गदर्शन

| द्रष्टव्य : प्रशिक्षणका क्रममा स्थानीय तहको परिवेश र आवश्यकताअनुरूप विशिष्टीकरण गर्न सकिनेछ । | |
|---|---|
| अनुसूची २९ को उद्देश्य | बहत् विद्यालय सुरक्षाका सम्बन्धमा स्थानीय सरकारका प्रतिनिधिलाई अभिमुखीकरण गर्ने विषयवस्तुबारे जानकारी दिनु (तलका टेबुलमा हेर्नुहोस्) । |
| अभिमुखीकरणको उद्देश्य | स्थानीय सरकारका सम्बन्धित व्यक्तिहरूलाई बृहत् विद्यालय सुरक्षाका सम्बन्धमा सचेतीकरण गर्नु र उनीहरूलाई विद्यालयमा बृहत् विद्यालय सुरक्षाका लागि सहयोग गर्न सक्षम प्रदान गर्नु । |
| जिम्मेवारी | अभिमुखीकरण कार्यक्रम स्थानीय सरकारका कायकारी अधिकृतल आयाजना गर्नेछन् । |
| स्रोतव्यक्ति | स्थानीय तहमा रहेका वा प्रादेशिक वा सङ्घीय सरकारमा रहेका प्रशिक्षित प्रशिक्षक वा बाह्य प्रशिक्षकहरू |
| सहभागी | स्थानीय सरकारका शिक्षासँग सम्बन्धित सदस्य, स्थानीय विपद् तथा जलवायु समितिका सदस्य, शिक्षा अधिकारी, शिक्षा स्रोतव्यक्ति, विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क व्यक्तिहरू |
| समय | एक दिन |
| लागत | अभिमुखीकरणका लागि आवश्यक पर्ने बजेट विनियोजन स्थानीय सरकारका विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिले गर्नेछन् । |

| एक दिन अभिमुखीकरण : स्थानीय सरकारका बृहत् विद्यालय सुरक्षा समूहका लागि | | | |
|---|---|---|---|
| सत्र १ | सत्र २ | सत्र ३ | सत्र ४ |
| दर्ता, स्वागत र प्रशिक्षण प्रारम्भ<br>१. सहभागीबिच परिचय<br>● प्रशिक्षणको उद्देश्य<br>● नेपालमा विपद् जोखिम न्यूनीकरणका अवस्थाबारे जानकारी<br>● नीतिगत व्यवस्थाको समग्र अवस्था | कार्यविधि कार्यान्वयनमा विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिको भूमिका तथा जिम्मेवारी<br>● स्थानीय सरकारका विपद् जोखिम न्यूनीकरण - बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिको भूमिका र जिम्मेवारी<br>● स्थानीय सरकारका तहमा बृहत् विद्यालय सुरक्षा कार्यविधिको कार्यान्वयन<br>● विद्यालय तहमा बृहत् विद्यालय सुरक्षा कार्यविधिका कार्यान्वयन (विद्यालय व्यवस्थापन समितिका बृहत् विद्यालय सुरक्षा सम्पर्क सदस्य, बृहत् विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क व्यक्तिको सन्दर्भमा)<br>● प्रादेशिक र सङ्घीय तहमा कार्यविधिका कार्यान्वयन<br>● स्थानीय सरकारको बाल संरक्षणबारे दृष्टिकोण, र विद्यालय शान्ति क्षेत्रसम्बन्धी प्रतिबद्धता<br>● बृहत् विद्यालय सुरक्षाका सम्बन्धमा प्रधानाध्यापक, शिक्षकहरू र विद्यालय व्यवस्थापन समितिका क्षमता अभिवृद्धि<br>● आपत्कालीन समयमा शिक्षा<br>● आपत्कालीन समयमा शिक्षाका लागि पूर्वतयारी र सामग्रीको बन्दोबस्ती | शिक्षा ऐन र नियम, समन्वय संयन्त्र र स्रोतको विनियोजन<br>● स्थानीय सरकारको नियममा बृहत् विद्यालय सुरक्षा समायोजन<br>● विपद् प्रतिकार्यका लागि समन्वय संयन्त्र र स्रोतको सशक्त उपयोग (उपयुक्त संयन्त्र स्थापना प्रक्रिया)<br>● बृहत् विद्यालय सुरक्षाका लागि स्रोतको विनियोजन (विद्यालयको सङ्कटासन्नताका आधारमा प्राविधिक र आर्थिक सहयोगका लागि प्राथमिकता प्राप्त क्रियाकलाप) | शैक्षिक पाठ्यक्रममा बृहत् विद्यालय सुरक्षा, बाल संरक्षण, विपद् तथा जलवायु उत्थानशीलता मूलप्रवाहीकरण र पूर्वतयारी<br>● पाठ्यक्रममा स्थानीय रूपमा सुहाउँदो बृहत् विद्यालय सुरक्षा, जलवायु परिवर्तन, उत्थानशीलता र बाल संरक्षणका सवाल<br>● विपद् प्रतिकार्यका लागि स्थानीय सरकारको पूर्वतयारी<br>● जनचेतना अभिवृद्धिका लागि विद्यालय परिवार र समुदायबिच हुने अन्तरक्रिया र कृत्रिम घटना अभ्यासमा सहभागिता<br>● प्रशिक्षण सत्रका मूल्याङ्कन<br>● समापन |

## अनुसूची ३० : प्रशिक्षकका लागि प्रशिक्षण कार्यक्रमका केही विषयवस्तुको नमुना

| | |
|---|---|
| द्रष्टव्य : प्रशिक्षणका क्रममा स्थानीय तहको परिवेश र आवश्यकताअनुरूप विशिष्टीकरण गर्न सकिनेछ । | |
| अनुसूची ३० को उद्देश्य | सबै विद्यालयमा क्षमता, ज्ञान र सिपको विकासद्वारा विद्यालयको लेखाजोखा, बृहत् विद्यालय सुरक्षा क्रियाकलापको योजना तयारी र कार्यान्वयन गर्नसक्ने दक्ष प्रशिक्षकको समूह तयार गर्नु । |
| अभिमुखीकरणको उद्देश्य | निश्चित भौगोलिक क्षेत्रभित्रका विद्यालयहरूका अधिकारीहरूलाई एकै स्थानमा सहभागी गराई प्रशिक्षण दिनु । |
| जिम्मेवारी | प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने दायित्त्व स्थानीय सरकारका बृहत् विद्यालय सुरक्षा/विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्तिको हुनेछ । |
| स्रोतव्यक्ति | यस विषयमा प्रशिक्षित स्थानीय तह वा प्रादेशिक र सङ्घीय सरकारका व्यक्ति वा बाह्य प्रशिक्षक । |
| सहभागी | प्रत्येक विद्यालयबाट पाँचजना प्रतिनिधि (प्रधानाध्यापक, बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षक, लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र विद्यालय व्यवस्थापन समितिका बृहत् विद्यालय सुरक्षा/विपद् जोखिम न्यूनीकरण सम्पर्क सदस्य) |
| समय | दुई दिन |
| लागत | यस कार्यक्रमका लागि स्थानीय सरकारका विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिले स्रोतका विनियोजन गर्नेछन् । |


| विद्यालयका प्रमुख व्यक्तिहरूका निमित्त प्रशिक्षकका लागि प्रशिक्षण | | | |
|---|---|---|---|
| दिन - एक | | | |
| **सत्र १** | **सत्र २** | **सत्र ३** | **सत्र ४** |
| दर्ता, उद्घाटन तथा स्वागत, सहभागीबिच परिचय, प्रशिक्षणको उद्देश्य, सहभागीको अपेक्षा र प्रशिक्षणका आधारभूत नियम निर्धारण<br><br>विपद् जोखिम न्यूनीकरणको परिचय, नेपालको अवस्था,<br><br>विपद् जोखिम न्यूनीकरणमा नेपालको अवस्थाबारे साधारण परिस्थिति<br><br>नेपालको नीतिगत व्यवस्थाबारे सङ्क्षिप्त परिचय :<br>● विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४<br>● सुरक्षित विद्यालय नीति<br>● उपयुक्त अन्तर्राष्ट्रिय नीतिगत व्यवस्था<br>● विद्यालय सुधार योजना कार्यविधि<br>● विपद् जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना, २०७५<br>● विद्यालय क्षेत्र विकास योजना<br>● बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज, २०७५<br>● बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५<br>● विद्यालय सुधार योजनाको सन्दर्भ, यसको प्रक्रिया, वार्षिक शैक्षिक पात्रो र बृहत् विद्यालय सुरक्षा समायोजन | विभिन्न व्यक्तिको भूमिका र जिम्मेवारी सम्बन्धमा आधारभूत जानकारी :<br>● स्थानीय सरकारको भूमिका (निर्वाचित प्रतिनिधि, स्थानीय सरकारको बृहत् विद्यालय सुरक्षा सम्पर्कव्यक्ति, इन्जिनियर, प्राविधिक)<br>● विद्यालय विपद् व्यवस्थापन समिति र सम्पर्क सदस्यको भूमिका र जिम्मेवारी<br>● विद्यालयका बृहत् विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क व्यक्ति | शिक्षा ऐन, नियम, स्रोत विनियोजन र शैक्षिक पाठ्यक्रममा बृहत् विद्यालय सुरक्षा समायोजना<br>● स्थानीय सरकारको शिक्षा नियममा समावेश गर्ने<br>● बृहत् विद्यालय सुरक्षाका लागि स्रोतको विनियोजन (लेखाजोखाबाट प्राप्त नतिजाका आधारमा भएको स्तरीकरणलाई आधार मानेर)<br>● बृहत् विद्यालय सुरक्षा, जलवायु परिवर्तन र उत्थानशीलता र बाल संरक्षणका विषयलाई पाठ्यक्रममा राख्ने । | बाल संरक्षणको तर्कसङ्गत लेखाजोखा, क्षमता विकास योजना र आपत्कालीन समयमा शिक्षा तथा जनचेतना अभिवृद्धि<br>● स्थानीय सरकारबाट प्रतिबद्धता जनाइएको बाल संरक्षण, विद्यालय शान्ति क्षेत्रसम्बन्धी तर्कसङ्गत अवस्था,<br>● बृहत् विद्यालय सुरक्षाका लागि प्रधानाध्यापक, शिक्षक र विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि<br>● आपत्कालीन समयमा शिक्षाको अवधारणा र यसका लागि पूर्वतयारी तथा सामग्री भण्डारण<br>● कृत्रिम घटना अभ्यासका विधि र सामुदायिक जनचेतना अभिवृद्धि, समुदाय, विद्यालय परिवार |

| दिन - दुई | | | |
|---|---|---|---|
| **सत्र १** | **सत्र २** | **सत्र ३** | **सत्र ४** |
| विद्यालय सुधार योजना तयारी तथा कार्यान्वयन<br><br>● विद्यालय सुधार योजना तयारी (कार्यान्वयन कार्यविधिका अनुसूचीसँग सम्बन्धित विषयको सम्बन्धका आधारमा सम्बोधन गर्ने)<br>● विद्यालय सुधार योजनाको कार्यान्वयन (सरोकारवालाको भूमिका तथा जिम्मेवारीसँगको सम्बन्ध, अनुगमन, प्रगतिको अभिलेखीकरणका विषयका सम्बन्धलाई हेर्ने)। | स्थानीय तहको योजना तर्जुमा प्रक्रिया र विद्यालय सुधार योजनाबिचको सम्बन्ध<br><br>● प्रतिवेदनको महत्त्व, विद्यालय तहमा तथ्याङ्क व्यवस्थापन र अभिलेखीकरण<br>● स्थानीय सरकारलाई प्रतिवेदन बुझाउने कार्य<br>● लैङ्गिक समानता, बाल र अपाङ्गता सम्बन्धी विस्तृत तथ्याङ्क तयारी र व्यवस्थापन<br>● स्थानीय तहको विकास प्रक्रियासँग विद्यालय सुधार योजनाको सम्बन्ध<br>○ योजना तर्जुमा प्रक्रिया | समन्वय तथा सहकार्य प्रणाली<br><br>● स्थानीय सरकारसँग समन्वय र सहकार्य प्रणालीको स्थापना (प्राविधिक, आर्थिक सहयोग, योजना तर्जुमा प्रक्रियालाई विद्यालय सुधार योजनामा प्रतिबिम्बित गराउने, अनुगमन भ्रमणका विधि र प्रक्रिया)<br>● स्वास्थ्य सुविधा प्रदायक, रेडक्रस, नेपाल प्रहरी, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैह्रसरकारी संस्था, निजी क्षेत्रजस्ता स्थानीय साझेदारसँग समन्वय (विपद् प्रतिकार्य र स्रोत व्यवस्थापनमा तरलताका विषयसमेत)।<br>● अभिभावकसँगको समन्वय (समुदायमा जनचेतना अभिवृद्धि, विद्यालय समुदायको एक अभिन्न अङ्ग। बृहत् विद्यालय सुरक्षा, उत्थानशीलता तथा बाल संरक्षणसँग सम्बन्ध)। | प्रकोप, सङ्कटासन्नता र क्षमता लेखाजोखा औजार, बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिको कार्यान्वयन एवम् प्रशिक्षणको मूल्याङ्कन र समापन<br><br>● प्रकोप, सङ्कटासन्नता र क्षमता लेखाजोखा औजारको अवधारणा र बहुप्रकोप जोखिम लेखाजोखा<br>● केही औजारको प्रयोगात्मक अभ्यास :<br>(क) सङ्कटासन्नता र जोखिम नक्साङ्कन<br>(ख) रोटीचित्रका माध्यमबाट क्षमता मापन<br>(ग) स्रोत मापन<br>(घ) प्रकोपको ऐतिहासिक समयरेखा र स्तरीकरण<br>(ङ) वार्षिक प्रकोप पात्रो।<br>● प्रत्येक सदस्यको कार्य जिम्मेवारी बाँडफाँडसहित बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि कार्यान्वयनका लागि कार्ययोजना तयारी<br>● प्रगतिको अभिलेखीकरण प्रक्रिया र तौरतरिका<br>● प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन र समापन। |

## अनुसूची ३१: स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बृहत् विद्यालय सुरक्षा योजना तयारीको समायोजनको विधि

स्थानीय सरकारको योजनाभित्र बृहत् विद्यालय सुरक्षा क्रियाकलाप समायोजना प्रणाली

| | |
|---|---|
| चित्र (Flowchart) को उद्देश्य | बृहत् विद्यालय सुरक्षा क्रियाकलाप तर्जुमा प्रक्रियालाई स्थानीय सरकारको योजना तर्जुमा कार्यढाँचामा समायोजन गर्नु |



## अनुसूची ३२ : विपद् प्रतिकार्यका लागि स्थानीय सरकारको कार्यसञ्चाल विधिमा समावेश हुनुपर्ने मुख्य विषयसूची

| द्रष्टव्य : स्थानीय परिवेश र आवश्यकताअनुसार थप गर्नुपर्ने विषय पहिचान भएमा थप गर्न सकिनेछ। | |
|---|---|
| विषयसूचीको उद्देश्य | विपद्को परेमा बृहत् विद्यालय सुरक्षाअन्तर्गत प्रतिकार्यका लागि स्थानीय सरकारका भूमिका तथा जिम्मेवारी पहिचान गर्नु। |
| विषयसूचीका प्रयोग कसरी गर्न | विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिले यो जिम्मेवारी पूरा गर्ने। |
| समयावधि | यस प्रक्रियालाई विपद् जोखिम न्यूनीकरण-बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिले समय समयमा अद्यावधिक गर्ने। |
| सन्दर्भस्रोत | (हेर्नुहोस् अनुसूची १९) विद्यालय विपद् प्रतिकार्यका लागि आधारभूत कार्यप्रक्रिया। |

**प्रयोगकर्ताका लागि सुझाव**

- स्थानीय विपद् व्यवस्थापन समिति र कार्यदल तथा बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिलाई तत्कालै परिचालन गर्ने,
- सुरक्षा निकायलाई सूचना दिने,
- खोज तथा उद्धार कार्यदललाई परिचालन गर्ने,
- क्षति तथा आवश्यकता लेखाजोखा गर्ने,
- शिक्षा सामग्री, मसलन्दजस्ता पूर्वभण्डारण गरिएका सामग्रीको वितरण र अस्थायी सिकाइ केन्द्रको स्थापना गरी विद्यालय सञ्चालन गर्न सहयोग गर्ने,
- प्राथमिक उपचार सामग्री, खाने पानी सरसफाइ तथा स्वच्छता प्रवर्द्धन सुविधा पुनर्स्थापन गर्न सहयोग गर्ने,
- विद्यालयलाई अस्थायी आवास बनाउन नदिन पहिले नै पहिचान भएको ठाउँमा अस्थायी आवासको व्यवस्था मिलाउने।

## अनुसूची ३३ : स्थानीय सरकारले राख्ने स्थानीय साझेदारको सूचीको ढाँचा

| | |
|---|---|
| द्रष्टव्य : यसमा स्थानीय अवस्था र आवश्यकताअनुसार थप गर्न वा मिलाउन सकिनेछ । | |
| उद्देश्य | स्थानीय सरकारलाई बृहत् विद्यालय सुरक्षा र विपद् जाखिम न्यूनीकरणमा सघाउने निकायहरू वा सम्पर्क व्यक्तिको सूची निर्माण गर्न । |
| जिम्मेवारी | विपद् जोखिम न्यूनीकरण वा बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिले सूची तयारी र अद्यावधिक गर्ने । |
| समयावधि | सूचीका परीक्षण र पुनरावलोकन गरी वार्षिक रूपमा अद्यावधिक गर्ने । |
| सन्दर्भस्रोत | विद्यालय सुधार योजनाको वार्षिक पुनरावलोकन र विपद् पूर्वतयारीका लागि स्वीकृत प्रशिक्षण पुस्तक (शिक्षा विभाग-२०१६ख)<br>(हेर्नुहोस् अनुसूची २६: बृहत् विद्यालय सुरक्षा साझेदार र सरोकारवालाहरूको सूचीका ढाँचा) |

| संस्थाहरू | | सम्पर्क व्यक्ति, नाम र पद | सम्पर्क नम्बर | स्थान, कसरी पुग्ने | कैफियत |
|---|---|---|---|---|---|
| संस्थाहरू | प्रहरी | | | | |
| | स्वास्थ्य संस्था | | | | |
| | स्थानीय सरकारको कार्यालय | | | | |
| | आगलागी नियन्त्रण विभाग | | | | |
| | रेडक्रस | | | | |
| | जिल्ला विपद् व्यवस्थापन समिति | | | | |
| | शिक्षा विकास तथा समन्वय इकाई | | | | |
| अन्य उपयुक्त संस्थाहरू | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची ३४ : स्थानीय सरकारले कम्तीमा पनि पूर्वभण्डारण गर्नुपर्ने सामग्रीको सूची

| | |
|---|---|
| द्रष्टव्य : स्थानीय आवश्यकता र परिवेशअनुसार प्रशिक्षणका लागि आवश्यक पर्ने अन्य सामग्री थप गर्न वा बढी भएमा हटाउन सकिनेछ । | |
| उद्देश्य | आपत्कालीन समयका लागि स्थानीय सरकारले विपद्का समयमा प्रतिकार्यका निमित्त सामग्री तत्काल आपूर्ति गर्न सक्नेगरी आफ्नो कार्यालयमा भण्डारण गर्ने । |
| जिम्मेवारी | विपद् जोखिम न्यूनीकरण वा बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्तिले भण्डारस्थल र सामग्रीको व्यवस्थापन गर्नुपर्छ । |
| सन्दर्भसामग्री | विद्यालय सुधार योजनाको वार्षिक पुनरावलोकन र विपद् पूर्वतयारीका लागि स्वीकृत प्रशिक्षण पुस्तक (शिक्षा विभाग-२०१६ख)<br>(हेर्नुहोस् अनुसूची २६: बृहत् विद्यालय सुरक्षा साझेदार र सरोकारवालाहरूको सूचीको ढाँचा) |

- पाठ्यपुस्तक (Text books)

- चित्रात्मक पुस्तकहरू (Drawing books)
- खेल बोर्ड (Board game)
- हेल्मेट (Helmet)
- आगलागी प्रतिरोधी हेल्मेट (Firefighting helmet)
- उद्धार ज्याकेट (Rescue vest)
- रबरको डुङ्गा (Rubber boot)
- आगामा लगाउने बुट (Fire boot)
- पञ्जा (Gloves)
- चस्मा (Goggles)
- बहु उपयोगी चक्कु (Multipurpose knife)
- घुँडामा लगाउने प्याड (Knee pad)
- कुहिनामा लगाउने प्याड (Elbow pad)
- मास्क (Mask)
- ड्रम (Drum)
- चक्कावाल ठेला (Wheelbarrow)
- पेट्रोल (Petrol)
- छ किलोको आगो निभाउने यन्त्र (Fire extinguisher 6 kg)
- बाल्टिन (Bucket)
- नलच्किने बलियो डोरी (Static rope)
- आगो प्रतिरोधी डोरी (Fire rope)
- फरुवा वा कोदालो (Hoe)
- हुक भएको डोरी (Carabineer)
- आठ ओटा हुक भएको डोरी (Figure 8 carabineer)
- शरीर बाँध्ने फिता (Sheet Harness)
- कुटो (Pick)
- बञ्चरो (Fire axe)
- कपी (Copy)
- कलम (Pen)
- पेन्सिल (Pencils)
- इरेजर (Erasers)
- रङ्गीन पेन्सिल (Crayons)
- कार्यसूची (Schedule)
- हाते पुस्तक (Manual)
- साइरन (Siren)
- प्राथमिक उपचार बक्स (First Aid Kit)
- स्ट्रेचर (Stretcher)
- भऱ्याङ (Ladder)
- बाँस वा दाउरा (Bamboo/wood)
- कार्टुन बक्स (Carton box)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार